# रातो खबर

Ratokhabar weekly

साप्ताहिक

वर्ष ५, अङ्क २५, पूर्णाङ्क २२० | २०७६ पुस २ गते बुधवार | Wednesday, 18 Dec 2019 | www.eratokhabar.com | मूल्य रु. १०


## सीमा अतिक्रमणविरोधी कार्यक्रममा प्रहरी हस्तक्षेप

■ रातो खबर संवाददाता/काठमाडौं

भारतले नेपालको भूमि अतिक्रमण गरेको विरोधमा नेपाल कम्युनिस्ट पार्टी निकट विभिन्न जनवर्गीय सङ्गठनहरूले संयुक्त रूपमा आयोजना गरेको प्रदर्शनमा प्रहरीले हस्तक्षेप गरेको छ। काठमाडौंको ढल्कुमा सोमबार जनवर्गीय सङ्गठनहरूको संयुक्त मोर्चाले प्रदर्शन गर्ने तयारी गरिरहेका बेला प्रहरीले हस्तक्षेप गरी ८ जनालाई गिरफ्तार गरेको हो।

कार्यक्रमबाट ८ जना गिरफ्तार भएको र तीमध्ये ६ जनालाई सोह्रखुट्टे प्रहरी वृत्त र २ जनालाई न्युरोडस्थित जनसेवाको हिरासतमा राखिएको जानकारी प्राप्त भएको छ। भारतले आफ्नो नयाँ नक्सामा नेपाली भूमि कालापानी, लिपुलेक ... बाँकी पृष्ठ ७ मा

# पेन्डिङमा सीमा अतिक्रमण समस्या

■ रातो खबर संवाददाता/काठमाडौं

केपी वली सरकारले प्रमको विशेष राजनीतिक दूतका रूपमा माधवकुमार नेपाललाई दिल्ली पठाउन लागेको चर्चाले एकाएक बजार ततायो। त्यस विषयमा कात्तिक २५ गते बालुवाटारमा प्रम वली र पूर्वप्रम नेपालका बीचमा छलफल भएको थियो। त्यसको लगत्तै नेपालले भारतीय राजदूत मन्जिलसँग प्रारम्भिक छलफलसमेत गरे। उक्त भेटमा नेपालका लागि भारतीय राजदूत मन्जिलसँग आफू कार्यकाल सकेर स्वदेश फर्किन लागेको कारण देखाउँदै टार्ने प्रयास गरेका थिए। कालापानी, लिम्पियाधुरा र लिपुलेक सीमा अतिक्रमणका विषयमा छलफल गर्न प्रधानमन्त्री स्तरमा नै पत्राचार गर्नुपर्ने भए पनि राजदूत मन्जिलले सहजीकरण गर्लान् भन्ने अपेक्षाले नेपालले काठमाडौंस्थित भारतीय राजदूतलाई भेटेका थिए। त्यो समाचार 'मिडिया खपत' भयो तर औपचारिक रूपमा सिन्को भाँचिएको छैन। त्यसैबीच नेपालका लागि पूर्वभारतीय राजदूत श्याम शरणले 'कालापानी मुद्दालाई राजनीतीकरण गरे राम्रो नहुने' धम्की दिए। उनले भारतमा रहेका भनिएका ८० लाख नेपालीको भविष्य जोखिममा पर्ने धम्की पनि दिए। सीमा विवादलाई लिएर दुई देशबीच छलफल भएमा विश्वस्तरमा बहस उठ्ने, नेपाली





जनताको देशभक्तिको आन्दोलनले वाणी पाउने र नेपाली जनता उत्साहित हुनसक्ने ठानेर भारतीय पक्षले धम्की दियो। त्यसपछि 'विशेष दूत' चर्चा पानीको फोकोझैं हरायो र सचिवस्तरीय छलफलको समाचार उत्पादन गर्न थालियो। सुस्ताको समस्या त सचिवस्तरीय प्राविधिक समितिले थाती राखेर राजनीतिक तहबाट गर्नुपर्छ भनिरहेको स्थितिमा पछिल्लो जटिल समस्यालाई प्राविधिक र गैरराजनीतिक क्षेत्रलाई सुम्पनु भनेको समस्यालाई मुल्तबीमा छोड्नु नै हो।

सरकार र सत्तारूढ नेताहरूले कालापानी, लिम्पियाधुरा र लिपुलेक समस्या पुरानै दशकौंको समस्या हो भनेर सामान्यीकरण गर्न खोज्नुले उनीहरूको राष्ट्रघाती, दलाल चरित्र र मातृघाती गैरजिम्मेवार चरित्र प्रकट हुन्छ। कालापानीमा सन् १९६२ (वि.सं. २०१९) देखि अतिक्रमण हुँदै आएको हो। त्यही कारण नेपाल र भारतका बीचमा सीमा सम्झौता भएको छैन जब कि चीनसँग दशकौं वर्षअगाडि नै सीमा सम्झौता भइसकेको छ। यो समस्या नयाँ किन हो भने भारतले यसअघि अतिक्रमण मात्र गरेको थियो भने अहिले आफ्नो देशको नक्साभित्र औपचारिक रूपमा पारेर फौजी रूपले कब्जा गरेको छ। यसअघि उक्त भूभाग भारतले आफ्नो देशको नक्साभित्र पारेको थिएन।

वली सरकारले देशको माटो रक्षार्थ सदनको बैठक बोलाउने, सदनमार्फत जनताको अभिमत र जनादेश लिने, राजनीतिक छलफलका लागि औपचारिक रूपले समय लिने, देशको भूभाग समेटेको नक्सा प्रयोगमा ल्याउने, देशको माटो रक्षाका लागि सबै उपायहरू बाँकी पृष्ठ ७ मा

## कसैलाई गिरफ्तार गरेर बेपत्ता पारेका छैनौं : नेकपा

■ रातो खबर संवाददाता/सेम

नेपाल कम्युनिस्ट पार्टी जिल्ला समिति दाङले प्रेस विज्ञप्ति जारी गर्दै पार्टीले कसैलाई पनि गिरफ्तार गरेर बेपत्ता नपारेको जनाएको छ। पार्टीका जिल्ला सेक्रेटरी रतनले विज्ञप्ति जारी गर्दै उक्त जानकारी दिएका हुन्।

उनको विज्ञप्तिमा भनिएको छ, 'यही २०७६ मङ्सिर २६ गते सेतोपाटी अनलाइनमा प्रकाशित सुराकी आरोपमा विप्लवले पति बेपत्ता पारेको भन्दै पत्नीले दिइन् प्रहरीमा निवेदन शीर्षक समाचारप्रति हाम्रो पार्टीको गम्भीर ध्यानाकर्षण भएको छ। २०७६ असोज २८ गते राजपुर गाउँपालिका मुझ्रेटाबाट सामाजिक दलाल सरकारद्वारा हाम्रो पार्टीका दुईजना केन्द्रीय सदस्यसहित २१ जनालाई बैठक स्थलबाट गिरफ्तार गरी हालसम्म जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखिएको छ। उक्त घटनासँग हाम्रो पार्टीले वीरबहादुर विकलाई घरबाट लगेर बेपत्ता पारेको भनी श्रीमती मीना विकले मानवअधिकारकर्मी, जिल्ला प्रहरी कार्यालय, पत्रकार महासङ्घ, बार एसोसिएसनलगायत संस्थाहरूमा दिएको निवेदनले हामीलाई आश्चर्यचकित तुल्याएको छ।'

विज्ञप्तिमा भनिएको ... बाँकी पृष्ठ ७ मा

## सीएमसीको शुल्क समायोजन झूट्टो
### चिकित्सा शिक्षा सङ्घर्ष समितिको चेतावनी

■ भीम प्रसाद चापागाई/काठमाडौं

चिकित्सा शिक्षा सङ्घर्ष समितिले चितवन मेडिकल कलेजको प्रशासनले शुल्क समायोजन सम्बन्धमा जारी गरेको ६ बुँदे सूचना झूट्टो भएको निष्कर्ष निकाल्दै मन्दविषरूपी षड्यन्त्र शुल्क समायोजनको सूचनाका नाममा आएको र त्यस सूचनाप्रति विद्यार्थी र चिकित्सा शिक्षा सङ्घर्ष समितिको गम्भीर ध्यानाकर्षण भएको भन्दै सशक्त सङ्घर्षमार्फत उक्त षड्यन्त्रको भण्डाफोर गर्ने र माफियालाई अझ नङ्ग्याउने चेतावनी दिएको छ।

समितिका संयोजक प्रकाश चन्द र प्रवक्ता नरेश भट्टले आइतबार प्रेसविज्ञप्ति जारी गरी यस्तो षड्यन्त्रलाई चिर्ने र माफियालाई नङ्ग्याउने सङ्घर्षलाई हिजोको भन्दा अझ बढी हौसला र जोसजाँगरसहित सहयोग गरिदिनुहुन विद्यार्थी, बुद्धिजीवी, नागरिक समाज, राजनीतिज्ञ, कलाकार, राष्ट्रसेवक कर्मचारी, देशभक्त र आमनेपाली जनतालाई हार्दिक अपिलसमेत गरेका छन्।

चन्द र भट्टद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'चिकित्सिा शिक्षामा भएको खुलेआम ठगी, आर्थिक अपराध, मेडिकल भ्रष्टाचार, गुन्डागर्दी र स्वास्थ्यकर्मीको श्रम शोषणका विरुद्ध चिकित्सा शिक्षा सङ्घर्ष समिति बनाएरै विद्यार्थी, नागरिक अगुवा, सामाजिक अभियन्ता, विभिन्न दलका राजनीतिज्ञले आन्दोलन गरेको ४ महिना हुँदै गर्दा सरकारले केही पहलकदमी गरेको भए पनि सरकारको यो कदमले मेडिकल माफियाहरू कानुनअनुसार ठगी र भ्रष्टाचारीका रूपमा कारबाहीको भागेदारी हुनेभन्दा पनि विद्यार्थी र अभिभावकलाई ठग्ने नयाँनयाँ षड्यन्त्रहरू लिएर आएका छन्। यता सरकार अझ बढी माफियाको मतियार बन्दै गएको छ। मेडिकल माफियाहरू कहिले विद्यार्थीलाई कुटपिट गर्छन् त कहिले बन्धक ... बाँकी पृष्ठ ५ मा

## राष्ट्रिय जागरण मञ्चद्वारा प्रधानमन्त्रीलाई ज्ञापन

■ रातोखबर संवाददाता/काठमाडौं

कालापानी-लिपुलेक अतिक्रमणबारे राष्ट्रिय जागरण मञ्चले प्रधानमन्त्री केपी वलीलाई ज्ञापनपत्र बुझाएको छ। भारतले आफ्नो नक्सामा पारेको नेपाली भूमि फिर्ताका लागि पहल गर्न मञ्चले सरकारसँग माग पनि गरेको छ।

राष्ट्रिय जागरण मञ्चका संयोजक गुणराज लोहनीले बिहीबार प्रधानमन्त्रीका मुख्य स्वकीय सचिव इन्द्र भण्डारीलाई ज्ञापनपत्र बुझाएका हुन्। प्रधानमन्त्री केपी शर्मा वली अस्वस्थताका कारण ज्ञापनपत्र बुझ्न आउन नसकेको जानकारी गराउँदै भण्डारीले ज्ञापनपत्र बुझेका थिए।

व्यापार गर्न भारत प्रवेश गरेको इस्ट इन्डिया कम्पनीले ५ सयभन्दा बढी राज्यमा विभक्त भारतमाथि साम्राज्यवादी पञ्जाले जकडेको अवस्थामा नेपाली वीर पुर्खाहरूले आधुनिक हतियार, षड्यन्त्रहरूलाई नाकाम बनाए पनि तत्कालीन नालायक शासकहरूका कमजोरीका कारण सन् १८१६ मा कपटपूर्ण सुगौली सन्धि भएपछि पूर्वमा टिस्टा र पश्चिममा काँगडासम्म, उत्तरमा तिब्बततर्फ टासिल्हुन्पोसम्म तन्किएको र दक्षिणमा घाघरा-गङ्गा तथा यमुना-गङ्गानदीको मैदानसम्म २,६७,५७५ वर्गकिलोमिटरमा फैलिएको नेपाल १,४७,१८१ वर्गकिलोमिटरमा खुम्चिन पुगेको ज्ञापनपत्रमा उल्लेख छ।

## भेडेटार-रवि-राँके सडक अलपत्र

■ रातोखबर संवाददाता/काठमाडौं

तीन वर्षमा निर्माणकार्य सम्पन्न गर्नुपर्ने गरी सम्झौता भएको भेडेटार-रवि-राँके सडक १ वर्ष समयावधि सकिँदा ६ प्रतिशत मात्र काम भएको छ। सम्झौताअनुसार १ वर्षमा ठेकेदार कम्पनीले २० प्रतिशत काम सकेको हुनुपर्थ्यो। ठेकेदारले पर्याप्त उपकरण र मजदुर खटाएको छैन। पहिलो चरणको ६ महिना त ठेकेदारका काका नाता पर्ने एकजना व्यक्ति उत्तरप्रदेशबाट चुनावमा उठेको भन्दै ठेकेदार चुनाव प्रसारमा लागेकाले निर्माणकार्य सुरु नै भएको थिएन। ठेकेदारले स्थानीय साना उपकरण मात्र प्रयोग गरेको र आफ्ना ठूला उपकरण नल्याएकाले बीचैमा भाग्न सक्ने आशङ्का स्थानीयको छ।

भारत लखनउमा केन्द्रीय कार्यालय रहेको 'एप्को इन्फ्रान्ट प्रा.लि.' ले कमिसनमा उक्त ठेक्का बिक्री गर्न ग्राहक खोजिरहेको सरकार निकट एकजना निर्माण व्यवसायी बताउँछन्। रवि-राँके, रवि-बुधबारे र बुधबारे-भेडेटार तीन खण्डमा विभाजन गरेर काम सुरु गरेको उक्त सडकले धनकुटा, मोरङ, पाँचथर र इलामका पहाडी भूभागलाई पूर्व-पश्चिम जोड्नेछ। सडकको लम्बाइ १ सय किमि रहेको छ। यो सडकले कोसीमार्ग र मेचीमार्गलाई जोड्नेछ। यो मार्ग बनेमा पूर्वपश्चिम राजमार्ग प्रयोग नगरी काठमाडौंबाट इलाम हुँदै दार्जिलिङ पुग्न सकिनेछ।

ठेकेदारको लापरबाहीबारे स्थानीयले गुनासो गरिरहेको बेला गत भदौमा ठेकेदारको फिल्ड कार्यालयमा तोडफोड र आगजनी भएको थियो। उक्त आक्रमणको जिम्मा भने कसैले लिएको छिन। कामको प्रगति मूल्याङ्कन हेर्दा भारतीय उक्त निर्माण कम्पनीले बदमासी गरेको सर्वसाधारणको बुझाइ छ।

## राष्ट्रियता बचाउन सडकमा निस्किएका स्रष्टाहरूमाथि प्रहरी दमन
### प्रहरी हस्तक्षेप चिर्दै ठाउँठाउँमा कविता वाचन

■ रातोखबर संवाददाता/काठमाडौं

काठमाडौं : भारतीय साम्राज्यवादले कालापनी, लिपुलेक, लिम्पियाधुरालगायत ७१ स्थानमा गेको हस्तक्षेपविरुद्ध सडकमा कविता लिएर निस्किएका स्रष्टाहरूमाथि प्रहरीले हस्तक्षेप गरेको छ। मार्क्सवादी स्रष्टाहरू बिहीबार संवाद डबलीमा कविता लिएर राष्ट्रियता रक्षाको माग गरिरहेका थिए तर प्रहरीले विप्लव नेकपाको कार्यक्रम भन्दै हस्तक्षेप गरेको थियो। हस्तक्षेप चिर्दै ओमप्रकाश कोइराला, नन्दु उप्रेती, चेतनाथ धमला, छायादत्त न्यौपाने बगर, रामबहादुर पहाडी, बाबुराम श्रेष्ठ, बैरागी जेठालगायत १८ स्रष्टाले देशभक्तिले ओतप्रोत सिर्जना वाचन गरेका थिए। कार्यक्रमको संयोजन संवाद डबलीले गरेको थियो।

कार्यक्रममा सांस्कृतिक आन्दोलनका अगुवा नरेन्द्रजङ्ग पिटरले राष्ट्रियता सङ्कटमा परेको र सरकार साम्राज्यवादको पिछलग्गु बनिरहेको समयमा मार्क्सवादी स्रष्टाहरूले देशभक्तिपूर्ण आन्दोलनको नेतृत्व गर्नुपर्ने बताएका थिए।

उता नेकपाको सांस्कृतिक मोर्चा अखिल नेपाल जनसांस्कृतिक महासङ्घ र त्यसको आङ्गिक सङ्गठन अखिल नेपाल लेखक सङ्घको आयोजनामा नेकपाको केन्द्रीय कार्यक्रमअनुसार प्रहरी दमन छल्दै डिल्लीबजारस्थित महाकवि लक्ष्मीप्रसाद देवकोटाको घर प्राङ्गणमा कविगोष्ठी सम्पन्न भएको छ।

कार्यक्रमको अध्यक्षता तथा सञ्चालन महासङ्घका केन्द्रीय सचिव तथा लेखक सङ्घका केन्द्रीय उपाध्यक्ष अशोक ... बाँकी पृष्ठ ७ मा

## चेनी डक्ट्रिन र एकीकृत जनक्रान्ति

देश/परिवेश

■ भरत बम 'रणवीर'



अहिलेको नेपालको कूटनीतिक क्षेत्रमा चर्चित शब्द 'रणनीति' लाई एकैछिन राष्ट्रिय राजनीतिसँग जोडेर हेरौं। अमेरिका र चीनसँगको सम्बन्धबाट सरकारी र विद्रोही कम्युनिस्ट सम्बन्धसँग जोडेर विश्लेषण गरौं। नेकपाको वली सरकारले अर्को नेकपामाथि 'चेनी डक्ट्रिन' को नयाँ रणनीति अवलम्बन गर्दै 'प्रतिबन्ध' लगायो। प्रतिबन्धपछि 'एकीकृत जनक्रान्ति' को नयाँ रणनीति अघि सारेको नेकपाको स्थिति के छ ? यी नयाँ रणननीतिक टक्करका व्यावहारिक परिणाम केकस्ता हुन् ? को कति प्रभावकारी बनेको छ ? एकले अर्कालाई कमजोर बनाएको दाबी र प्रतिदाबी हुन्। यी नयाँ रणनीतिक टक्करले देशको भविष्य कसरी निर्धारण गर्ला ? यिनै विषयमा सङ्क्षिप्त चर्चा गरौं।

चेनी डक्ट्रिन

'चेनी डक्ट्रिन' सन् २००३ को इराक युद्धताकाका अमेरिकी उपराष्ट्रपति रिचार्ड चेनी (डिक चेनी) सँग सम्बन्धित छ जसले समग्र अमेरिकी साम्राज्यवादी रणनीतिलाई व्यक्त गर्दछ। यो वार अफ च्वाइस (युद्धको रोजाइ) को नीति हो। तत्कालीन इराकसँग विनाशकारी हतियार रहेको भन्दै उसमाथि जबर्जस्ती युद्ध थोपरिएको थियो। यो बिनाप्रमाण, अनुमान र अमेरिका स्वयम्को योजनामा आधारित छ र यसले सानो जोखिमलाई देखाएर युद्धको औचित्यहीनता एवम् सम्भावित युद्धप्रभावबाट जनताको ध्यान मोडिदिन्छ। नेपालमा खपु (खड्गप्रसाद र पुष्पकमल दाहाल) सरकारले पनि त्यही 'चेनी डक्ट्रिन' पच्छ्याउँदै नेकपामाथि प्रतिबन्ध लगाएको हो। यसरी सरकार आफैं युद्धको रोजाइ (वार अफ च्वाइस) तिर गएको छ। एकातिर विप्लव नेतृत्वको नेकपाले युद्ध गर्न भनेको छैन, बरु एकीकृत जनक्रान्तिद्वारा अधुरो नेपाली क्रान्ति पूरा गर्ने भनेको छ भने अर्कोतिर एनसेलमाथिको कारबाही पनि स्पष्ट छ जसको निशाना मानिस थिएनन्, गल्तीले केही व्यक्तिको ज्यान गयो। जहाँसम्म अत्याधुनिक हतियार बरामदको प्रश्न छ, ती बेवारिसे हुन् जो पार्टीको आधिकारिक स्वीकारोक्तिबिना जबर्जस्ती भिराइएको छ। नेकपा आफू शान्तिप्रक्रियामै रहेको र शान्तिप्रक्रियाको समीक्षाको माग गरिरहेको छ। तर उसको मागलाई बेवास्ता गर्दै 'मरता तो क्या नही करता' को स्थितिमा पुऱ्याउँदैछ। अहिलेको सानो जोखिमलाई बढाइचढाइ गरेर युद्धको औचित्यहीनता एवम् सम्भावित दुष्प्रभाव र परिणामबाट ...बाँकी पृष्ठ ३ मा

## सम्पादकीय

# सरकारको खेदजनक कार्य

संस्कृत भाषामा एउटा भनाइ छ, 'विनाशकाले विपरीत बुद्धि ।' विनाश र सर्वनाश हुने समयमा उल्टो बुद्धि पलाउँछ रे । यति बेला केपी वली सरकारले न्यायपूर्ण आवाज उठाउने जनतामाथि निर्मम दमन गरेर आफ्नो उल्टो बुद्धि देखाइरहेको छ । आफू पनि राष्ट्रियताको रक्षा गर्न नसक्ने र रक्षाको माग राखेर सडकमा उत्रिएका देशभक्तहरूमाथि पनि दमन गर्ने कार्य एउटा देशभक्त वा राष्ट्रवादी सरकारले गर्न सक्दैन । नेपालका कालापानी, लिपुलेक, लिम्पियाधुरालगायत स्थान कब्जा गरेको भारतीय साम्राज्यवादी हस्तक्षेपविरुद्ध सडक सङ्घर्षमा उत्रिएका देशभक्त र क्रान्तिकारीहरूलाई दमन गरेर वली सरकारले आफूलाई दमनकारी मात्र होइन, राष्ट्रघाती नै साबित गरेको छ । उसले आफूलाई भारतीय साम्राज्यवादको हितविरुद्ध जानेछैन भन्ने प्रमाणित गरेर देखाउने धृष्टता गरेको छ । सर्वोच्च अदालतले राष्ट्रियता रक्षाको माग गर्दै सडकमा उत्रिएका जनतालाई हस्तक्षेप र दमन नगर भनी दिएको आदेशलाई पनि वली सरकारले लत्याएको छ । जनभावनाविपरीत वली सरकार देशभक्तहरूमाथि दमन र धरपकडमा उत्रिएको छ । यो भर्त्सनायोग्य कदम हो ।

यतिबेला सिङ्गो जनसमुदाय नेपालको राष्ट्रियता, राष्ट्रिय अस्मिता र सार्वभौमसत्ताको रक्षाको माग गर्दै सडक सङ्घर्षमा छ । मुलुकका देशभक्त, स्रष्टाहरू कालापानी, लिपुलेक, लिम्पियाधुरा हाम्रो हो, भारतीय सेना कालापानी छोड्लगायत भावका सिर्जना लिएर सडकमा कविता र गीत गाइरहेका छन् तर केपी वली सरकारलाई कविले सडकमा गाउने गीत र कविताँदेखि पनि डर लागेको छ । चोरको खुट्टा काट् भन्दा सबैभन्दा पहिले चोरले खुट्टा झिकेझैँ नेपालको राष्ट्रियता रक्षाको माग गर्दै सडकमा निस्किएका स्रष्टा, संस्कृतिकर्मी र कवि-साहित्यकारमाथि दमन गरेर वली सरकारले आफ्नु आयु खिइँदै र सकिँदै गएको सङ्केत गरेको छ । नेकपाले राष्ट्रियता रक्षाका लागि दोस्रो चरणको सडक सङ्घर्ष घोषणा गर्दा नेपालका देशभक्त, राष्ट्रवादी र क्रान्तिकारी मार्क्सवादी स्रष्टाहरू नेपालको राष्ट्रियता रक्षाका लागि विप्लव नेतृत्वको एउटै पार्टी मात्र भए पनि आन्दोलनमा छ भनेर खुसी भएका थिए । सङ्घर्षकै कार्यक्रमअनुसार २६ गते बिहीबार स्रष्टाहरू राष्ट्रियताको चेतले ओतप्रोत कविता र गीत लिएर कार्यक्रमस्थलमा पुगे तर स्रष्टाहरूको हातमा कविता देखेर अत्तालिएको वली सरकारले कविभन्दा पहिले नै प्रहरी तैनाथ गरिसकेको थियो । अखिल नेपाल जनसांस्कृतिक महासङ्घको संयोजनमा संवाद डबलीमा आयोजित कार्यक्रममा सबै देशभक्त कविहरू थिए तर प्रहरीले हाम्रो सूचीमा रहेका नेकपाका नेता र साहित्यकार-संस्कृतिकर्मीहरूलाई समातौँ भन्दै हस्तक्षेप गऱ्यो । केही स्रष्टाहरू गिरफ्तार भए । केही स्रष्टाले घेरा तोडे । झन्डै २० जनाको हाराहारीमा रहेका स्रष्टाहरूले आफ्नो देशको माटो र सार्वभौमसत्ताको रक्षाका पक्षमा, वली सरकारको राष्ट्रघातको विरोध गर्दै कविता वाचन गरे । प्रहरीदमन विफल पार्दै घेरा तोड्न सफल केही स्रष्टाले लक्ष्मीप्रसाद देवकोटाको घर प्राङ्गणमा पुगेर कविता वाचन गरे र देशभक्तहरूलाई राष्ट्रियताको आन्दोलनमा लामबद्ध हुन आह्वान गरे ।

एकातिर जनता राष्ट्रियता रक्षाको माग गर्दै आवाज घन्काइरहेका छन् । अर्कातिर देशविदेशमा रहेका नेपाली नागरिक भारतीय साम्राज्यवादी दूतावासहरूअघिल्तिर प्रदर्शन गरिरहेका छन् । नेपालबाटै भारतीय दूतावासमार्फत भारत सरकारलाई नेपाली भूमि फिर्ता गर्न मागसहित ज्ञापनपत्र बुझाइएको छ । क्रमशः भारतीय साम्राज्यवादले नेपाली भूमि अतिक्रमण गरेको विषय अन्तर्राष्ट्रियकरण बनिरहेको छ तर वली सरकार भने राष्ट्रियताको रक्षाको माग गर्ने, नेपाली भूमिबाट साम्राज्यवादी सेना फिर्ताको माग गर्ने, नेपालको सार्वभौमसत्ता रक्षाको माग गर्ने देशभक्त नेपालीहरूलाई गिरफ्तार गर्ने, दमन गर्ने, हिरासतमा कोचेर झुठ्ठा मुद्दा लगाउने निन्दनीय कार्य गरिरहेको छ । यो राष्ट्रघाती कदम खेदजनक छ । हामी यसप्रकारको दमनकारी नीति र राष्ट्रघाती कदमको तीव्र निन्दा र भर्त्सना गर्दछौँ ।

नेपालको राजनीतिक इतिहासमा संस्कृतिकर्मी-स्रष्टाहरूको विशेष योगदान छ । राष्ट्र, जनता र राष्ट्रियतामाथि सत्ताले चरम थिचोमिचो गरेपछि उनीहरू आआफ्ना सिर्जना लिएर सडकमै उत्रिने गरेका छन् । २००७ सालअघिका मकेको खेती भनौँ वा जनतन्त्र कविता, २०३६ सालको सडक विता आन्दोलन होस् वा २०४६ सालको आन्दोलनमा होस्, स्रष्टा र संस्कृतिकर्मीहरू सडकमा उत्रिएपछि सत्ता डगमगाएको थियो । जनयुद्ध अवधिभर त स्रष्टाहरूले विचार र सिर्जनाबाट मात्र नभएर सशरीर युद्धमा लामबद्ध हुनुपर्ने अवस्था आयो र झन्डै दुई सय स्रष्टा-संस्कृतिकर्मीले बलिदानको बाटो नै रोजे । २०६२-०६३ को सडक आन्दोलनमा पनि स्रष्टाहरूले विभिन्न आर्कमा जमेर सिर्जना वाचन गरे । जनमत तयार पारे । स्रष्टाहरूको सिर्जनामा विचारका साथै कला, भावना र संवेग हुन्छ । जनतालाई छिट्टै प्रभावित पार्छ । स्रष्टाहरू सडकमा उत्रिनु भनेको एक हिसाबले सत्ता र सरकारको दिनगन्ती सुरु हुनु हो भन्ने सङ्केत विगत आन्दोलनहरूमा स्रष्टाले सडकमा सिर्जना वाचन गरेपछि आन्दोलनले एउटा मोड लिएका घटनाहरूबाट प्रमाणित हुन्छ । २०६३ सालमा षड्यन्त्रपूर्वक आन्दोलन सम्झौतामा टुङ्ग्याइएपछि पनि स्रष्टाहरु जनगणतन्त्र र राष्ट्रियताका लागि सिर्जनाअभियान लिएर सडकसडकमा उत्रिए । सहिदहरु जन्माउने बस्तीसम्म पुगे र उक्त षड्यन्त्रको भण्डाफोर गर्दै जनक्रान्तिको वातावरण तयार पारे ।

यतिबेला स्रष्टाहरू फेरि सडकमा उत्रिएका छन् । स्रष्टाहरूले 'हामीलाई जागिर देऊ, जहान-छोराछोरीलाई लुगा हालिदेऊ र आफ्ना बालबच्चा स्कुल कलेजमा निःशुल्क पढाइदेऊ' भन्ने माग राखेका छैनन्, थिएनन् । देशको रक्षा गर । राष्ट्रियता जोगाऊ । आफ्नो मुलुकबाट साम्राज्यवादी सेना हटाऊ भन्ने सन्देश दिन एकत्रित भएका स्रष्टाहरूलाई विप्लव पार्टीका नेता र कार्यकर्ता देख्ने, प्रहरी खटाएर आतङ्कित पार्ने, दमन गर्ने, गिरफ्तार गर्ने र आयोजकहरूलाईसमेत धम्क्याउने कार्य फासिवादी कार्य हो । यसको जति निन्दा गरे पनि कमै हुन्छ । त्यसैले सरकारले सोचोस्- देशभक्तहरुलाई जिस्क्याउँदाको परिणाम कति भयानक हुन्छ !

### लेखकहरूलाई सूचना

१. समसामयिक विषयका लेखरचना Preeti font मा टाइप गरेर ratokhabar@gmail.com मा पठाउनुहोला
२. अन्य सञ्चारमाध्यममा प्रकाशित वा प्रकाशनार्थ पठाएका रचना रातो खबरमा प्रकाशित गरिनेछैन कुनै पुस्तकमा प्रकाशित रचना नपठाउनुहोला
३. १२ देखि १५ सय शब्द नबढाईकन रचना पठाउनु पर्नेछ अन्यथा छाँटकाट गर्न सकिनेछ
४. अप्रकाशित रचना फिर्ता गर्ने प्रावधान छैन
५. प्रकाशित रचनाको राजनीतिक, वैचारिक तथा वैयक्तिक जबाफदेही लेखकमै हुनेछ – रातो खबर साप्ताहिक

# सीमा अतिक्रमण र स्वाधीनताको प्रश्न


उदयबहादुर चलाउने 'दीपक'

*नेपाली भूमि वास्तवमा दिनदिनै मिचिइरहेको छ । भारतसँग सीमा जोडिएका जिल्लाहरूमा यसको कुनै लेखो छैन । कालापानी, लिम्पियाधुरा, लिपुलेक अतिक्रमित भएको दशकौँ बितिसकेको छ । आजभन्दा ५७ वर्षअघि राजा महेन्द्रका पालामा चीन र भारतबीच युद्धको निहुँ बनाएर कालापानीमा भारतले आफ्नो फौज उतारेको थियो । 'अस्थायी रूपले राखेको' भन्ने बहानामा राजाले त्यसप्रति मौनता साधे । त्यसका पछाडि उनको निरङ्कुश व्यवस्थालाई भारतले असहयोग नगरोस् भन्ने थियो । तर भारत भने त्यत्तिमै सीमित रहेन । सुरुमा कालापानी, त्यसपछि लिम्पियाधुरा र पछिल्लो चरणमा लिपुलेकसमेत हडप्यो ।*

नेपाली भूमि लिपुलेक, कालापानी र लिम्पियाधुरालाई राखेर भारतले आफ्नो नक्सा सार्वजनिक गरेपछि आमदेशभक्त नेपाली जनताले त्यसप्रति व्यापक विरोध गरेका छन् । संसद्को प्रमुख प्रतिपक्षी दल नेपाली काङ्ग्रेसलगायत नेपालका सबैजसो पार्टीहरू भारतीय व्यवहारको विरोधमा उत्रिएका छन् । सत्तासीन पार्टीकै कतिपय भ्रातृ सङ्गठनहरू र केही नेताहरूसमेत भारतीय बलमिच्याइँको विरोधकै लामबन्दीमा उभिएका छन् । सीमा अतिक्रमण र खासगरी नेपालप्रति भारतको यसखाले मिचाहा व्यवहारअन्तर्गत यो कुनै नयाँ घटना भने होइन । यो त पछिल्लो शृङ्खलाको एउटा कडी मात्र हो । भारतीय अतिक्रमणबारे कहिल्यै नबोल्ने नेपाली काङ्ग्रेस सडकमै उत्रनु भने नेपाली इतिहासमा नयाँ परिघटना हो । आफू सत्तासीन भइराखेकै बेला आफ्ना केही भ्रातृ सङ्गठनहरूद्वारा नारा-जुलुस लगाउनु डबल नेकपाका सन्दर्भमा पनि नयाँ घटना नै मान्नु पर्दछ ।

नेपाली भूमि वास्तवमा दिनदिनै मिचिइरहेको छ । भारतसँग सीमा जोडिएका जिल्लाहरूमा यसको कुनै लेखो छैन । कालापानी, लिम्पियाधुरा, लिपुलेक अतिक्रमित भएको दशकौँ बितिसकेको छ । आजभन्दा ५७ वर्षअघि राजा महेन्द्रका पालामा चीन र भारतबीच युद्धको निहुँ बनाएर कालापानीमा भारतले आफ्नो फौज उतारेको थियो । 'अस्थायी रूपले राखेको' भन्ने बहानामा राजाले त्यसप्रति मौनता साधे । त्यसका पछाडि उनको निरङ्कुश व्यवस्थालाई भारतले असहयोग नगरोस् भन्ने थियो । तर भारत भने त्यत्तिमै सीमित रहेन । सुरुमा कालापानी, त्यसपछि लिम्पियाधुरा र पछिल्लो चरणमा लिपुलेकसमेत हडप्यो । त्यसो त २००७ सालको 'क्रान्ति' लगत्तै नेपालका कैयौँ हिमाली नाकामा चेकपोस्ट राखेर भारतले आफ्ना सैनिक खटाएको थियो । नेपालको प्रशासनसमेत कैयौँ वर्षसम्म प्रत्यक्ष भारत निर्देशित थियो । नेपाली सम्प्रभुतामाथिको त्यो चिरहरण नेपाली जनताले सायदै भुल्नेछन् ।

इतिहासलाई फर्केर हेर्दा के स्पष्ट छ भने जुन बेला अङ्ग्रेज साम्राज्यको टाङमुनि दबिएर भारत बाँचिरहेको थियो त्यही समयमा नेपाल अङ्ग्रेज साम्राज्यसँग वीरतापूर्ण लडेर स्वाभिमानपूर्वक बाँचेको थियो । तर जब अङ्ग्रेज साम्राज्य अन्तरसाम्राज्यवादी अन्तरविरोधको परिणाम दुनियाँबाट अस्त भयो उसैले छोडेर गएको 'स्वतन्त्र भारत' ले त्यसकै सिको गर्दै नेपाल र दक्षिणएसियाका देशहरूमाथि हस्तक्षेपको नीति लियो । भारत स्वतन्त्र भएको लगत्तै नेपालमा राणाविरोधी सङ्घर्ष चर्केर गयो । त्यसलाई नेपाली काङ्ग्रेसले प्रमुख नेतृत्व गरिरहेको थियो । नेपाली काङ्ग्रेस र त्यसका नेताहरूलाई तत्कालीन भारतले आश्रयसमेत दिइरहेको थियो । अरू विभिन्नखाले सहयोग गरिरहेको थियो । तत्कालीन राजा त्रिभुवनसमेत राणाविरोधी उक्त सङ्घर्षमा सहभागी थिए । नेपाली काङ्ग्रेसको सङ्घर्षपूर्ण नेतृत्व, राजाको समर्थन र भारतीय सहयोगको त्रियोगमा राणा शासन समाप्त भएको थियो । त्यसो त भारतीय स्वतन्त्रताको आन्दोलनमा तत्कालीन काङ्ग्रेस र कम्युनिस्ट पार्टीका नेता-कार्यकर्ताहरूको नेतृत्वमा कैयौँ नेपाली जनताको सहभागिता नभएको भने होइन ।

लखनउका जनताले अङ्ग्रेज शासनका विरुद्ध गरेको विद्रोह दबाउन आफूसहित नेपाली फौज लिएर ज्यादती मच्चाएका जङ्गबहादुर राणा र उनको जहानियाँ शासनविरुद्ध भारतले २००७ सालमा नेपाली काङ्ग्रेस नेतृत्वको सङ्घर्षबाट बदला लियो । तर भारतले त्यसको बदला राणाहरूबाट मात्र लिएन, त्यसपछिका दिनहरूमा पनि नेपाल र नेपाली जनता भारतीय अतिक्रमण र प्रतिशोधको सिकार बनिरहे । २००७ सालको सङ्घर्षपछि गठित 'प्रथम प्रजातान्त्रिक सरकार' जसको नेतृत्व काङ्ग्रेस नेता मातृका कोइरालाले गरेका थिए, उनले भारतसँग कोसी सम्झौता गरे । २०१५ सालको पहिलो आमनिर्वाचनपछि गठित 'प्रथम जननिर्वाचित सरकार' को नेतृत्व अर्का काङ्ग्रेसी नेता बीपी कोइरालाले गरेका थिए । उनको पालामा गण्डक सम्झौता भयो । ती दुवै सम्झौता जनता र राष्ट्रको हितविपरीत थिए र छन् । अझ मातृका कोइराला नेतृत्वको सरकारका पालामा पश्चिम नेपालमा चलिरहेको किसान विद्रोह (२०१०) दबाउन भारतीय फौज बोलाएर भीषण दमन गरिएको थियो ।

नेपालको प्रजातान्त्रिक आन्दोलनमा भारतले गरेको 'मित्रताको ऋण' चुक्ता गर्न २०४६ सालको आन्दोलनपछि गठित नेपाली काङ्ग्रेस नेतृत्वको सरकारले टनकपुर सम्झौता गऱ्यो किनकि त्यो बेला पनि भारत नेपालको प्रजातान्त्रिक आन्दोलनका पक्षमै रहेको थियो । कहाँसम्म भने भारतीय विस्तारवादका विरुद्ध सुरुङ युद्ध घोषित माओवादी जनयुद्ध जो राष्ट्रिय मुक्ति आन्दोलनको पर्यायवाचीसमेत थियो त्यसलाई पनि अन्ततः भारतीय रोहबरमै समाप्त पारियो । २०६२/०६३ को आन्दोलनमा नेपाली जनताको रगत-पसिना र आँसु पक्कै बगेको थियो तर लोकतान्त्रिक गणतन्त्रको 'आर्किटेक्ट' भारतीय सहयोगमै गरिएको पहेली अब दुनियाँसामु छर्लङ्ग भइसकेको छ । राजसंस्थाको अन्त्य र गणतन्त्रको उदय त्यसकै परिणाम थियो । अन्यथा नेपालमा राजसंस्थाको अन्त्य त्यति सजिलै सम्भव थिएन । त्यसकै ऋणस्वरूप माओवादी नेतृत्वको सरकारका पालामा बिप्पालगायत अन्य थुप्रै राष्ट्रघाती सम्झौताहरू गरिए ।

इतिहासको यो सत्यबाट अत्यन्त गम्भीरताका साथ र निर्ममतापूर्वक नेपालका राजनीतिक पार्टीहरू, बौद्धिक तप्का र आमनेपाली जनताले शिक्षा लिनुपर्ने भएको छ । राष्ट्रवादलाई सत्तारोहणको भऱ्याङ बनाउने 'कस्मेटिक राष्ट्रवाद' को नकाव उतार्नुपर्ने बेला हो यो । आफू सरकारको नेतृत्वमा रहेको बेला कोसी, गण्डकी र महाकाली (टनकपुर) बेच्ने, त्यसका विरुद्ध सडकमा आवाज उठाउँदा देशभक्त नेपाली जनताको छातीमा बुट र गोली दाग्ने नेपाली काङ्ग्रेससमेत आज आफैँ राष्ट्रवादको नारा घन्काउँदै सडकमा ओर्लिएको छ । के यो सत्य हो ? नेपाली जनता द्विविधामा छन् । के त्यो नेपाली काङ्ग्रेस र यो नेपाली काङ्ग्रेस एउटै हो ? नेपाली जनता सोँच्दै अलमलमा छन् । त्यसैगरी आफू सत्ताबाहिर रहँदा राष्ट्रवादको धुनी ताप्ने र सरकारमा गएपछि कम्युनिस्टलाई ट्रेडमार्क बताउने पूर्वएमाले जसको नेतृत्वमा महाकाली भारतलाई सुम्पिएको थिया, महाकाली सम्झौताको सुरुमा 'महाकाली नदी साझा हो, पानी आधाआधा हो' भनिएकोमा आज महाकालीवारि ब्रह्मदेवको नेपाली भूमिमा भारतीय सेनाको क्याम्प राखिँदा पनि चुपचाप आँखा चिम्लने एमालेको राष्ट्रवादलाई नेपाली जनताले कसरी बुझ्ने ? भारतीय विस्तारवादविरुद्ध घोषित सुरुङ युद्धमा आफ्ना प्रिय कमरेडहरूलाई उतै दफनाएर भारतरचित अघोषित सुरुङ युद्धको बङ्करभित्र छिरेर सुरापान गरिरहेको पूर्वमाओवादीको राष्ट्रघाती चेहरालाई यति चाँडै नेपाली जनताले बिर्सन सक्लान् ? यो पृष्ठभूमिमा डबल नेकपा र नेपाली काङ्ग्रेसको यो विरोधलाई राजनीतिक चालबाजी मात्र भन्ने वा सच्चा देशप्रेमको आन्दोलन ?

इतिहासका खास मोडहरूमा विरलै प्राप्त हुने अवसरहरू पैदा हुने गर्दछन् । सामाजिक विकासको यो एक आम नियम हो । के नेपाली इतिहासमा त्यो अवसर युक्त घडी आएकै हो ? साँच्चै भन्ने हो भने त्यो मोड २००७ सालवरिपरि निकै सम्मुख भएको थियो । २०४६ वरिपरि पनि त्यो अवसर नआएको होइन । नेपाली काङ्ग्रेस सच्चा पुँजीवादी पार्टी मात्रै भएको भए राजसंस्था उतिबेलै समाप्त भइसक्थ्यो । नेपाल औद्योगिक पुँजीवादको राजमार्गमा उहिल्यै पदार्पण गरिसकेको हुने थियो । तर नेपाली काङ्ग्रेस आफ्नो वैचारिक रसातलबाट माथि उठ्न सकेन । एकातिर सामन्तवादसँग र अर्कोतिर पुँजीवादसँग उसको घाँटी अभिन्न रूपले जोडिन पुग्यो जसको परिणाम सामन्तवाद (राजा) र पुँजीवाद (भारतीय एकाधिकारी वर्ग) सँग हाँस न बकुल्लाको तालले नेपाली काङ्ग्रेस हिँडिरह्यो र राष्ट्रघातका दस्तावेजहरूमा सहीछाप गर्दै अघि बढिरह्यो ।

नेपालको कम्युनिस्ट आन्दोलनमा सबैभन्दा धेरै बलिदान बेहोरेको र ठूलो अवसर प्राप्त गरेको अर्को शक्ति हो माओवादी । २०५२ देखि ०६२ सम्मको माओवादी पार्टी एक हदसम्म नेपाली कम्युनिस्ट आन्दोलनकै सकारात्मक निचोड थियो । उसको नेतृत्वमा लडिएको जनयुद्ध चानचुने थिएन । राष्ट्र र जनताप्रति पूर्ण समर्पित नेता र कार्यकर्ताहरूको दस्ताले भरिपूर्ण माओवादी आन्दोलन जनता र राष्ट्रप्रति धपक्कै बलेको थियो । प्रज्वलित थिया जसको शक्तिमा ०६२ सालवरिपरिसम्म आइपुग्दा माओवादीसामु पनि त्यस्तै विरलै प्राप्त हुने अवसर निकट भएको थियो । तर त्यो अवसर विगतकै सम्झौता र गद्दारीहरूभैँ कुर्सीसँग साटफेर गरियो ।

दुनियाँमा असम्भव भन्ने केही पनि छैन । इतिहासका तिनै विशेष मोडहरूमा पैदा हुने अवसरहरूले इतिहासको निरन्तरतामा क्रमभङ्गता हासिल हुन्छ र इतिहास नयाँ अध्यायमा प्रवेश गर्दछ । तर त्यो बेला भने नयाँ पार्टी, नयाँ नेता र सम्भवतः नयाँ राष्ट्रको समेत जन्म हुने गर्दछ । पुरानो इतिहासको समाप्तिसँगै पुराना पार्टी र नेताहरूको 'लिगेसी' समाप्त हुने गर्दछ । इतिहासको यो सत्य हो तर यो त्यति सजिलै सम्भव कार्य भने होइन । निकै कष्ट सहन, उच्च संयमको प्रदर्शन, अदम्य साहस र इमानदारीको योगबाट उक्त कार्य पूरा हुने गर्दछ । हो, त्यतिबेला ती पार्टी र नेताहरू जिउँदो रहन सम्भव छ जसले आफ्नो मृत्युको घोषणा आफैँ गर्न तयार हुन्छन् । तब इतिहास अवश्य बदलिन्छ । नवीन अध्यायको सुन्दर सुरुआत हुन्छ । के आजका पार्टीहरू यो गर्न तयार छन् ? के आजको नेपाली पुस्ता त्यसका लागि तयार छ ?

वर्तमान विश्व-राजनीतिको टक्कर तथा नेपाली जनताको स्वतन्त्रता र समृद्धि प्राप्तिको उत्कट चाहनाको एकत्वबाट नेपाली इतिहासको नवीन अध्याय सुरु हुन सम्भव छ । आवश्यकताका दृष्टिले यो निकै पहिल्यै पनि थियो जो सम्भव भएन । आजको यो घडीमा आवश्यकता र स्वतन्त्रताको सम्मिलन निकै सम्भव छ । विश्व सामरिक रणनीतिको 'भाइटल ग्राउन्ड' बनिरहेको नेपाल नेपाली जनताप्रति पूर्ण समर्पित नेतृत्व पाएको खण्डमा यो बेला विश्व-सामाजिक व्यवस्थाको 'उदीयमान बिन्दु' बनेर दुनियाँसामु जगमगाउन सक्छ । समयको एउटा आवश्यकतामा पृथ्वीनारायण शाहले एउटा नेपालको 'आर्किटेक्ट' गरेका थिए । त्यो युग अब समाप्त भएको छ । हाम्रासामु थोत्रो नेपाल, रोगी र दरिद्र नेपाल विश्वसामु लम्पसार परेर भिक मागिरहेको छ । नेपाली वीरताको गाथा रेमिट्यान्सको व्यथा बनेर आर्तनाद गरिरहेको छ । हो, यो बेला नयाँ नेपाल आवश्यक छ । स्वाधीन र समृद्ध नेपाल आवश्यक छ । हिन्दी भाषामा एउटा भनाइ छ, 'कार्यका आरम्भ करो, उसका अन्त करतेही विश्रान्त करो । अन्यथा उसनेही तुम्हारा अन्त करदेगा ।' अहिले सडकमा उर्लिएको राष्ट्रवाद 'पपुलिस्ट' वा 'कस्मेटिक' राष्ट्रवाद त होइन ? अन्यथा ख्याल गरौँ कस्मेटिक राष्ट्रवाद विनाशको खाल्डो हो । सच्चा राष्ट्रवाद अस्तित्वको धरोहर हो ।

नेपाली राष्ट्रियताको लडाइँमा केही जब्बर चुनौतीहरू छन् । पछिल्ला केही दशकयता स्वास्थ्योपचार र स्कलरसिपको ऐँजेरुले राष्ट्रवादको बिरुवालाई थिचिमिची पारिदिएको छ । ठूला नेता र उच्चपदस्थ कर्मचारीहरू (जङ्गी-निजामती दुवै) प्रायः सबैलाई यो ऐँजेरुले गाँजेको छ । विभिन्न एजेन्सीहरूमार्फत शक्तिकेन्द्रहरूका तर्फबाट शक्तिशाली र उदीयमान नेताहरूलाई आशीर्वाद स्वरूप प्राप्त हुने रकम अर्को डरलाग्दो ऐँजेरु हो । के हाम्रै जिउको ऐँजेरु पन्छाउन हामी सक्षम छौँ ? हामी आत्मस्वाभिमानको राष्ट्रवाद जोगाउन सक्षम छौँ भने भूगोलको राष्ट्रवाद किञ्चित मिचिन दिनेछैनौँ । त्यसको प्राप्ति बिल्कुल सम्भव हुनेछ । अर्को कुरा नेपाल आज पूर्णतः भारत निर्भर अर्थतन्त्रमा चलिरहेको छ । अझ भनौँ नाचिरहेको छ । खर्बौंको व्यापारघाटा छ । राष्ट्रियताको यो अर्को गम्भीर चुनौती हो ।

इतिहासमा ती व्यक्ति, ती जाती, ती राष्ट्र अस्तित्वमा रहन सकेका छन् जसले आफ्नो समयको युद्धमा विजय हासिल गरे । नेपाली जनताले साँचो अर्थमा स्वाधीनता चाहने हो भने, समृद्धिको वास्तविक ढोका खोल्ने हो भने स्वाधीनताको युद्ध जित्नैपर्छ । तर युद्धमा जित-हारका लागि एउटा सर्त अनिवार्य रहने गर्दछ, त्यो हो नैतिकता । नेपाली राजनीतिले यतिबेला नैतिकता गुमाएको छ । नेपाली समाजले नैतिकता गुमाएको छ । नेपाली राजनीति मात्र होइन, नेपाली समाजसमेत राष्ट्रघाती संस्कृतिले जकडिएको छ । स्वाधीनताको जस्तो भीषण युद्ध उच्च नैतिक शक्तिबाट मात्र जित्न सम्भव छ । आउनुस् स्वाधीनताको युद्धमा सङ्कल्प गरौँ, हातेमालो गरौँ ।

# अतिरिक्त मूल्यको सिद्धान्त



अनुवाद : भेषराज भुसाल

मालको मूल्य सामाजिक रूपबाट आवश्यक श्रमद्वारा निर्धारित हुने गर्दछ

मालहरूमा मूल्य श्रमबाट बन्दछ । यसको स्तर मालहरूको उत्पादनमाथि खर्च भएको श्रमबाट निर्धारित हुने गर्दछ । श्रमको मात्रा श्रमकालबाट मापन गरिन्छ । कुनै मालको उत्पादनका निम्ति आवश्यक श्रमको समयजति धेरै हुन्छ श्रमको मात्रा त्यति नै धेरै हुन्छ र मूल्य पनि त्यति नै माथि हुन्छ।

के यसको अर्थ यस्तो हुन्छ- कुनै व्यक्ति जति नै अल्छी र अकुशल हुन्छ, उसले बनाएको माल त्यति नै मूल्यवान् हुन्छ ? यो कुनै हालतमा होइन।

कुनै मालको उत्पादनका निम्ति अलगअलग माल उत्पादकहरूलाई अलगअलग समयसम्म श्रमको आवश्यकता पर्दछ । यसका कारण स्पष्ट छन् । केही मानिस अरूभन्दा धेरै कुशल हुन्छन् र केही मानिसहरूले अरूभन्दा राम्रा औजार र उपकरणहरूको प्रयोग गर्दछन् । स्वाभाविक छ- धेरै कुशल र राम्रा औजारहरू प्रयोग गर्ने व्यक्तिहरूद्वारा लिइएको समय कम कुशल र भद्दा औजारहरूको प्रयोग गर्ने व्यक्तिहरूले लिएको समयभन्दा कम नै होला । त्यसो हो भने मालहरूको मूल्य निर्धारण गर्नका निम्ति कुन श्रमकालको उपयोग गर्नुपर्ला ?

विभिन्न माल उत्पादनहरूद्वारा माल उत्पादनमा खर्च गरिएको श्रमकाललाई व्यक्तिगत श्रमकाल भन्ने गरिन्छ । उदाहरणका निम्ति केही सिकर्मीले एउटा कुर्सी बनाउन तीस घन्टा लगाउँछन्, केहीले पच्चीस घन्टा र अन्यले बीस घन्टा । यी सबै व्यक्तिगत श्रमकाल हुन् । मालहरूको मूल्य व्यक्तिगत श्रमकालबाट होइन, बरु सामाजिक रूपबाट आवश्यक श्रमबाट तय हुने गर्दछ । 'सामाजिक रूपबाट आवश्यक श्रम उत्पादनको विद्यमान सामान्य स्थितिहरूमा त्यस समयको औसत कुशलताद्वारा कुनै उपयोग मूल्यको उत्पादनमा लागेको श्रमकाल हुने गर्दछ।'२ उत्पादनका सामान्य स्थितिहरूमा तथा औसत कुशलता वा गहनतासँग एउटा कुर्सी बनाउन लागेको समय २५ घन्टा छ भने त कुर्सी बनाउनका निम्ति सामाजिक रूपबाट आवश्यक श्रम २५ घन्टा हुन्छ। यो २५ घन्टाको श्रम कुर्सीको मूल्य निर्धारण गर्ने सामाजिक रूपबाट आवश्यक श्रम हो।

श्रमद्वारा मूल्य निर्धारणको चर्चा गर्दा केवल व्यक्तिगत श्रम र सामाजिक रूपबाट आवश्यक श्रमका बीचमा मात्र होइन, साधारण श्रम र जटिल श्रमका बीचमा पनि अन्तर गर्नुपर्दछ। साधारण श्रम त्यो श्रम हो जुन कुनै सामान्य स्वस्थ व्यक्तिद्वारा बिनाकुनै विशेष प्रशिक्षण गर्न सकिन्छ। जटिल श्रम विशेष प्रशिक्षण प्राप्त कुशल मजदुरद्वारा गरिएको श्रम हो । त्यसकारण एउटा निश्चित समयावधिमा सामान्य श्रमद्वारा निर्मित मूल्य जटिल श्रमद्वारा निर्मित मूल्यभन्दा थोरै होला, जटिल श्रम कैयौँ साधारण श्रमहरूको योग हुने गर्दछ। जटिल र साधारण श्रमका बीचमा आपसी परिवर्तन विनिमयको प्रक्रियामा स्वतः भइरहन्छ।

निजी श्रम र सामाजिक श्रमको अन्तरविरोध माल उत्पादनको आधारभूत अन्तरविरोध हामीले मालहरूको दोहोरो प्रकृति, माल उत्पादनमा श्रमको दोहोरो प्रकृति र मालको मूल्यको विश्लेषणमा गरेका छौँ। यस आधारभूत बुझाइबाट हामीले माल उत्पादनका अन्तरविरोधहरूलाई अझ विश्लेषण गर्न सक्छौँ।

मालहरूलाई श्रम उत्पादनहरूको विनिमयका निम्ति प्रयोग गर्ने गरिन्छ । माल उत्पादक आफ्ना आवश्यकताहरूका लागि माल उत्पादन गर्दैनन् । उदाहरणका निम्ति कामीले फौरा यसकारण बनाउँदैन किनकि उसलाई त्यसको आवश्यकता छ । उसको उद्देश्य फौराहरू बेचेर तिनको मूल्य गर्ने हुन्छ ताकि त्यसको बदलामा आफ्ना आवश्यकताका चामल र कपडा प्राप्त गर्न सकोस् । माल उत्पादकहरूका निम्ति यो एकदम महत्वपूर्ण हुने गर्दछ- उसको माल बिक्छ कि बिक्दैन।

मालले उपयोग मूल्य र मूल्यका विपरीत बिन्दुहरूलाई जोड्छ। ती मालमा त एकीकृत हुन्छन्, साथै एक अर्काका विपरीत पनि हुन्छन् । त्यो माल बिक्यो भने त तिनका आन्तरिक अन्तरविरोध हल हुन पुग्छन् । जब एउटा फौरा त्यस्तो किसानको हातमा पुग्छ जसलाई त्यसको आवश्यकता हुन्छ, त्यो मूर्त श्रम अमूर्त श्रममा बदलिन पुग्छ र कामीलाई उसको फौराको मूल्य प्राप्त हुन्छ। फौराको उपयोग मूल्य र मूल्य पनि एक हुन पुग्छ । त्यो माल बेच्न सकिएन भने त उपयोग मूल्य र मूल्य तथा मूर्त श्रम र अमूर्त श्रमका अन्तरविरोध तुरुन्तै सतहमा आउँछन् । यद्यपि फौरामा उपयोग मूल्य त रहेकै हुन्छ। त्यो बिकेन भने त त्यसको मूल्य प्राप्त हुँदैन र त्यो फौरा फोहोरको थुप्रोभन्दा अरू केही हुँदैन। यस्तो स्थितिमा कामीको मूर्त श्रम जसमा निश्चितै शारीरिक-मानसिक श्रम खर्च भएको छ, अमूर्त श्रममा परिवर्तन हुन सक्दैन। अर्को शब्दमा उसको श्रम समाजद्वारा स्वीकृत हुँदैन र बेकारमा खेर जान्छ। यस्तो हालतमा कामीसँग अरू उत्पादन गर्नका निम्ति काँचो फलाम तथा कोइला किन्नका लागि कुनै साधन रहँदैन । ऊसँग आफ्नो आजीविकाका लागि इन्धन, चामल, तेल र नुन किन्नका लागि कुनै साधन रहँदैन। उपयोग मूल्य र मूल्य तथा मूर्त र अमूर्त श्रमका बीचको अनतरविरोध माल उत्पादकको उत्पादन र आजीविकालाई सीधै प्रभावित गर्दछ।

माल उत्पादनमा यी अन्तरविरोध कसरी पैदा हुने गर्दछन् ? त्यसका स्रोत के हुन् ? निजी स्वामित्वअन्तर्गत माल उत्पादनको एउटा आधारभूत अन्तरविरोध हो। यो हो निजी र सामाजिक श्रमका बीचको अन्तरविरोध। माल यद्यपि विनिमयका निम्ति प्रयोग हुने श्रम उत्पादन हुने गर्दछन् र उत्पादनद्वारा निर्मित उपयोग मूल्य उसको आवश्यकताका निम्ति होइन बरु सामाजिक आवश्यकताहरूको पूर्तिका निम्ति हुने गर्दछ । त्यसकारण माल उत्पादकको श्रमको प्रकृति सामाजिक हुन्छ । यो समग्र सामाजिक श्रमको एक भाग हुने गर्दछ । परन्तु निजी स्वामित्वका स्थितिहरूको मातहत, के र कति उत्पादन गर्ने हो तथा त्यसबाट आय कति हुने हो यो उत्पादकको निजी श्रमको प्रकृति पनि हुने गर्दछ । निजी र सामाजिक श्रमका बीचको यो अन्तरविरोध निजी स्वामित्वमातहत माल उत्पादनका सम्पूर्ण अन्तरविरोधहरूको मुख्य स्रोत हो। जब निजी उत्पादकले बनाएका माल बजारमा बिक्री हुन्छन् तब यसबाट यो जानकारी मिल्छ- यसको निजी श्रम समाजद्वारा स्वीकार गरियो र त्यो सामाजिक श्रमको एक भाग बन्न पुग्छ। माललाई बिक्री गर्न सकिएन भने त माल उत्पादकको निजी श्रम समाजद्वारा स्वीकार गरिँदैन र त्यसलाई सामाजिक श्रममा बदल्न सकिँदैन । माल उत्पादकको मूर्त श्रमलाई अमूर्त श्रममा बदल्न सकिँदैन । त्यसकारण मालको मूल्य प्राप्त गर्न सकिँदैन। मार्क्सको मूल्यको श्रम सिद्धान्त अतिरिक्त मूल्यको सिद्धान्तको आधार हो।

श्रमको दोहोरो प्रकृतिको विश्लेषणको माध्यमबाट मार्क्सले श्रम सिद्धान्तको रचना गर्नुभयो। यो सिद्धान्तले वैज्ञानिक ढङ्गबाट देखाउँछ- मूर्त श्रमले मालहरूको उपयोग मूल्यको निर्माण गर्दछ जब कि अमूर्त श्रमले मालहरूको मूल्य निर्धारण गर्दछ। श्रम नै मूल्यको एक मात्र स्रोत हो । मार्क्सको मूल्यको श्रम सिद्धान्त अतिरिक्त मूल्यको सिद्धान्तको आधार हो । मार्क्सवादी राजनीतिक अर्थशास्त्रको एउटा महत्वपूर्ण सङ्घटक अङ्ग हो।

मार्क्सवादी सिद्धान्तको मार्गनिर्देशन पाउनुभन्दा पहिले सर्वहाराले आफ्ना दुःखहरूको स्रोत बुझ्न पाएको थिएन र आफ्ना सङ्घर्षका लक्ष्यहरूको पहिचान थिएन । केहीलाई यस्तो गलत बुझाइ थियो- उनीहरूका दुःखहरूको कारण मेसिन हुन् । एकपल्ट मेसिनहरूलाई नष्ट गर्ने सङ्घर्षको एउटा तरिकाका रूपमा पनि अपनाउन पुगे । मार्क्सले सर्वहारा सङ्घर्षहरूको लामो अनुभवलाई संश्लेषण गर्नुभयो र पुँजीवादी शोषणको रहस्यलाई पर्दाफास गर्नका निम्ति अतिरिक्त मूल्यको सिद्धान्तको रचना गर्नुभयो । यसबाट सर्वहारा वर्गलाई आफ्नो ऐतिहासिक मिसनको र यस तथ्यको महसुस भयो- केवल हिंसात्मक क्रान्तिको माध्यमबाट र पुँजीवादको स्थानमा समाजवाद ल्याएर नै ऊ मुक्त हुन सक्छ । मार्क्सको अतिरिक्त मूल्यको सिद्धान्त मूल्यको श्रम सिद्धान्तमा आधारित छ। मूल्यको श्रम सिद्धान्तबिना अतिरिक्त मूल्यको सिद्धान्त स्थापित हुन सक्दैनथ्यो।

यद्यपि मार्क्सको मूल्यको श्रम सिद्धान्तले सर्वहारा क्रान्तिकारी सङ्घर्षहरूलाई मार्गदर्शन दिन्थ्यो। त्यसकारण बुर्जुवा अर्थशास्त्रीहरूले मूल्य र श्रमको सम्बन्धविच्छेद गर्न, मार्क्सको मूल्यको श्रम सिद्धान्तको विरोध गर्न र पुँजीवादी शोषणमाथि पर्दा हाल्न असफल प्रयासमा हरेक तरहका अवैज्ञानिक मूल्यका सिद्धान्तहरूलाई स्थापित गर्न भरपूर कोसिसहरू गरे।

भुँडे अर्थशास्त्रीहरूका बीचमा एक समय मूल्यको उत्पादन लागत सिद्धान्त प्रचलित थियो । यस सिद्धान्तले मन्दथ्यो- मालको मूल्य त्यसको उत्पादनमा लागेको लागत (उत्पादनका साधनहरूको मूल्य र ज्याला) बाट तय हुने गर्दछ। कुनै मालको मूल्य वास्तवमा उत्पादन लागतबाट हुँदो हो त माल बिक्री भएपछि पुँजीपतिको उत्पादनका क्रममा खर्च भएको लागत नै फिर्ता मिल्थ्यो । यसप्रकारले बिचरा ऊ कसरी अमीर बन्न सक्थ्यो ? मजदुरको शोषण कसरी हुन्छ ? यसप्रकार ती भुँडे अर्थशास्त्रीले भन्दथे- मूल्य उत्पादन लागतबाट तय हुने गर्दछ। वास्तवमा मुनाफाको व्याख्या उच्चतम् पारिश्रमिक संशयका निम्ति पुरस्कार र जोखिमको बदला पुरस्कारका रूपमा गर्दथे। यो बुर्जुवा वर्गका पक्षधरका रूपमा उनीहरूको फोहोरी भूमिकालाई स्पष्ट गर्दछ।

बुर्जुवा भुँडे अर्थशास्त्रीहरूका बीचमा एउटा समयमा मूल्यको उपयोगिता सिद्धान्त पनि प्रचलित थियो । त्यस सिद्धान्तअनुसार कुनै मालको मूल्य त्यसमा निहित उपयोगिताको परिमाणबाट तय हुने गर्दछ। त्यसो भए उपयोगिता के हो ? वास्तवमा यो कुनै मालको उपयोग मूल्य हुने गर्छ।

हामीले पहिले नै भनिसकेका छौँ- विभिन्न मालहरूको अलगअलग उपयोग मूल्य हुने गर्दछ जसलाई आपसमा तुलना गर्न सकिँदैन। यो एकदमै बिनातुकको कुरा हो- कुनै मालको मूल्य उसको उपयोग मूल्यबाट तय हुने गर्दछ। मूल्यको उपयोगिता सिद्धान्त प्रतिपादन गर्नेहरूले बुद्धिमत्तापूर्ण ढङ्गबाट यस कुराको व्याख्या गर्न सकेनन्- मानव जीवनका निम्ति आवश्यक हावा र घामजस्ता वस्तुहरूमा मूल्य किन हुँदैन र तिनलाई मालका रूपमा बेच्न किन सकिँदैन।

बुर्जुवा भुँडे अर्थशास्त्रीका बीचमा एउटा लोकप्रिय सिद्धान्त मूल्यको भाग र आपूर्तिको सिद्धान्त थियो। यस सिद्धान्तले यस कुरालाई नकार्दथ्यो- कुनै मालको कुनै वस्तुगत अन्तरनिहित मूल्य हुने गर्दछ। त्यसका अनुसार मालहरूको मूल्य बजारमा आपूर्ति एवम् मागको स्थितिबाट निर्धारित हुने गर्दछ। जब कुनै मालको आपूर्ति उसको मागभन्दा धेरै हुन्छ तब अन्य मालहरूका निम्ति त्यसको विनिमय मूल्य कम हुने गर्दछ र त्यसको मूल्य पनि कम हुने गर्दछ। जब कुनै मालको माग उसको आपूर्तिभन्दा धेरै हुन्छ तब अन्य मालहरूका निम्ति त्यसको विनिमय मूल्य धेरै हुन्छ र त्यसको मूल्य पनि धेरै हुन्छ । यो सिद्धान्त स्पष्टतः भ्रान्तिपूर्ण थियो। मूल्यको माग र आपूर्तिको सिद्धान्तका प्रतिपादकले यो बताउन सकेनन्- आपूर्ति र माग बराबर भएमा मालको मूल्य कसरी तय हुन्छ र यो पनि सम्झाउन सकेनन्- विभिन्न मालहरूका निम्ति माग र आपूर्तिका बदलिइरहने सम्बन्धहरूका बीचमा कुनै माल सदैव अन्य मालभन्दा धेरै महँगा किन हुने गर्दछन्।

यद्यपि बुर्जुवा अर्थशास्त्रीहरूले मालको श्रम सिद्धान्तलाई खारेज गर्न हरसम्भव प्रयत्न गरे तर सत्यलाई कहिल्यै खारेज गर्न सकिँदैन । बुर्जुवा वर्गका विभिन्न छद्म वैज्ञानिक सिद्धान्तहरूका विरुद्ध आफ्नो सङ्घर्षमा मूल्यको मार्क्सवादी श्रम सिद्धान्त एक मात्र सत्य सिद्धान्त सिद्ध हुन पुग्यो।

मुद्रा माल विनिमयको विकासको एउटा स्वाभाविक उपज हो।

मुद्रा सार्वभौमिक समतुल्यको कार्य गर्ने एक विशेष माल हो।

मुद्राको सम्बन्ध मालहरूसँग हुन्छ किनभने दैनिक जीवनमा मालहरूको मूल्य मुद्राका रूपमा अभिव्यक्त हुने गर्दछ। मालहरूलाई मुद्राबाट खरिद गरिन्छ । यद्यपि सुरुदेखि नै यस्तो थिएन । मुद्रा उत्पादन र विनिमयको विकासको उपज हो। माल विनिमयको सुरुआत मालहरूको सीधै आपसमा अदलाबदलीबाट सुरु भयो।

... बाँकी पृष्ठ ५ मा

---

जनताको ध्यान मोड्न प्रयासरत छ सरकार । चेनी डक्ट्रिनको अमेरिकामै समीक्षा भैरहेको छ जसको कारण अमेरिका सङ्कटमा फस्दै गएको सन्दर्भमा त्यसको हाम्रो आन्तरिक राजनीतिमा प्रयोगले केकस्तो अवस्था आउला, गम्भीरतापूर्वक विचार गर्न आवश्यक छ।

असफल सरकार

२०७५ फागुनमा सरकारले नेकपामाथि प्रतिबन्ध लगाउँदा चैतभित्र नियन्त्रण गरिसक्ने भनेको भए पनि नियन्त्रण गर्न असफल भएको छ । यो नियन्त्रण भइहाल्ने र गर्न सकिने विषय पनि होइन। केही महत्वपूर्ण नेता-कार्यकर्ताको गिरफ्तारीलाई देखाएर सरकार आफू सफल भएको देखाउन खोजे पनि समग्र रूपमा असफलतातिर गइरहेको छ। पहिलो, सीके राउतसँग सहकार्य र नेकपामाथि प्रतिबन्धको राजनीतिक औचित्य पुष्टि गर्न सकेको छैन, बरु युद्धप्रिय साबित भई जनताबाट अलग्गिन पुगेको छ। दोस्रो, युद्धप्रिय नयाँ रणनीतिको केन्द्रीय सुनियोजित योजना र कमान्डमा कार्यान्वयन कुमार पौडेलमाथिको कारबाही थियो जो आत्मघाती, प्रत्युत्पादक साबित भयो । तेस्रो, नेकपासँग वार्ताको सरकारी नीति केवल युद्धको वातावरण बनाउने चाल हो भन्ने सत्य पुष्टि हुँदैछ। यसले जनताको दिलदिमागमा गहिरो नकारात्मक प्रभाव पारेको छ। यो जुनसुकै बेला जन-असन्तुष्टिसहित विस्फोट हुने स्थिति बन्दैछ। चौथो, देश र जनताको जीवनको सामान्य समस्या पनि सम्बोधन गर्न सरकार असफल भएको छ। 'समृद्ध नेपाल, सुखी नेपाली' को नारा 'गरिब नेपाल, दुःखी नेपाली' को नारामा परिणत भएको छ। राष्ट्रियता, जनतन्त्र, जनजीविकाका समस्या समाधान हुनुको सट्टा एकपछि अर्को जटिल बन्दै सङ्कटउन्मुख बन्दैछन्। यी हात्तीमुखी समस्याको मुखमा 'सरकार पुनर्गठन' जिरा पनि होइन, जिरो बनेको छ। त्यसैले समस्याबाट मुक्त हुने सजिलो उपाय सरकारले युद्ध रोज्न पुगेको छ जसका कारण उसको विनाश अनिवार्य छ।

सरकारी रणनीतिका केही विशेषताबारे विचार गरौँ। पहिलो, समस्या अनेक समाधान एक भन्ने छ। यो एक बल हो। बल सरकार, सत्ता र पुँजीमा छ। त्यो प्राप्ति र रक्षाका लागि आवश्यक छ। त्यो गर्नु नै सत्य हो भन्ने मान्यता राख्छ। दोस्रो, आफ्नो असल शक्ति केन्द्रित गर र विरोधीमाथि अकस्मात् तीव्र हमला गर भन्ने रहेको छ । अरिङ्गालका रूपमा यही विशेषताको प्रतीकात्मक अभिव्यक्ति हो। यसरी पहिलो, राजनीतिक र दोस्रो फौजी विशेषता जोड्दा अधिनायकवादी, सर्वसत्तावादी र सामाजिक फासिवादी विशेषता स्पष्ट हुन्छ । तेस्रो, 'डाइभर्ट एन्ड रुल', 'डिभाइड एन्ड रुल' को विशेषता नै हो जहाँ एनसेलको भ्रष्टाचारविरोधी सङ्घर्षमा कथित हिंसा भड्किने खतरा मात्र देख्दैन, सरकार युद्ध सुरु भैसकेको भन्छ। कहिले गीतमाथि प्रतिबन्ध त कहिले कलाकारको गिरफ्तारी गर्छ। कहिले कथित राष्ट्रवाद त कहिले आफ्नै पार्टीको अन्तरविरोध उचाल्छ। सरकार कहिले रेलयात्रसँगै हेग पुग्छ । कहिले पानीजहाजसँगै भेनेजुयला पुग्छ अनि भन्छ सतर्क होऊँ, विप्लव आइसक्यो, हानिसक्यो, युद्ध गर्दैछ। यसरी जनताले प्याज किन्न नसकेर खान छोडेकोमा, दैनिक बिदेसिने १५ सय युवाको लाम र भित्रिने युवाहरूको लासमा, १२ वर्षमा २२ हजार निर्दोष जनताले सडक दुर्घटनामा ज्यान गुमाएकोमा, वाइडबडीदेखि स्थानीय डोजराध्यक्षका भ्रष्टाचारका काण्डैकाण्डमा ध्यान केन्द्रित गर्दैन र गर्न दिँदैन । चौथो, अन्तिमलाई सुरुआत मान्नु हो । समस्या समाधानको अन्तिम विधि युद्धलाई समस्या उठानमै थोपरिदिनु हो। पाँचौँ 'दसपटक नाप, एकपटक काट' भन्ने विशेषता देखिन्छ। एकिन गरेर कारबाही गर्ने र कारबाही नेतृत्वमा गर्ने, लम्पट अर्धसर्वहारा जो पैसाका लागि जे पनि गर्न तयार छन्, तिनीहरूलाई परिचालन गर्न, समग्र सुरक्षा फौजीबाट छनोट गरेर विशेष शक्ति निर्माण गरी कारबाहीमा उतार्ने गरिरहेछ। यही नीतिअन्तर्गत नेता-कार्यकर्ताको गिरफ्तारी गरिरहेछ।

वर्तमान सरकारले जे भने पनि जे गरे पनि पुरानो संसदीय राज्यसत्ताको सङ्कट हल भैसकको छैन, बरु कुनै बेला यही समग्र सत्ताको अन्त्यलाई मुख्य उद्देश्य बनाएका शक्ति नै आज सङ्कट हल गर्ने भूमिकामा छन्। वस्तुतः सत्ताको हैन, शासकको मात्र तीव्र परिवर्तन भएको छ। क्रमशः सत्ता सङ्कट र सरकार असफलताको वास्तविकता अगाडि आउँदैछ। अन्ततः देश र जनताको मुक्तिको विचारलाई बन्दुकले निषेध गर्न पूर्णतः असफल हुँदैछ र हुनेछ।

एकीकृत जनक्रान्ति

पार्टी पुनर्गठनको दिन मङ्सिर ८ मा 'छिन्नभिन्न चन्द समूह' कार्यदिशामै अन्योल भनेर कान्तिपुर र अन्नपूर्णले समाचार छापे। यसले नेकपा कमजोर बनेको, त्यसको कारण उसको कार्यदिशा रहेको सरकारी धारणा स्पष्ट पार्छ तर नेपाका महासचिव विप्लवको विचारमा एकीकृत जनक्रान्ति आफ्नो नयाँ विशेषतासहित वैज्ञानिकता पुष्टि गर्दै सफलतातिर अगाडि बढिरहेको छ । सफलताका केही मानक हेरौँ : पहिलो, तथाकथित नयाँ व्यवस्थाको पुरानो सार तथा खोक्रोपन र सत्ताधारी कम्युनिस्टको नक्कलीपनलाई छिट्टै उदिङ्ग्याउन नेकपा सफल छ किनकि यो स्वतःस्फूर्त हुने कुरा होइन र भएको छैन। दोस्रो, नेकपाले युद्धका विरुद्ध क्रान्ति र शान्तिका पक्षमा रहेको सन्देश दिँदै मध्यम वर्ग, देशभक्त शक्ति, सहर, क्रान्तिकारी अन्तर्राष्ट्रिय जनसमुदायलाई आफूतिर आकर्षित र केन्द्रित गर्दै समग्र जनतासँग एकाकार भइरहनु सक्नु । तेस्रो, राज्यसत्ताको प्रणालीगत सङ्कटलाई स्पष्ट पार्दै विकल्पका रूपमा नयाँ वैज्ञानिक समाजवादी प्रणाली अगाडि सार्नु र जनतामा बढ्दै गएको निराशा, असन्तुष्टि र आक्रोशलाई सम्बोधन गर्दै उज्यालो भविष्यप्रति आशावादी बनाई त्यसको प्राप्तिका लागि आवश्यक ऊर्जा थप्नु। चौथो, बमलाई सामान्यीकरण गर्दै जनताबाट अनुमोदन गराउन सफल हुनु। यद्यपि यसको नकारात्मक पक्ष अस्ति भर्खरसम्म बम पड्काउनेहरू नै सरकारमा हुनु पनि हो। यसले क्रान्तिलाई सहज र सरल बनाएको छ। आजको समाजको चेतनास्तर र विकासको नयाँ विशेषताले यो सम्भव भएको हो। भ्रष्टाचारका अखडा, बहुराष्ट्रिय कम्पनीहरू, बेरोजगार उत्पादनका कारखानाजस्तै राज्य, तिनै बेरोजगार विवश मानिसको व्यापार गर्ने दलाल राजनीतिमाथि बम पड्काउँदा जनताहरू सहजै पचाउन सक्छन् र खुसी नै हुन्छन् । दलाल र भ्रष्ट राजनीति भने भयानक शैलीले बर्बराउँदै बमआतङ्क ठान्छ तर जनतालाई खास छुँदैन। पाँचौँ, आफ्नो शक्तिलाई शुद्धीकरण र सुदृढीकरण गर्दै देशव्यापी परिचालनद्वारा प्रतिरोध क्षमताको विकास गर्न सफल हुनु हो। कार्यकर्ता बमसँगै पड्किन र केन्द्रीय नेता तल्लो समितिमा झर्न तयार छन्। जेलको कठिन मोर्चा सहज पचाउनाले यही सत्यको पुष्टि गरेको छ। क्रान्तिका केही आगामी अभिभारा छन् जस्तो पहिलो आफ्नो विचार र कार्यदिशाको बुझाइमा स्पष्टता र एकरूपता कायम गर्दै निरन्तर परिष्कृत र विकास गर्न जरुरी छ । दोस्रो, जनताबाट नअलग्गिन, क्रान्तिलाई अरू सरल र सहज बनाई राजनीतिक विचारको प्रभावलाई सङ्गठनमा बदल्न अनि जनताको जीवनका जल्दाबल्दा समस्यालाई लिएर सङ्घर्ष गर्दै लोकप्रिय बन्न, त्यसका लागि शिक्षा, स्वास्थ्य, भ्रष्टाचार, बेरोजगारी, महँगीजस्ता समस्या उठान गरी रणनीतिको बलिदानीबेगर ससाना सफलता हात पार्नु । पछिल्लो मेडिकल शिक्षामा भएको सङ्घर्ष एक उदाहरण हुन सक्छ। सच्चा देशभक्त, वामपन्थी, प्रगतिशील, लोकतान्त्रिक, गणतन्त्रवादी र कम्युनिस्ट शक्तिहरूको बृहत् संयुक्त मोर्चा बनाउन पहलकदमी लिन जरुरी छ । तेस्रो, आफ्नो शक्ति खासगरी नेतृत्वको रक्षा गर्दै प्रतिरोध क्षमताको गुणात्मक रूपले विकास गर्न। चौथो, क्रान्तिको अन्तर ोष्ट्रिय आयामलाई विशेष महत्वका साथ उठाएर अगाडि बढाउन र पाँचौं, सूचना, सञ्चार र प्रचारलाई व्यवस्थित गर्ने हो। विशेषतः हरेक नेतृत्वले विरोधीले गर्ने गलत प्रचार र आफ्नाले दिने गलत सूचनाबाट सतर्क बन्न आवश्यक छ। विद्रोही नेकपाले सत्ताको सङ्कटलाई क्रान्तिमा बदली वैज्ञानिक समाजवाद स्थापना गर्ने यात्रा पार गर्ने सङ्कल्प गर्दै समर्पित हुनुपर्छ।

अन्त्यमा आजको नेपालमा क्रान्तिकारी र प्रतिक्रान्तिकारी दुवै इतिहासका शिक्षासहित नयाँ रणनीति लिएर सङ्घर्षरत छन्। यो स्थितिमा हामीसँग तीन विकल्प छन् : पहिलो, देशलाई शान्तिक्षेत्र स्विजरल्यान्डजस्तै बनाउने, दोस्रो, क्रान्तिताकाको क्युबाजस्तो बन्ने र तेस्रो, युद्धक्षेत्र इतिहासको क्रिमिया, हालको सिरियाजस्तै बन्ने। पहिलो विकल्पका लागि एकातिर अन्तर्राष्ट्रिय परिस्थिति प्रतिकूल बन्दै गएको छ भने राष्ट्रिय रूपमा सम्पूर्ण जागरुक नेपाली जनताको बृहत् जुझारु एकता कायम गर्नसक्ने सही विचार र नेतृत्वको अभाव छ । त्यसैले यो असम्भव छ, बरु वर्तमान सरकार युद्धको रोजाइसहित क्रान्तिकारी जनतालाई निःशस्त्र पार्दै सिरिया बनाउने दिशामा अग्रसर छ। त्यसैले हाम्रा लागि दोस्रो विकल्प क्रान्तिकारी नेपाल बनाउन सही हुन सक्छ किनभने कुनै पनि ठूलाठूला उपलब्धिको प्राप्ति जोखिमपुर्ण उथलपुथलकारी प्रक्रियाबाट अघि बढेर मात्र हुनसक्छ। विद्यमान सरकारी र विद्रोही नेकपाको धारणा, दाबी र प्रतिदाबी हेर्दा देश यही उथलपुथलकारी अभियानको पूर्वसन्ध्यामा रहेको सहज अनुमान गर्न सकिन्छ। जब जनता सही विचार र नेतृत्वसहित मुक्तिका लागि उठ्छन् तब 'चेनी डक्ट्रिन' मात्र होइन, शासक वर्गका कुनै डक्ट्रिनले काम गर्नेछैन र क्रान्ति एक वास्तविकता बन्दछ। एक्काईसौँ शताब्दीको क्रान्ति नयाँ रणनीतिसहित मात्र सफल हुनेछ।

***(नेकपाका पूर्वपोलिटब्युरो सदस्य रणवीरलाई केपी वली सरकारले हाल झूट्टा मुद्दा लगाएर बर्दिया कारागारमा राखेको छ– सम्पादक।)***

# राजनीतिक विज्ञानमा नयाँ अन्वेषण



अमर झाँक्री 'सन्जिव'

राजनीतिक विज्ञान त्यस्तो विज्ञान हो, जसले सामाजिक जीवनका हरेक अन्तरविरोधको परिचालन गर्दछ र त्यसलाई हल गर्न एउटा सुस्पष्ट दृष्टिकोण अगाडि सार्दछ । यसले सही विचार र विधि अगाडि सार्दा सामाजिक जीवनका अन्तरविरोधको सही समाधान भई समाजको विकास द्रूत गतिमा अगाडि बढ्दछ तर जब यसले गलत विचार र विधि अगाडि सार्छ, तब त्यसले सामाजिक जीवनका अन्तरविरोध झन् बढ्न गई सामाजिक जीवन यथास्थिति र पश्चगामी दिशातर्फ धकेलिन पुग्दछ। आज विश्वका केही देश अति विकसित छन् । केही देश विकसित र केही देशहरू अल्पविकसित रूपमा रहेका छन् । त्यसका पछाडिको एउटा महत्वपूर्ण कारण भनेको सम्बन्धित देशका राजनीतिक पार्टीले अगाडि सारेका विचार, विधि तथा प्रणालीसँग अन्तर्सम्बन्धित रहेका छन् । जुन देश अतिविकसितको सूचाङ्कमा छन् ती देशमा अङ्गालिएका विचार, विधि र प्रणालीले राजनीतिलाई केही हदसम्म राज्यसत्ता, विचार र जनतासँग जोड्न सक्नु हो । हाम्राजस्ता देशहरू जो आज पनि अल्पविकसित मात्र होइन, पराधीन पनि छन्, यसको मूल कारण भनेको इतिहासदेखि वर्तमानसम्म देशका राजनेताले अगाडि सारेको गलत विचार, विधि र प्रणाली मूल रूपमा जिम्मेवार रहेको छ। जुन जनतासँग जोडिन सकेन र सीमित मुट्ठीभर व्यक्तिको नियन्त्रणमा रहेको परिणाम हुन्।

आज विश्वव्यापी रूपमा संसदीय पुँजीवादी शासन व्यवस्था चलिरहेको छ । यस प्रकारको संसदीय पुँजीवादी व्यवस्थाले कैयौँ देशलाई उत्तर-साम्राज्यवादी राष्ट्रमा विकसित गर्न पुगेको छ भने अधिकांश राष्ट्र अल्पविकसित र पराधीन राष्ट्रका रूपमा रहन पुगेका छन् । अति विकसित राष्ट्र हुन् या अल्पविकसित राष्ट्र हुन्, संसदीय व्यवस्थाको सारतत्व भनेको सीमित पुँजीपतिवर्गले बहुसङ्ख्यक श्रमजीवीवर्गलाई श्रमशोषण गर्नुमा रहेको हुन्छ । र, त्यसका निम्ति यसले भ्रष्टाचार, कमिसनखोर, कालाबजारी, महङ्गी, तस्करीलगायतका जनविरोधी क्रियाकलाप अपनाइरहेको हुन्छ। संसदीय व्यवस्थाको मार्गदर्शक सिद्धान्त, विचार र सत्ता सञ्चालन एउटै भए पनि उत्तर-साम्राज्यवादमा पुगेको अति विकसित राष्ट्रले विकसित र अल्पविकसित राष्ट्रमाथि विभिन्न उत्पीडन थोपर्न पुगेका छन्। उनीहरूले त्यहाँ रहेका खनिजजन्य पदार्थ, जल, जमिन, जङ्गल, जडीबुटीको दोहनका लागि लुछाचुँडी र प्रतिस्पर्धालाई गुणात्मक रूपले बढाइरहेका छन्। एकातिर अतिविकसित राष्ट्रहरूले अल्पविकसित राष्ट्रमाथि शोषण, दमन र हस्तक्षेप बढाइरहेका छन् भने अर्कोतिर अल्पविकसित राष्ट्रमा त्यही शासन गरिरहेका दलाल पुँजीपतिवर्ग र त्यहाँका न्यायप्रेमी जनताका बीचमा पनि दुश्मनीपूर्ण अन्तरविरोध बढ्दै गइरहेका छन् । यस प्रकारको अन्तरविरोधका कारण आज अल्पविकसित राष्ट्रका जनताका अगाडि विद्रोह र सङ्घर्षको विकल्प छैन । आज विश्वव्यापी रूपमा उपर्युक्त अवस्था बढ्दै गइरहेका कारण सङ्कट चुलिँदै गइरहेका छन्।

आज विश्वव्यापी रूपमा देखापरिरहेको यस प्रकारको अन्तरविरोधको एक मात्र समाधान भनेको विद्यमान संसदीय पुँजीवादी व्यवस्थाको अन्त्य र वैज्ञानिक समाजवादी व्यवस्थाको निर्माण गर्नु हो । जहाँ उत्पीडितवर्ग, जाति, लैङ्गिक, क्षेत्र र समुदायका बीचका अन्तरविरोध रहनेछैनन् । वर्गविहीन समाजको निर्माण हुनेछ । जहाँ मानवजातिलाई वैज्ञानिक साम्यवादमा लैजान प्रशिक्षित गर्ने विचार र कार्यविधिको प्रयोग गरिनेछ। आज समाजवादी व्यवस्था स्थापनार्थ संसारभरका जनसमुदायले साम्राज्यवाद तथा त्यसद्वारा निर्देशित शासन व्यवस्थाका विरुद्ध विभिन्न विद्रोह, युद्ध र क्रान्तिहरू सङ्गठित गर्दै आइरहेका छन् । तर, ती क्रान्तिले साम्राज्यवादी शासन व्यवस्थामाथि विजय हासिल गर्न सकेका छैनन् । अझ महत्वपूर्ण विषय के छ भने विगतमा संसारका एकतिहाइ भू- भागमा स्थापना गरिएका समाजवादी सत्तामा प्रतिक्रान्ति हुन पुगेको छ। यो एउटा गम्भीर विषय बन्न पुगेको छ। विश्वमा समाजवादी सत्ताहरूमा भएका प्रतिक्रान्ति र माओको निधनपश्चात् विश्वव्यापी रूपमा सञ्चालन गरिएका क्रान्तिले आफ्नो विजय सुनिश्चित गर्न नसक्नुका कारणबारे विश्वव्यापी रूपमा गम्भीर समीक्षा र अध्ययन-अन्वेषण चलिरहेको छ।

प्रचण्ड-बाबुरामहरूले जनयुद्धलाई बीचमै अलपत्र छोडेर जब संसद्वादका सामु आत्मसमर्पण गर्न पुगे तब पार्टीमा यसबारेमा मूर्त बहस अगाडि बढ्न थाल्यो । जनयुद्धकालमा पनि हामीले पार्टीमा क्रान्ति, प्रतिक्रान्ति र पुनः नयाँ क्रान्तिको बारेमा बहस सञ्चालन गरेका थियौँ। त्यस प्रकारको बहसमा सहभागी नेतृत्वले नै पुनःप्रतिक्रान्तिको सेवा गर्न पुगेको सन्दर्भमा यो बहसले पुनः विश्वव्यापी र नेपालमा पनि नयाँ रूप र आकार लिन थाल्यो । शान्तिप्रक्रियामा प्रवेश, पार्टीमा चलेका दुईलाईन सङ्घर्ष तथा एकता र फुटका घटनाक्रम, सहिद, बेपत्ता योद्धाहरूले देखाएको बाटो स्मरण गर्दै वर्तमान नेपाली समाजका अन्तरविरोधको पहिचान र समाधानका साथै, वैज्ञानिक समाज जहाँ समानता, स्वाधीनता, समृद्धि र शान्तिसहितको विश्वस्तरमा प्रतिस्पर्धा गर्न सक्ने नेपालको निर्माणलगायतका विषयमा बहस केन्द्रित हुन पुगे । यसको निचोड हामीले के निकाल्यौँ भने क्रान्तिको पूर्ण सफलता र त्यसलाई प्रतिक्रान्तिबाट रक्षा गर्दै निरन्तर क्रान्तितर्फ जानका लागि हामीले दर्शन, राजनीति, सङ्गठन र अर्थप्रणालीका साथै, कार्यदिशा पनि विकास गर्न आवश्यक छ। उपर्युक्त निष्कर्षलाई पूर्णता दिनका लागि हाम्रो पार्टीले महासचिव विप्लवको नेतृत्वमा सामान्यतः शान्तिप्रक्रियाको झन्डै एक दशक र मुख्यतः दुई वर्षको बहसपश्चात् भएको आठौँ महाधिवेशनमा केही अन्वेषण गर्न सफल भएको छ। त्यसबारे यहाँ सङ्क्षिप्त चर्चा गरिनेछ ः

**दर्शन :**

दर्शन भनेको समाजलाई हेर्ने बुझ्ने र बदल्ने दृष्टिकोण हो, जसलाई कार्ल मार्क्सले, "संसारलाई व्याख्या गर्ने दार्शनिकहरू त हजारौँ छन् तर मूल कुरा बदल्नु हो" भनेका छन्। दर्शनको यो प्रयोग लेनिन, स्टालिन, माओ हुँदै हामीले पनि प्रयोग गर्दै आयौँ । आठौँ महाधिवेशनको निष्कर्ष के रहेको छ भने अब बुझ्ने र बदल्नेले मात्रै पुग्दैन किनकि समाजवादी सत्ताहरू टिक्न सकेनन्, जो लाखौँ मानिसको त्याग, वीरता र बलिदानपश्चात् प्राप्त भएका थिए। त्यसकारण अब दर्शनमा विकास र रक्षा गर्नुपर्छ भन्ने कुरा थपेका छौँ। यसले विगतमा समाजवादी सत्तामा प्रतिक्रान्ति किन र कसरी भयो र आगामी दिनमा प्रतिक्रान्तिबाट समाजवादी सत्तालाई कसरी रक्षा गर्न सकिन्छ भन्ने कुराको विहङ्गम अध्ययन गर्न मद्दत पुग्नेछ, यो पहिलो प्रश्न हो । दर्शनकै क्षेत्रमा दोस्रो महत्वपूर्ण प्रश्न ' विपरीतहरूको एकत्व' बारे पनि नयाँ अन्वेषण अगाडि बढाइएको छ। जसअनुसार संसारका हरेक वस्तु विपरीतहरूको एकत्वको सार्वभौम रूपमा चलिरहेका छन् तर त्यही कुरा एउटा पार्टी र त्यसमा चल्ने दुईलाईन सङ्घर्षमा हुबहु लागू हुन सक्दैन अर्थात् दुईलाईन सङ्घर्ष सजातीय हुनुपर्दछ । यो यसकारणले कि एउटा राजनीतिक पार्टी अझ त्यसमा पनि क्रान्तिकारी कम्युनिस्ट पार्टी जसले समाज रूपान्तरणको तरिका मात्रात्मक गतिबाट होइन, गुणात्मक गति अर्थात् क्रान्तिद्वारा हुने कुराको आत्मसातीकरणसहित प्रयोगको तहमा पुऱ्याउँछ । त्यसका लागि सिङ्गो पार्टीमा एकता चाहिन्छ । त्यसले नेता-कार्यकर्ता र जनतालाई एकताबद्ध गर्न सक्नुपर्दछ । एउटै पार्टीमा बसेर विपरीत तर्क गर्नेजस्तो कि क्रान्ति हुन्छ कि हुँदैन ? गर्नुपर्छ र पर्दैन भन्नु गलत हुन पुग्दछ।

पार्टीमा विपरीतहरूको एकत्वलाई अन्य वस्तुहरूमा झैँ प्रयोग गरिरहँदा एकातिर पार्टीमा निरन्तर फुट भइरहन्छ भने अर्कोतर्फ आफ्नो स्वार्थअनुसार मानिसहरू कहाँ पुग्छन् भन्ने कुरा प्रचण्ड-बाबुरामको व्यवहारले स्पष्ट गर्दछ। आज उनीहरू विपरीतहरूको एकत्वको गलत परिभाषाका कारण उत्पीडित श्रमजीवीवर्गको मुक्तिको वर्गदृष्टिबाट च्यूत भई संसद्वादीसँग घाँटी जोड्न पुगेका छन् । दर्शनको क्षेत्रमा तेस्रो प्रश्न भनेको ऐतिहासिक भौतिकवादको विकास गर्ने सवालसँग

... बाँकी पृष्ठ ७ मा

# राज्यसत्ता र न्यायालय



धीरेन्द्राकुमारी उपाध्याय 'भृकुटी'

**भूमिका**

प्रकृतिसँग मानवको सङ्घर्षले उत्पादनका साधन र स्रोतमा भएको विकास निजी सम्पत्तिको उदयले मानव समाज दुई दृष्टिकोण (आदर्शवाद र भौतिकवाद), दुई वर्ग (शासक र शासित), दुई समाज (धनी र गरिब) मा विभक्त भयो।

आफ्नो वर्गको स्वार्थरक्षाका लागि एक वर्गले अर्को वर्गमाथि शोषण र दमन गर्ने माध्यमका रूपमा राज्यसत्ताको विकास भयो । ऐतिहासिक समाज विकासप्रक्रियालाई नियाल्दा दासयुगमा मालिकहरूले दासमाथि चर्को शोषण र दमन गरे । दासहरूको विद्रोहले दासयुगको अन्त्य र सामन्तवादी युगको उदय भयो। सामन्तवादी युगमा सामन्तले गरिबहरूलाई चर्को उत्पीडनको सिकार बनाए । सामन्तवादका विरुद्ध गरिबले सङ्घर्ष गर्नुपऱ्यो । सामन्तवादका ठाउँमा पुँजीवादको उदय भयो। एङ्गेल्सले भनेझैँ 'पुँजीवादी व्यवस्था वेश्या व्यवस्था हो।' रूपमा हेर्दा राम्रो, जनतालाई अधिकार र स्वतन्त्रता दिएजस्तो तर सारमा पुँजीवादी एकाधिरकावादी चरित्रले मजदुरमाथि ठूलो श्रमशोषण, आर्थिक शोषणले मजदुरको जीवन नै चौपट बनाइदियो। यो व्यवस्थाले सीमित व्यक्तिलाई सम्पन्न बनायो। बहुसङ्ख्यक जनतालाई दलाली तस्कर र भ्रष्टाचारी बनायो । दलाल पुँजीपति वर्गको बोलवाला भयो। राष्ट्रिय पुँजीपति वर्ग विस्थापित भए। साँच्चिकै सर्वहारा, श्रमजीवी जनताको न घरको न घाटको अवस्था उत्पन्न भयो। सबै युगहरूमा रहेको वर्गीय अन्तरविरोध झन् चर्किँदै गयो। निरन्तरतामा विकास भयो तर वर्गीय समस्या समाधान हुन सकेन। यो समस्याको समाधान त्यति बेला मात्र सम्भव हुन्छ जतिबेला वर्गविहीन समाज निर्माण हुन्छ। निजी सम्पत्तिको अन्त्य हुन्छ। वर्गीय रूपमा रहिआएको असमानताको अन्त्य हुन्छ। अनि मात्र सर्वहारा श्रमजीवी वर्गको मुक्ति र परिवर्तन हुन्छ।

विद्यमान दलाल संसदीय व्यवस्था सत्ता संरक्षणका लागि विकास गरिएका संरचना सत्ता सञ्चालन गर्ने नेताले अवलम्बन गरेको दृष्टिकोण र नीतिले नेपाली जनतामा ठूलो अविश्वास र आशङ्का पैदा भएको छ। राज्यसत्ताको दोस्रो अङ्ग न्यायपालिकाको अवस्था अपराधी पत्ता लगाउने, अपराधीलाई न्याय दिने, अपराधीलाई रूपान्तरण गर्ने विधिका बारेमा चर्चा गर्न खोजिएको छ।

**राज्यसत्ता के हो ?**

सत्ता भनेको एक वर्गले अर्को वर्गमाथि शासन गर्ने साधन हो। विश्वमा अभ्यास गरिएका शासन व्यवस्था २ वटा दृष्टिकोणबाट निर्देशित छन् ः एउटा अध्यात्मवादी-आदर्शवादी दृष्टिकोण र अर्को द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोण। अध्यात्मवादी-आदर्शवादी दृष्टिकोणबाट निर्देशित सत्ता नीति र नेतृत्वले अल्पसङ्ख्यक शासक वर्गको भरणपोषण र स्वार्थ रक्षा गर्दछ। राष्ट्र र राष्ट्रिय सम्पत्ति धराशायी हुँदै जान्छ। व्यक्ति सम्पन्न हुँदै जान्छ। प्राकृतिक सम्पदा जल, जमिन र जङ्गल ठूला शक्ति राष्ट्रहरूलाई सुम्पेर प्रत्येक जनतालाई ऋणको भार थोपर्दै जान्छ । धनी र गरिबबीचको खाडल झन् गहिरिँदै जान्छ । धनीको समकक्षी गरिबलाई आउन दिँदैन। पुरुषको प्रतिस्पर्धी महिलालाई आउन दिँदैन । यसले त बहुसङ्ख्यक गरिब जनतालाई बेरोजगार, दलाल, तस्कर र भ्रष्टाचारी बनाउँदै जान्छ। सत्तामा पुँजी र पावर हुनेहरूको बोलवाला बढ्दै जान्छ। इमानदार र क्षमतावान् व्यक्तिको कुनै स्थान हुँदैन । आफ्नो स्वार्थ र सत्तारक्षाका लागि साम, दाम, दण्ड, भेद, जाल, जेल, षड्यन्त्रको नीति अवलम्बन गर्दछ। गरिब जनतालाई शोषण, दमन र उत्पीडनका हथकण्डा प्रयोग गरिरहन्छ । यस्तो दृष्टिकोणले राष्ट्र र जनतालाई बर्बाद बनाउँछ।

द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणद्वारा निर्देशित राज्यसत्ता, नीति र नेतृत्वले बहुसङ्ख्यक सर्वहारा श्रमजीवी जनतालाई पहिलो स्थानमा राख्छ । राष्ट्रिय स्वाधीनता, सार्वभौमसत्ता सम्पन्न राष्ट्र निर्माणमा जोड दिन्छ। गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारलाई नैसर्गिक अधिकारका रूपमा लागू गर्दछ । ठूला वित्तीय संस्था, स्वास्थ्य संस्था, शिक्षण संस्था, उद्योगधन्दा, कलकारखाना राष्ट्रियकरण गर्दै जनतालाई निःशुल्क उपलब्ध गराउँछ। प्रत्येक नागरिकलाई 'क्षमताअनुसारको काम, कामअनुसारको दाम' को व्यवस्था गर्ने, दलाली, तस्करी, भ्रष्टाचारी, गुण्डागर्दी, चोरी, देहव्यापार गरेर जीवन गुजारा गर्ने संस्कार र संस्कृतिको अन्त्य गरी इमानदार, परिश्रमी, बहादुरी र साहसका साथ जीवन गुजारा गर्ने संस्कारको विकास गर्दछ। नेताहरूको सम्पत्ति राष्ट्रियकरण गरी भरणपोषणको जिम्मा राज्यले लिन्छ । हदबन्दीबाहेकको जमिन राष्ट्रियकरण गरी भूमिहीन किसान र सुकुमबासीलाई वितरण गर्दछ । यस्तो नीतिले समाजमा रहेको विभेद र असमानता अन्त्य गर्दै जान्छ। सबै नागरिकले गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य र रोजगारका लागि तड्पिएर मर्नुपर्ने अवस्था आउँदैन । सबै जनताले समान जीवन जिउने अवसर प्रदान हुन्छ। राज्यको यस्तो दृष्टिकोण नीति र नेतृत्वले जनतालाई सुखी, खुसी, शान्त राख्छ। राष्ट्र स्वाधीन र सम्पन्न हुँदै जान्छ । यस्तो व्यवस्थालाई वैज्ञानिक समाजवाद भनिन्छ।

**न्यायालय**

न्यायालय पनि राज्यसत्तालाई निर्देशित गर्ने दृष्टिकोण नीति र नेतृत्वमा भर पर्दछ। द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोण अवलम्बन गरेको छ भने त्यसले निस्वार्थी र निष्पक्ष न्याय दिन सक्छ । अध्यात्मवादी आदर्शवादी दृष्टिकोणद्वारा निर्देशित विद्यमान दलाल संसदीय व्यवस्थाले पुँजी र शक्ति (पावर) हुनेवालालाई न्याय दिन्छ। गरिब, असहाय, उत्पीडितलाई अन्यायको जाँतोमा तड्पाइरहन्छ। अब अहिलेको न्यायालयको अवस्था, यथार्थ, समस्याको चर्चा गरौँ।

**सत्य अन्वेषणको अभाव**

नेपालमा सञ्चालित संसदीय व्यवस्थाको दोस्रो अङ्गका रूपमा न्यायपालिकालाई लिइएको छ। सर्वोच्च अदालत, पुनरावेदन अदालत, उच्च अदालत, जिल्ला अदालत गरी ५ वटा निकाय विद्यमान छन् । यी सबै निकायमा आउने उजुरी र दिइने न्यायले जनतामा ठूलो अविश्वास र आशङ्का पैदा भएको छ। साँच्चिकै दर्ता गरिएका मुद्दाहरूमा वादी र प्रतिवादीको अवस्था कस्तो हो। दोषी हो वा होइन, घटनाको गहिरो अनुसन्धान गरेर तथ्यबाट सत्य पत्ता लगाएर फैसला गरिनु पर्दथ्यो। तर नेपालमा यथार्थको दुनियाँभन्दा कागजी र पुँजी अनि पहुँचवालाको दुनियाँ भएकाले समस्या पैदा भएको छ। अर्को कानुनको मातहतमा व्यक्ति चल्नेभन्दा व्यक्तिको सनकमा कानुन कार्यान्वयन हुने हुँदा सत्यको अन्वेषण हुन सकिरहेको छैन। जसले धेरै पैसा दिन्छ, जो पुँजीपति र उद्योगपति छ, जो ठूला सत्ताधारी पार्टीका नेता छन्, उच्च ओहोदाका कर्मचारी छन्, जो आसेपासे छन्, तिनले सजिलै न्याय पाउँछन् । जो सामान्य गरिब छ, असहाय छ, त्यसले कहिल्यै न्याय पाउँदैन । जस्तै उदाहरणका लागि निर्मला पन्तको हत्या र बलात्कारीलाई न सार्वजनिक गर्छ, न त कारबाही नै गर्छ। निर्मलाका आमाबुबा अनशन बस्दा, आन्दोलन गर्दागर्दा मानसिक रोगी भैसके, आन्दोलनकारी थाकिसके, कुनै सुनुवाइ हुँदैन। सत्यको अन्वेषण गरेर दोषीलाई कारबाही गर्ने काम राज्यको हो । सामान्य गरिब भएरै यो हालत भएको हो । दोषी पनि पावर हुनेवाला भएरै बचेको हो । त्यसैले न्यायालयमा रहेको यो विकृति अन्त्य गरिएन भने गरिबले न्याय कहिल्यै पाउँदैन।

**जेल र बन्दीको अवस्था**

राज्यसत्ता कस्तो छ, यसले अवलम्बन गरेको संस्कार र संस्कृति कस्तो छ, त्यसको प्रत्यक्ष प्रतिबिम्ब जेलभित्र छ। समाज २१ औँ शताब्दीमा प्रवेश गरिसक्यो । विज्ञान र प्रविधि विकासले विश्वकै अवस्था सेकेन्डमा थाहा पाउने भैसक्यो तर नेपालका जेलहरूमा उही शासकीय प्रवृत्ति निरङ्कुशतन्त्रको अन्त्य भएको छैन । भन्न त नेपाल सरकारका गृहमन्त्री रामबहादुर थापाले नेपालका जेलहरूमा अर्कै सत्ता छ भन्नुभयो । तर उहाँ आफैँ समस्या समाधान गर्ने ठाउँमा हुनुहुन्छ । किन उदासीनता देखाउनुभएको छ ? जेल र बन्दीको अवस्था यथास्थितिमा किन घुमाइरहनुभएको छ ? हुनत वर्गीय दृष्टिकोणबाट विचलित भएपछि आदर्शमा जति सुन्दर भाषा बोले पनि व्यवहारमा पत्याउने ठाउँ छैन। नेपालभरि २५ हजार बन्दी छन्। २५ हजार बन्दीलाई दाल र तरकारीको पैसा दिनको ६० रुपैयाँको दरले दिनको १५ लाख, महिनामा ४ करोड ५० लाख, वर्षमा ५४ करोड खर्च हुन्छ । चामल महिनामा १ जनाबराबर २१ किलो दिइन्छ। वर्षमा २५२ किलो दिइन्छ। कैदी, बन्दी र जेलको आन्तरिक प्रशासनबीच अन्तरविरोध देखिन्छ । प्रशासनले चर्को महँगी छ, खाद्यान्नको यही स्केलले पुग्दैन, बढाउनुपर्छ भन्छ। कैदी, बन्दीले कैयौँ पैसा हुनेवालाले आफ्नै खाना खान्छन्। यहाँको आन्तरिक प्रशासनले खाद्यान्न बिक्री गरेर भ्रष्टाचार गर्छन् । बन्दीहरूलाई गुणस्तरहीन खाना खुवाउँछन्। खानामा पनि ठूलो असमानता छ । राज्यले राम्रो अनुगमन गरी समस्याको समाधान गर्नुपर्ने तर राज्य छ कि छैन, कुनै अनुभूति नै छैन । अर्को चौकीदार र आउटर, नाइके नियुक्ति गर्दा एकजनाबाट ५ लाख घुस लिने चलन छ। यो राज्यको नीति हो वा व्यक्तिको नीति हो भन्नेमा बन्दी अन्योलमा छन् । बन्दीहरूलाई सुधार्नका लागि भनेर सुधारगृहका नाममा जेलमा राखिएको छ । भित्र खाली दिमाग सैतानको घर भनेझैँ श्रमविहीन अवस्थामा छन्। यसले बन्दीहरू चुरोट पिउने, सुर्ती खाने गलत संस्कार र संस्कृतिका सिकार भएका छन्। यस्तो जनशक्ति उत्पादन गरेर के राज्यलाई लाभ हुन सक्छ त ? बन्दी सुधार्ने राज्यको यस्तो नीति राज्यकै लागि प्रत्युत्पादक हुन्छ । यो अवस्थालाई बदल्न जरुरी छ।

**समस्याको समाधान**

सत्ता परिवर्तन ः बन्दीको जीवन जेलभित्र रहेका विद्यमान समस्या समाधानको पहिलो र महत्वपूर्ण उपाय मार्क्सले भनेझैँ 'संसार बुझ्नेभन्दा मुख्य कुरा बदल्ने हो।' त्यसैले दलाल संसदीय व्यवस्थाको अन्त्य र बहुसङ्ख्यक सर्वहारा श्रमजीवी जनताको हित हुने द्वन्द्वात्मक भौतिकवादी विश्वदृष्टिकोणद्वारा निर्देशित वैज्ञानिक समाजवादी राज्यव्यवस्थाबाट मात्रै सम्भव छ । न्यायालय पनि राज्यसत्ताको महत्वपूर्ण अङ्ग भएकाले सत्ता परिवर्तन नभईकन न्यायालय परिवर्तन हुने कुरा असम्भव हुन्छ। यसर्थ पहिलो जोड सत्ता परिवर्तनमै हुनुपर्छ।

मुद्दाको वर्गीकरण ः जति मुद्दा न्यायालयमा दर्ता भएका छन् ती मुद्दाहरूलाई (१) सामान्य अपराध (२) जघन्य अपराध (३) राजनीतिक आस्था गरी ३ किसिमले वर्गीकरण गरिनुपर्दछ । घटनाको गहिरो अनुसन्धान गरी सत्यबाट तथ्य पत्ता लगाई जघन्य अपराधीलाई कडा कारबाही गरिनुपर्दछ। अन्य अपराधीलाई अपराधअनुसार सजाय दिइनुपर्दछ। अहिलेको परम्परावादी मान्यता पुँजी र पहुँचका आधारमा दोषीलाई न्याय लिने र जसको कोही छैन र केही छैन त्यसलाई अन्याय गर्ने मान्यता पूर्ण रूपमा अन्त्य गरिनुपर्दछ। अनि मात्र साँच्चिकै दोषीलाई कारबाही र निर्दोषले न्याय पाउनेछ।

**बन्दी रूपान्तरणको विधि**

अपराधमा संलग्नलाई दोषीलाई रूपान्तरण गर्ने विधि खाली दिमाग सैतानको घर बनाएर रूपमा सुधार गृह नाम दिएर सारमा गलत संस्कार र संस्कृतिमा तल्लीन गराएर, मानसिक रोगी, अराजक जनशक्ति जन्माएर हैन, बरु सबै बन्दीलाई क्षमताअनुसारको काम दिएर श्रममा पठाउनुपर्ने, दैनिक पारिश्रमिकको व्यवस्था गरिनुपर्ने, पारिश्रमिकबाट आउने रकमको निश्चित प्रतिशत राज्यको कोषमा जम्मा गर्नुपर्ने, आफ्नो परिवारसँग भेटघाटको वातावरण मिलाउनुपर्ने, कैदी, बन्दीलाई व्यवस्थापन खर्च हुने करोडौँ रकम विकास निर्माणमा परिचालन गर्नुपर्ने, जघन्य अपराधबाहेक अरू बन्दीलाई खुला कारागारको व्यवस्था हुनुपर्दछ। अनि मात्र विद्यमान समस्याको समाधान हुन्छ।

अन्त्यमा सबै समस्याको जड आदर्शवादी अधिभूतवादी दृष्टिकोणबाट निर्देशित सत्ता, नीति र नेतृत्व हो । यसले शासक वर्गको पक्षपोषण मात्र गर्दै जान्छ। शोषित वर्गलाई अन्याय, अत्याचार र उत्पीडनको सिकार बनाउँदै जान्छ । यसर्थ सच्चा परिवर्तनका पक्षधर क्रान्तिकारी जनसमुदायले दलाल संसदीय व्यवस्थाको अन्त्य गर्दै बहुसङ्ख्यक सर्वहारा श्रमजीवी जनताको मुक्ति र परिवर्तनका खातिर द्वन्द्वात्मक भौतिकवादी दृष्टिकोणबाट निर्देशित वैज्ञानिक समाजवादी राज्यव्यवस्था, सोहीअनुरूप नीति र नेतृत्वबाट मात्रै उल्लिखित समस्याको समाधान सम्भव छ।

# नेपाली राष्ट्रियताको रक्षामा बिदेसिएका नेपालीको भूमिका

**विष्णु भुजेल**

२ नोभेम्बर २०१९ मा भारतले नेपाली भूमि लिम्पियाधुरा, कालापानी र लिपुलेकलाई आफ्नो राजनीतिक नक्सामा सामेल गरेर सार्वजनिक गरेको छ। यो अतिक्रमणकारी हर्कतको विरोधमा फेरि एकपटक नेपाली जनता जुरुक्क उठेका छन्। भारतीय हस्तक्षेपको विरोधमा नेपालमा मात्र नभएर प्रवासमा रहेका नेपालीहरूले पनि सङ्गठित रूपमा विरोध प्रदर्शन गरिरहेका छन्।

नेपालमाथि भारतीय सत्ताधारीहरूको ज्यादती कति छ भन्ने कुराको उजागर गर्न यी विरोधका कार्यक्रमहरूले भूमिका निर्वाह गरिरहेका छन् । प्रवासमा थुप्रै देशहरूमा भारतीय दूतावासअगाडि प्रदर्शन भैसकेका छन् । यो प्रदर्शनको सुरुआत बेल्जियममा रहेका नेपाली डायस्पोराबाट गरिएको हो । नेपाली जनप्रगतिशील मोर्चा बेल्जियमले भारतीय दूतावासअगाडि प्रदर्शन गर्नका लागि सबै प्रक्रिया अगाडि बढाएसँगै बेल्जियमस्थित सबै नेपाली सङ्घसंस्थालाई पनि यो प्रक्रियामा सहभागी हुन अपिल गऱ्यो र त्यसमा सबैको उत्साहजनक सहभागिता रह्यो । त्यतिबेला नै नेपाली जनप्रगतिशील मोर्चा (एनपीपीएफ) ले भारतीय हस्तक्षेपविरुद्ध प्रदर्शन गर्ने र यो विषय सुगौली सन्धिदेखि हालसम्मका नेपालका सत्ताधारीहरूको सारमा रहेको दलाल चरित्र नै प्रमुख कारण भएकाले यस विषयमा नेपाल सरकारलाई पनि दबाब दिनुपर्छ भनेको थियो । यो विषयलाई बुझ्ने र प्रस्तुत हुने सवालमा एनआरएनए (ग्लोबल) र एनपीपीएफबीच अन्तरविरोध रहेको छ । एनआरएनएको प्रस्तुति र वक्तव्यबाजी हेर्दा लाग्छ, यो संस्था नेपाल सरकारको कुनै एक औपचारिक निकाय हो र यसले नेपाल सरकारको हरेक कदममा प्रतिबद्धता जनाउनुपर्छ । एनआरएनएको बुझाइमा पूर्वाग्रही र गलत हुँदाहुँदै पनि आन्दोलनमा सहभागी हुन्छ भने लचकता अपनाउँदै सँगै जानुपर्छ भन्ने हेतुले हामी बेल्जियममा भएका सबै सङ्घसंस्था एउटै मञ्चमा प्रस्तुत भएका थियौँ ।

यो क्रम विश्वका थुप्रै देशहरूमा चल्यो। यसलाई बेल्जियमको प्रभाव नै त नभनौँ तर बेल्जियमको कार्यक्रमले संसारभरि रहेका नेपालीलाई एउटा ऊर्जा प्रदान गर्ने काम गऱ्यो र यसलाई अझै कसरी अगाडि बढाउने भन्ने विषयमा छलफल चलिरहेको छ । अहिले भारतीय हस्तक्षेपको विषयवस्तुसँगसँगै प्रवासमा रहेका नेपालीहरूलाई हेर्ने दृष्टिकोण र प्रवासमा रहेका नेपालीले देशप्रति हेर्ने दृष्टिकोणमा केही विषय सतहमा देखापरेका छन्। सबै प्रवासी नेपालीको प्रतिनिधित्व नेपालमा ग्लोबल सम्मेलन गरेर छानिने एनआरएनएले गर्न सक्छ त ? पक्कै गर्न सक्दैन । यसको चरित्र जहिले पनि सत्तासँग नजिकिने, सत्ताको चाकरी गर्ने, व्यक्तिहितका लागि बार्गेनिङ गर्ने, केही सीमित व्यक्तिको लगानीलाई सम्पूर्ण एनआरएनको हो भन्दै जनसमुदायमाझ भ्रम फैलाउने, राजनीतिक तथा प्रशासनिक पदहरूका लागि प्रोफाइल बनाउने, सामाजिक सञ्जालमा सस्तो लोकप्रियता कमाउनेलगायत छन्। भलै यो संस्थासँग सम्बन्धित केही अध्ययनशील र सामाजिक व्यक्तित्वहरू पनि छन् तर उनीहरू त्यहाँ टिकिरहन सक्तैनन् । यो संस्था प्रवासमा रहेका नेपालीहरूको समस्याका बारेमा संस्थागत रूपमा बोल्दैन। नेपाल सरकारको दलाल चरित्र र युवाहरूलाई देशबाहिर धकेल्ने पराधीन चरित्रका बारेमा बोल्दैन । देशमा व्याप्त भ्रष्टाचार, कालोबजारी, सामाजिक असुरक्षा, मानवअधिकारको हनन, अन्याय-अत्याचारका बारेमा एक शब्द खर्चन सक्दैन।

प्रबासिएका नेपालीहरूमध्ये केहीले विभिन्न देशमा आफू बसिरहेको देशको नागरिकता लिएका छन् । जुन देशमा बसिरहेका छन् त्यो देशको नागरिकता लिँदा त्यहाँको प्रशासनले हामीले हाम्रो देशको नागरिकता दिएको हो। तिम्रो देशको नागरिकताका बारेमा निर्णय गर्ने काम तिम्रै देशको सरकारको हो। हाम्रो होइन, हाम्रो कारणले छोड्न पर्दैन भनेको हुन्छ । बसिरहेको देशको अधिकतम अधिकार हासिल गर्न, भ्रमणका लागि सजिलो हुने वा अन्य विविध प्राविधिक कारणले त्यहाँको नागरिकता लिँदा सहज हुने गर्दछ । नेपालको आफ्नो राजनीतिक, आर्थिक, सामाजिक सुरक्षाजस्ता कारणले विश्वका विकसित राष्ट्रहरूमा श्रमजीवी युवाहरूले सजिलै जाने, काम गर्नसक्ने, नेपालको राहदानीमा घुम्न सक्ने, नेपाल सरकारले सरकारी तहमा आफ्नो नागरिकलाई श्रम स्वीकृति दिलाउन सक्ने, क्षमताका आधारमा विश्वका कुनै पनि देशमा नेपालको राहदानीमा काम दिलाउनसक्ने अवस्था भैदिएको भए अन्य देशको नागरिकता लिन जरुरी थिएन। यथार्थ के हो भने नेपालको हैसियत अहिले नेपाली युवकयुवतीलाई विश्वको श्रम बजारमा बेच्ने, श्रम स्वीकृति भएका देशमा पनि सबैभन्दा जोखिमपूर्ण काम गर्नुपर्ने, सरकारसँग स्वीकृत कोटामा पनि दलाललाई मोटो रकम बुझाउनुपर्ने अत्यन्तै निन्दनीय अवस्था छ। सरकारले युवाहरूलाई रोजगारीको अवसर प्रदान गर्नु कता हो कता उल्टै दलाली, भ्रष्टाचारी र अन्य विकृतिहरूको विरोध गर्नेहरूलाई चरम दमन गरेको छ। यस्तो बाध्यात्मक अवस्थामा लिएको विदेशी नागरिकताको सार कुरालाई गलत अर्थ लगाउँदै विदेशी नागरिकता लिनु भनेको नेपालप्रति गद्दारी गरेको, राष्ट्रप्रेम नभएको, धोकेबाज, नेपालीपन नभएको जस्तो गरेर नेपाल सरकार, विभिन्न राजनीतिक दलका नेताहरू, आमरूपमा पनि पूर्वाग्रही अभिव्यक्ति दिने गरेको पाइन्छ । यही पुरातनवादी सोचाइबाट प्रेरित भएर नेपाल सरकार नीति निर्माण गर्दैछ र अन्य देशको नागरिकता लिएका नेपालीहरूको नेपाली नागरिकता खोस्ने ऐन-कानुन लागू गर्दैछ।

प्रवासी नेपालीहरू एकाधबाहेक अन्य सबै श्रमिकहरू नै हुन् । तुलनात्मक रूपले देशघाती, भ्रष्टाचारी, बलात्कारी, माफिया, कालोबजारी, अपराधीलगायत विकृतिहरू नेपालमै धेरै छन् । अहिले विदेशमा रहेका नेपालीहरूको पहिलो पुस्ता वंशजका आधारमा नेपाली नागरिकता लिएको पुस्ता हो । यसैलाई ध्यान दिँदै एनआरएनले 'एकपटकको नेपाली, सधैँको नेपाली' भन्ने मुख्य नारा बनाएको थियो । त्यो नेपालीभाव बोकेको नाराले धेरैको मनोभावना जितिसकेको थियो । अहिले सरकारले यो नारालाई खारेज गरिदिएको छ। एनआरएनए ग्लोबल त्यसको प्रतिरोध गर्नुको सट्टा सरकारकै भजन गाउँदै हिँड्नु उदेकलाग्दो विषय बनेको छ । एनआरएनए ग्लोबलका केही नेतृत्ववालाहरू र वर्तमान अवस्थाको नेपाल सरकार प्रचारमुखी आर्थिक उपलब्धि र व्यक्तिगत स्वार्थमा मात्र केन्द्रित छन् । यिनले समुदायको हितमा कुनै काम गर्दैनन्। केही पात्रको बहकाउमा बिनाअध्ययन नेपाली नागरिकता खोस्ने नेपाल सरकारको निर्णय दुःखद् छ। यसले विदेशमा पसिना बगाएर नेपालकै सेवा गरिरहेका नेपालीहरूको भावनामा चोट पुऱ्याएको छ। उनीहरूको नेपालमा भएको सम्पत्ति असुरक्षित बनाएको छ। तत्काल यो नियम लागू गर्ने हो भने केही सीमितबाहेक दोहोरो नागरिकताबाट वञ्चितहरूको सम्पत्ति राष्ट्रियकरण हुन्छ।

दोहोरो नागरिकता लिनु राम्रो कुरा हो भन्न खोजेको होइन तर दोहोरो नागरिकता लिने विषय देशको हितअनुकूल छ। त्यसको सकारात्मक उपयोग भइरहेको छ र नागरिकता खोस्दा नागरिकहरूलाई नै समस्या पर्छ भने सरकारले सस्तो लोकप्रियता कमाउने निर्णयबाट पछि हट्नुपर्छ । विकसित देशहरूमा कसलाई नागरिकता दिने वा नदिने भन्ने विषय व्यक्तिगत मूल्याङ्कनका आधारमा गरिन्छ। विदेशी मूलको नागरिकले गम्भीर प्रकृतिको अपराध गरेको अवस्थामा मात्र उसको नागरिकता खोसेर जन्मेको देशमा पठाइन्छ । नेपालमा जन्मेहुर्केका, अवसरका लागि विदेश आएका तर नेपालकै सेवा गरिरहेका व्यक्तिहरूको नागरिकता खोस्न मिल्दैन । नेपालमा नरहे पनि एक नेपाली नागरिकले गर्नुपर्ने भूमिका उसले निर्वाह गरिरहेको हुनसक्छ, बरु उसलाई नेपाली नागरिक निरन्तर भइराख्न के प्रावधान चाहिन्छ, त्यो निर्धारण गर्न सकिन्छ। निश्चित कर तिर्नुपर्ने, निश्चित अवधिमा नेपाल आइरहनुपर्ने, नेपालको अहितमा काम गरेको छ कि छैन जाँच गर्ने आदि । अहिले नेपालको संसदीय निर्वाचनप्रणाली साह्रै नै फोहोरी र भद्दा भएकाले सबैलाई शङ्का लाग्नु स्वाभाविकै हो । मताधिकार र जनप्रतिनिधिका रूपमा निर्वाचनमा उठ्न पाउने अधिकार नेपालको भूराजनीतिले के-कति धान्न सक्छ ? त्यसको वैज्ञानिक बहस र छलफल गर्न सकिन्छ तर पनि कथम्कदाचित प्रवासमा रहेको नेपालीले नेपालमा निर्वाचित प्रतिनिधि बन्ने अवसर प्राप्त गर्ने हो भने निश्चय नै आफ्नो ज्ञान र सीपलाई सही प्रयोग गर्दै अब्बल दर्जाको समाज सुधारका काम गर्न सक्छ।

प्रवासी नेपालीहरूका यस्ता गम्भीर विषयहरूमा आवाज उठाउन छोडेर एनआरएनए ग्लोबल सरकारको चाकडीमा लिप्त हुनु भनेको संस्था नै विघटनको सङ्घारमा उभिनु हो । यसमा चर्चा गर्न खोजिएको विषय भने भारतीय हस्तक्षेपका विरुद्ध अहिले एनआरएनए ग्लोबलले चलाएको अभियान एक कदम प्रगतिशील हुँदाहुँदै पनि वर्तमान नेपाल सरकारले सबै कुराको हल गर्छ र सरकारका विरुद्ध बोल्न हुन्न भन्ने कुरा गलत छ । यो हस्तक्षेप बिल्कुल नयाँ र नौलो होइन । यो शदियौँदेखि हुँदै आएको कुरा हो । नौलो के हो भने अहिले भारतले अतिक्रमित भूभागलाई आफ्नो नक्सामा समेटेर प्रकाशित गरेको छ। त्यो भूभागमा भारतीय सेना धेरै पहिलेदेखि नै छ। त्यस क्षेत्रमा भारतीय सेना राखेपछि हाम्रा देशका कति राष्ट्रप्रमुखहरू भारत गए होलान्, कति आए होलान्, छलफल र वार्ताहरू भए होलान् तर विडम्बना के भयो भने नेपालमा हरेक नयाँ सरकार बन्दा भारतले झन् नयाँखाले हस्तक्षेप गर्दै आएको छ र नेपाल सरकारले त्यसको विरोध होइन, कार्यान्वयन गर्दै आइरहेको छ। त्यसैले भारतीय हस्तक्षेपलाई नेपाल सरकारले नै निमन्त्रणा दिइरहेको छ । आफ्नो भूभागमा, देशको सहमतिबिना विदेशी सेना बर्दीमा प्रवेश गर्न पनि पाउँदैन तर भारतीय सेना बर्सौंदेखि ब्यारेक बनाएर बसिरहेको छ भने अब त्यसलाई हल गर्न कुन कूटनीतिक काम बाँकी रह्यो ? अनि सरकारले गरिहाल्छ भनेर कसरी हामी ढुक्क भएर बस्ने ? त्यसैमा पनि नेपाल सरकारले केही पहल गरेकै छैन। नेपाल सरकारले आफ्नो दलाल तथा आत्मसमर्पणवादी चरित्रलाई परिवर्तन गर्ने हो भने करोडौँ नेपाली जनता सीमामा लड्नसमेत तयार छन् । लडाइँ हतियारले मात्र जितिने कुरा होइन, यो त जनताको समर्थनमा भर पर्ने कुरा हो। यस्तो अवस्थामा नेपालले राष्ट्रिय स्वाधीनताको लडाइँसमेत घोषणा गर्नुपर्ने हुन्छ । तर त्यो परिस्थितिभन्दा पहिले नेपालले यो विषयलाई अन्तर्राष्ट्रियकरण गर्नुपर्छ । कमसेकम अन्तर्राष्ट्रियकरण हुन सक्यो भने भारतीय ज्यादती विश्वसामु उदाङ्गो हुन्छ । सरकारको पारा हेर्दाखेरि यसलाई अन्तर्राष्ट्रियकरण गर्ने कुनै सङ्केत देखिँदैन। त्यसैले यो मुद्दालाई जसले अन्तर्राष्ट्रियकरण गर्न नेपालमा सङ्घर्ष गरिरखेका छन्, उनीहरूलाई नेपाल सरकारले व्यापक दमन र धरपकड गरेको छ । जसले यो विषयलाई निरन्तर उठाएको छ उसलाई अन्यायपूर्ण तवरले प्रतिबन्ध लगाएको छ। यसर्थ यो विषयलाई सम्पूर्ण एनआरएनएहरूले सरकारलाई दबाब दिने र यो विषयवस्तुलाई अन्तर्राष्ट्रियकरण गर्नका लागि महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छन्।

यो विषय चाहेर पनि सरकारले उठाउन नसक्ने बाध्यता हुन सक्छन्। सरकारमा फेरबदल हुनसक्ने, नाकाबन्दीको सामना गर्नुपर्ने, भारतका तर्फबाट अन्य विविध चुनौतीहरू पनि हुन सक्छन्। छिमेकी राष्ट्रहरूमाथि बलजफ्ती हस्तक्षेप गर्नु भारतको उद्देश्य हो । भारतले जम्मु-कास्मिरका जनतामाथि कर्फ्यु लगाएरै कब्जा गरिराखेको छ । नेपाली समुदायले भारतीय दूतावासमा विरोध कार्यक्रम गर्ने भनेपछि उसले विरोध कार्यक्रम रोक्न गरेको दौडधुपले पनि यस मामलामा भारत कति सक्रिय छ भन्ने एउटा सानो उदाहरणले स्पष्ट देखाउँछ। नेपाल सरकारलाई राष्ट्रियताको सवालमा बाध्याताामक अवस्थामा नपर्नका लागि सजग गराउने काम आमनेपाली जनसमुदायको हो।

सर्वदलीय बैठक बोलाएर भारतले जारी गरेको नयाँ नक्साको विरोध गर्ने म्यान्डेट लिएका प्रधानमन्त्री केपी शर्मा वलीले अरू त केही गरेनन् तर प्रदर्शनमा उत्रिएका नेकपा र वैद्य समर्थक कार्यकर्तालाई दमन गरे । उनीहरू कालापानीको समर्थन गरेको भनेर होइन, उपनिर्वाचन बहिष्कार गरेकाले दमनमा पारिए। त्यसकारण केपी वलीको राष्ट्रवाद उपनिर्वाचनमा जनता भुलाउनका लागि अभिव्यक्त भुलभुलैयामा हराउने सम्भावना भएकाले यसलाई निरन्तरता दिन राष्ट्रियताका पक्षमा नेपालमा भइरहेको आन्दोलनका पक्षमा ऐक्यबद्धता जनाउन, नेपाल सरकारलाई यो अभियानमा लाग्न दबाब दिन, भारतीय हस्तक्षेपको ... बाँकी पृष्ठ ७ मा

## अतिरिक्त मूल्यको ...

प्रारम्भमा पशुपालक कबिला र कृषक कबिलाहरूले आफ्नो अतिरिक्त उत्पादहरूलाई आपसमा विनिमय गर्दथे । उदाहरणका निम्ति भेडाहरूसँग चामलको विनिमय गरिन्थ्यो । त्यस समयमा मालहरूको विनिमय समयसमयमा हुने गर्दथ्यो र यो मुख्यतः गोत्र कम्युनहरूका भित्र नै चल्थ्यो । विनिमयप्रक्रियामा एउटा मालको मूल्य कुनै अर्को मालका रूपमा अभिव्यक्त हुने गर्दथ्यो। उदाहरणका निम्ति दुईवटा भेडा एक बोरा चामलको बराबर हुन्थ्यो । भेडाको मूल्य स्वार्थमा नाप्न सकिँदैनथ्यो । जब भेडाहरूको चामलसँग विनिमय हुन्थ्यो तब भेडाको मूल्य चामलका रूपमा अभिव्यक्त हुने गर्दथ्यो । उपरोक्त समीकरणमा चामलजस्ता मालहरूको एक 'समतुल्य' को भूमिका हुन पुग्दथ्यो।

तिनीहरू एउटा ऐनाजस्तै समान हुन्थे जसमा अर्का मालहरूको मूल्य प्रतिबिम्बित हुने गर्दथ्यो । उत्पादक शक्तिहरू र श्रमको सामाजिक विभाजनको विकाससँगसँगै माल विनिमय दिनप्रतिदिन विकसित हुँदै गयो । विनिमय गरिने मालहरूको परिमाण र विविधता दुवै बढे । विनिमयको प्रक्रियामा एउटा मालको कैयौँ अन्य मालहरूसँग हुन सक्थ्यो। साथै माल विकाससँगै मालहरूको सीधै अदलाबदलीबाट हुन जाने नोक्सान पनि अधिकाधिक देखिन थाल्यो। सीधै अदलाबदली तब मात्र सम्भव हुन सक्थ्यो जब दुवै पक्षलाई त्यसै वस्तुको आवश्यकता हुन्थ्यो जुन दोस्रो पक्षले दिइरहेको हुन्थ्यो । उदाहरणका निम्ति मान्नुस् भेडाको मालिकले अनाजसँग विनिमय गर्न चाहन्छ तर अनाजको मालिकलाई भेडाको बदला फौराको आवश्यकता होस् र फौराको मालिकले भेडा वा अनाजको बदला कपडा लिन चाहेको होस्। कपडाको मालिकलाई भेडाको आवश्यकता भएमा भेडा बेच्नेले यसरी पाउन सक्थ्यो- उसले पहिले भेडाको बदला कपडा लिने, फेरि कपडासँग फौरा र अन्त्यमा फौराको बदला अनाज । विनिमयको वाञ्छित उद्देश्य धेरै कठिनाइबाट पूरा हुन सक्थ्यो। कपडावालालाई भेडाको आवश्यकता हुँदैनथ्यो भने उसले तमाम दुःख उठाएर पनि आफ्नो आवश्यकताको वस्तु पाउन सक्दैनथ्यो । यसप्रकार माल उत्पादनको उत्तरोत्तर विकसित हुँदै जाँदा प्रत्यक्ष वस्तु विनिमय एकदम मुस्किल हुँदै गयो । माल विनिमयका क्रममा सुस्तसुस्त मानिसहरूको बुझाइमा आयो- उनीहरूले पहिले मालको विनिमय कुनै यस्तो मालबाट गरौँ जुन आमरूपमा मानिसहरूको आवश्यकता होस् (जस्तै भेडा) र फेरि त्यसको उपयोग आफ्नो आवश्यकताको माल लिनका निम्ति गरौँ तब विनिमयको वाछित उद्देश्य मात्र दुई सौदामा पूरा हुन सक्थ्यो । यसप्रकार माल विनिमयको लामो विकासमान प्रक्रियामा भेडाजस्तै माल अन्य मालहरूबाट अलग भए र तिनीहरूको एउटा यस्तो भूमिका बन्यो जुन अन्य मालहरूका निम्ति सम्भव थिएन । त्यस्तो अवस्थामा सबै मालहरूको मूल्य भेडाहरूका रूपमा अभिव्यक्त हुन्थ्यो र भेडाहरूले माल विनिमयमा 'सार्वभौमिक समतुल्य' को भूमिका निर्वाह गरे।

माल विनिमयको विकासको लामो प्रक्रियामा अलगअलग राष्ट्रहरूले विनिमयका फरकफरक माध्यमहरूको प्रयोग गरे जस्तै भेडा, कौडीहरू, कपडा वा धातुहरू । अन्ततः उनीहरूले सुन, चाँदीजस्ता बहुमूल्य धातुहरूलाई मुद्राका रूपमा प्रयोग गर्ने निर्णय गरे किनकि बहुमूल्य धातुहरू परिमाण थोरै तर मूल्यमा अत्यन्त धेरै हुने गर्छन्, तिनलाई ल्याउन, लैजान र कैयौँ भाग लगाउन सजिलो हुने गर्दछ। साथै तिनीहरू नाशवान् हुँदैनन्। त्यसकारण विनिमयको माध्यमका निम्ति ती उपयुक्त हुन् । त्यसकारण सुन र चाँदीलाई मुद्राका रूपमा आमरूपमा स्वीकार गर्ने गरिन्छ। यहाँ ध्यान दिनुपर्ने कुरा के छ भने मुद्रा सुन र चाँदीको अन्तर्निहित गुण होइन । यो तिनीहरूलाई प्राप्त हुन्छ । सुन र चाँदी केही निश्चित ऐतिहासिक उत्पादन सम्बन्धहरूको अन्तर्गत मुद्रा बने। मुद्राको स्रोतबाट मुद्राको प्रकृति बुझ्न सकिन्छ। मुद्रा अन्य मालहरूबाट पृथक एउटा विशेष माल हो जसले विनिमयको माध्यमको कार्य गर्दछ।

## सीएमसीको ...

बनाउँछन् । कहिले ज्यान मार्ने धम्की दिन्छन् त कहिले बन्दुकको षड्यन्त्र गर्छन् तर जहिले पनि, जे गरे पनि, जसरी पनि माफियाहरू नै उदाङ्गो भएका छन् भने हामीलाई विद्यार्थी, बुद्धिजीवी, पत्रकार, नागरिक अगुवाहरू, सामाजिक अभियन्ता र विभिन्न दलका राजनीतिज्ञहरूको अझ बढी माया, विश्वास र प्रतिबद्धता मिलेको छ।'

संयोजक र प्रवक्ताको संयुक्त विज्ञप्तिमा भनिएको छ, 'सङ्घर्ष चर्किँदै जाँदा अझ अप्ठ्यारा परिस्थिति र डरलाग्दा षड्यन्त्रहरू बढेका छन्। केही षड्यन्त्र सीधा भौतिक रूपमा आएका छन् भने केही षड्यन्त्र वार्ता, सम्झौता, सहमतिका नाममा बिस्तारै विद्यार्थीलाई मन्दविषका रूपमा आएका छन् । सिध्याउने, थकाउने र दबाउने गरी चितवन मेडिकल कलेजमा आज फेरि पनि यस्तै मन्दविषरूपी षड्यन्त्र शुल्क समायोजनको सूचनाका नाममा आएको र त्यस सूचनाप्रति हामी विद्यार्थी र चिकित्सा शिक्षा सङ्घर्ष समितिको गम्भीर ध्यानाकर्षण भएको छ। सँगै फेरि पनि अझ सशक्त सङ्घर्षमार्फत यो षड्यन्त्रको भन्डाफोर गर्ने र माफियालाई अझ नङ्ग्याउने चेतावनी दिन चाहन्छौँ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, '(१) शैक्षिक वर्ष २०७५ र ०७६ (प्रथम वर्ष) र २०७४ र ०७५ (दोस्रो वर्ष) को एमबीबीएस र बीडीएस अध्ययनका लागि नेपाल सरकारले उपत्यकाबाहिर क्रमशः ४२ लाख ४५ हजार र १९ लाख ३२ हजार ६ सय १२ शिक्षण शुल्क कायम गरेकोमा सो रकमको आधा हुन जाने पहिलो किस्ताको शुल्क २१ लाख २२ हजार ५ सय र ९ लाख ६६ हजार ३ सय ६ र अतिरिक्त शुल्क (रु. ६ लाख र र रु. १ लाख २५ हजार) समेत तिरिसकेकाहरूको हकमा पहिलो किस्ताको शुल्कमा, त्रिवि रजिस्ट्रेसन शुल्क रु ५००, काउन्सिल रजिस्ट्रेसन शुल्क रु ३,०००, परीक्षा शुल्क २ हजार ५ सय भएको हुँदा फेरि सम्बन्धित निकायले तोकेबमोजिमको रकम भन्नाले पैसा असुल गर्ने कलेजको अर्को षड्यन्त्र हो। अतिरिक्त शुल्कमा उल्लिखित शुल्क (रु ६,०००) मात्र जोडी बाँकी (रु ५,९४,००० र रु. १,१९,०००) हुन आउने रकम आगामी किस्तामा समायोजन गरिनुपर्छ।'

विज्ञप्तिमा छ, '(२) यस कलेजमा सञ्चालित स्नातक तहका पहिलो, दोस्रो, तेस्रो र चौथो वर्षका अन्य कार्यक्रमहरू (बीएनएस र बीएससी नर्सिङ, पब्लिक हेल्थ, बी फार्मेसी, बीएमएलटी, बीएमआईटी) का हकमा त्रिवि वा आईओएमले आङ्गिक कलेजहरूका लागि तोकेको शुल्क नै सम्बन्धन प्राप्त मेडिकल कलेजहरूका लागि लागू गर्नुपर्छ र सोभन्दा बढी असुल गरिएको शुल्क एमबीबीएस र बीडएसजस्तै गरी शुल्क समायोजन वा फिर्ताको प्रक्रियामा लैजानुपर्छ। यो अहिलेसम्म गरिएको छैन।'

विज्ञप्तिमा भनिएको छ, '(३) शैक्षिक वर्ष २०७२ र ०७३ र २०७३ र ०७४ का हकमा विश्वविद्यालय तथा सम्बन्धित निकायले तोकेको भन्दा बढी अतिरिक्त शुल्क ५ लाखदेखि २२ लाखसम्मको बिल रसिद विद्यार्थीसँग सुरक्षित रहेको हुँदा उक्त अतिरिक्त शुल्क तुरुन्त फिर्ता हुनुपर्छ। यसमा थप अध्ययन, छलफल र छानबिनका नाममा विद्यार्थीलाई थकाउने, गलाउने, फुटाउने अर्को षड्यन्त्र गरिएको प्रस्ट छ।'

विज्ञप्तिमा अगाडि भनिएको छ, '(४) नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको छात्रवृत्तिमा अध्ययन गरिरहेका विद्यार्थीको अतिरिक्त शुल्क (१ लाखदेखि ३ लाखसम्म) सम्बन्धित निकाय (आईओएम, त्रिवि, शिक्षा मन्त्रालय) ले तोकेभन्दा बढी भएको हुँदा तुरुन्त फिर्ता हुनुपर्छ । (५) परीक्षा शुल्कमा त्रिविले तोकेको २ हजार ५ सयभन्दा बढी २ हजार ५ सय असुलिएको बिल रसिद विद्यार्थीसँग भएको हुँदा उक्त ठगी गरिएको अतिरिक्त २ हजार ५ सय तुरुन्त फिर्ता गरिनुपर्छ वा अर्को परीक्षामा समायोजन गरिनुपर्छ र अबउप्रान्त त्रिविले तोकेको २ हजार ५ सयभन्दा अन्य कुनै पनि किसिमको अतिरिक्त शुल्क लिन पाइनेछैन किनकि अन्य अतिरिक्त शुल्कका नाममा फेरि पनि बढी परीक्षा शुल्क असुल्ने षड्यन्त्र भएको प्रस्ट देखिन्छ।'

विज्ञप्तिमा लेखिएको छ, '(६) पेस्तोलजस्तो संवेदनशील हतियार सीएमसी होस्टेलभित्र लिएर जाने र विद्यार्थीका विरुद्ध प्रयोग गर्ने षड्यन्त्रमा संलग्न सीएमसीका गार्ड नभएर त्यहाँका प्रशासनिक कर्मचारी भएको कुरा विद्यार्थीले देखेको हुँदा त्यस्ता कर्मचारीलाई तुरुन्त छानबिन गरी कानुनअनुसार कडाभन्दा कडा कारबाही गरियोस् नत्र त्यस्ता हिंश्रक षड्यन्त्रकारी गुन्डा कर्मचारी विद्यार्थी र आमजनताको कारबाहीमा पर्ने कडा चेतावनी दिन चाहन्छौँ।'

विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'अन्त्यमा यी सबै षड्यन्त्रलाई चिर्नका लागि विद्यार्थीले अझै पनि भीषण सङ्घर्षमार्फत नै प्राप्त गर्ने अठोट लिएको हुँदा सम्बन्धित विश्वविद्यालय, मन्त्रालय र सरकारले विद्यार्थी, अभिभावक र आम जनताका विरुद्ध षड्यन्त्र गर्नुको साटो मेडिकल माफियालाई कारबाही गर्नमा प्रतिबद्ध रहोस् भन्न चाहन्छौँ । साथै आगामी दिनका अझ डरलाग्दा षड्यन्त्रलाई चिर्ने र माफियालाई नङ्ग्याउने सङ्घर्षलाई हिजोको भन्दा अझ बढी हौसला र जोसजाँगरसहित सहयोग गरिदिनहुन विद्यार्थी, बुद्धिजीवी, नागरिक समाज, राजनीतिज्ञ, कलाकार, राष्ट्रसेवक कर्मचारी, देशभक्त र आमनेपाली जनतालाई हार्दिक अपिल गर्दछौँ।'

समय समीक्षा



अशोक सुवेदी

# प्रहरी घेराबन्दीमा देशभक्तिका कविता

## स्रष्टाहरूले भने– धम्की नदे भारत

मिति : मङ्सिर २६ गते बिहीबार

समय : दिउँसो एक बजे

'सर, हल भरियो । अब आएर कार्यक्रम सञ्चालन गर्दा हुन्छ', संवाद डबलीका सञ्चालक कमरेड दीपेन्द्र रावलले कुराकानीका क्रममा भन्नुभयो । ब्यानरमा आयोजक संवाद डबली रहेकाले सबै स्रष्टालाई त्यति 'खतरा' नहोला भनेर आमन्त्रण गरिएको थियो ।

हातमा राष्ट्रियता रक्षाका लागि 'कविताका स्वरहरू' शीर्षक कार्यक्रमको ब्यानर बोकेर डिल्लीबजारबाट कार्यक्रमस्थल अनामनगर संवाद डबलीतिर जाँदै गर्दा अचानक अखिल नेपाल जनसांस्कृतिक महासङ्घका महासचिव खेम थपलियाले फोन गर्नुभयो, 'तपाईं जहाँ पुग्नुभएको भए पनि तत्काल फर्किहाल्नुस्, हलमा नजानुस् । संवाद डबलीलाई प्रहरीले घेरा हालिसकेको छ ।'

मसँग सडकमा राष्ट्रियताका लागि कविता आन्दोलन घोषणा गरेर प्रहरीका आँखा छल्दै छड्के कविगोष्ठी, कविता पोस्टरिङलगायत कार्यक्रम गर्दै आएका कमरेड रसुवाली कवि र अखिल नेपाल लेखक सङ्घका केन्द्रीय सदस्य कमरेड बीपी विद्रोही हुनुहुन्थ्यो । जानीजानी प्रहरीले घेरा हालेको ठाउँमा किन जाने त ! फेरि नजानू भन्ने सुझाव पनि आयो । बरु हलमा भेला भएका साथीहरूलाई यतै बोलाऔँ र अर्को कुनै स्थानमा कविगोष्ठी गरौँ भन्ने मेरो प्रस्ताव रसुवाली र बीपीले पनि स्वीकार्नुभयो । हामी फर्कियौँ ।

संवाद डबलीको हलतिर हिँड्नुअघि मैले महासङ्घका महासचिव थपलिया, महासङ्घका सचिवालय सदस्य, अखिल नेपाल ललितकलाकर्मी सङ्घका संयोजक एवम् कवि अग्निराज पौडेल 'अराप' लाई भनेको थिएँ, 'त्यहाँ कार्यक्रम गर्न दिएन भने डिल्लीबजार पीपलबोट वा लक्ष्मीप्रसाद देवकोटाको घर प्राङ्गणमा गरौँ । सन्देश दिने न हो ।' त्यही सल्लाह भएर डबलीतिर जाँदै गर्दा अचानक फिर्ता हुने फोन आएको थियो ।

बाटैबाट फर्किएपछि मैले मसँग भएका साथीहरूलाई भनेँ, 'अब डबलीमा पुगेका केही साथीहरूलाई यतै बोलाऔँ र कविता भनौँ ।'

केही साथीलाई खबर गरियो । रावलजीले केही साथी डबलीमै कविता सुनाउन थालेको जानकारी दिनुभयो ।

त्यसअघि डबलीका सञ्चालक कमरेड दीपेन्द्र रावल प्रहरीसँग संवादमा हुनुहुन्थ्यो । उहाँलाई प्रहरीले 'हाम्रो सूचीमा रहेका विप्लव नेकपाका नेता-कार्यकर्ता र स्रष्टा आए भने गिरफ्तार गर्छौं' भनेको रहेछ । देशभक्तहरू, क्रान्तिकारीहरू, मार्क्सवादीहरू प्रहरीको सूचीमा रहेको कुरा हामीलाई थाहा थियो तर पार्टीको केन्द्रीय कार्यक्रम भए पनि कविता वाचनको सन्दर्भ भएकाले सबैलाई दुःख नदेला भन्ने हाम्रो सामान्य बुझाइ थियो । प्रहरीले डबलीलाई नै घेरा हालिसकेपछि गिरफ्तारी नदिने सल्लाह गर्दै हामी फर्किएका थियौँ ।

राष्ट्रियता रक्षा र भारतीय साम्राज्यवादको अतिक्रमणविरुद्ध पार्टीको पूर्वघोषित दोस्रो चरणको सङ्घर्षका कार्यक्रमअन्तर्गत कात्तिक २६ गते बिहीबार हाम्रो गौरवशाली सङ्गठन अखिल नेपाल जनसांस्कृतिक महासङ्घ केन्द्रीय समिति र अखिल नेपाल लेखक सङ्घ केन्द्रीय समितिको पहल र संयोजनमा अनामनगरस्थित संवाद डबलीमा 'कविताका स्वरहरू' शीर्षकमा भारतीय अतिक्रमणविरुद्ध कवितावाचन गर्ने कार्यक्रम तय भएको थियो । पार्टी-सङ्गठनले महासङ्घको केन्द्रीय सचिव र लेखक सङ्घको उपाध्यक्षका हैसियतले मलाई उक्त केन्द्रीय कार्यक्रम सम्पन्न गर्ने जिम्मेवारी तोक्यो । फलस्वरूप राष्ट्रिय जागरण मञ्चका संयोजक गुणराज लोहनीलाई प्रमुख वक्ता, साहित्यकार एवम् पत्रकार नरेन्द्रजङ्ग पिटरलाई वक्ता, प्राडा देवीप्रसाद गौतमलाई प्रमुख टिप्पणीकार, डा. रामप्रसाद ज्ञवालीलाई प्रमुख कवि एवम् टिप्पणीकार र अन्य ४० जना कविलाई सिर्जनासहित सहभागी हुन निम्ता गरियो । बुधबार राती झन्डै १० बजेसम्म म स्रष्टा र वक्तालाई निम्ता गरिरहेको थिएँ । केही स्रष्टाले भने सरकारी हस्तक्षेपको आशङ्का गर्नुभएको थियो तर डा. रामप्रसाद ज्ञवालीलगायत स्रष्टाले प्रहरी हस्तक्षेपको प्रतिरोध गर्ने मनस्थिति बनाइसक्नुभएको थियो ।

डबलीमा डबली आयोजक र महाकवि देवकोटाको घरमा महासङ्घ तथा लेखक सङ्घ आयोजक हुने गरी कविता भन्न सुरु गरियो । देवकोटाकी कान्छी छोरी मुना, कान्छा छोरा-बुहारीलाई राष्ट्रियतासम्बन्धी कविता वाचन गर्छौं भनेपछि खुसी हुनुभयो ।

राष्ट्रियतासम्बन्धी विषयवस्तु राखेपछि सुरुमै स्रष्टा सहिद इच्छुकको कविता वाचन गरियो । त्यसपछि स्रष्टाहरूको परिचय गरियो । आरम्भमै 'हाम्रो राष्ट्रियता र अस्मिता' शीर्षकमा कवि एवम् अभिनेता इन्द्रजित शर्मा चौलागाईंले लयबद्ध कविता गुनगुनाउनुभयो :

दिदीबहिनी, दाजुभाइ नमान रमाइलो
देशभरि जताततै भैरेछ भाँडभैलो
हाम्रो राष्ट्रियता, हाम्रो अस्मिताको हाल
स्यालले कुखुरा चिथोरेजस्तो हुँदैछ है काल
देशको जिम्मेवार वर्ग ज्यादै विकृत भयो
नेपालीमा नेपालीत्व ओइलाउँदै गयो हेर, ओइलाउँदै गयो
सत्ता, भत्ता, हात पार्ने सबै तिकडम मात्र
त्योबाहेक चिन्ता देशको छैन केही हेर
आफ्नै आमाको छातीमा पराई नाच्दाखेरि
कानमा तेल हाल्दै बस्छन् के उल्का हेत्तेरी
कोही कुटेको जस्तो गर्ने कोही रोएको जस्तो
गाँस, बासको आस बाँडी भुँडी आफ्नो भर्ने, हेर भुँडी आफ्नो भर्ने
बाझाबाझको नाटक गर्छन् आँत मिलेका भाइ
पराईले लात्ती मार्‍यो कालीवारि आई, हेर लिपुलेकमा आई...

त्यसपछि केवलपुरे किसानको नेपाल नछो, मेदिनीनाथ सुवेदीको धम्की नदे भारत, द्रोणाचार्य क्षेत्रीको सुस्ता, दिल साहनी, अनिल शर्मा विरही र कल्पना पौडेल 'जिज्ञासु' का कवितांशहरू वाचन गरिए । कार्यक्रममा क्रमशः कवि पूर्ण विराम, माइला लामा, आरोह नेपाली, अराप र अशोक सुवेदीका देशभक्तिपूर्ण भावनाले ओतप्रोत कविता वाचन गरिए ।

रसुवाली कविले 'सर्पहरूको शासन' शीर्षक कविता वाचन गर्दै भने :

हरेक देशहरूमा छ सर्पहरूको शासन
ती सर्पहरूको खुट्टा देखिँदैन
सर्पहरूलाई जनता दूध ख्वाउँछन्, हुर्काउँछन्
सर्पहरू झन् मोटाउँछन्
हाम्रो देशमा पनि छ एउटा सर्प
उसका खुट्टा देखिँदैन
काया देखिन्छ बालुवाटारतिर
ऊ छमछम नाचिरहेछ अन्तैको इसाराले
सर्पको डिस्को डान्स चलिरहेछ देशमा ।
यो सर्प कोब्राझैँ छ डरलाग्दो
लिँडेलिँडे छ
आँखामा लुकेको छ गाढा अन्धकार
यो बडो चलाख छ
घरिघरि जिब्रो निकाल्दै दूध खाइरहन्छ
घरिघरि दुलोतिर लुकेर
केके-केके योजना बनाइरहन्छ
विद्वान्हरू, तपाईंहरूलाई थाहा नै छ
सर्पले दूध खाएपछि के हुन्छ ?
सर्प बस्ती छिरेपछि के हुन्छ ?
सर्पकै शासन चलेपछि के हुन्छ ?
नेपालको सर्पशासन अति डरलाग्दो छ
कति रहस्यमयी छ
तपाईंको छातीमा लुकेको देशभक्तिले देखाउँछ
सर्प दिनभरि राष्ट्रवाद खोक्छ
रात परेपछि प्रभुको पाउ मोल्छ
लिपुलेक बेच्छ, नालापानी बेच्छ
लिम्पियाधुरा बेच्छ
टनकपुर बेच्छ अनि
नक्कली राष्ट्रवादको बर्को बेरेर बस्तीभित्र छिर्छ...

> हातमा राष्ट्रियता र क्षाका लागि "कविताका स्वरहरू" शीर्षक कार्यक्रमको ब्यानर बोकेर डिल्लीबजारबाट कार्यक्रमस्थल अनामनगर संवाद डबलीतिर जाँदै गर्दा अचानक अखिल नेपाल जनसांस्कृतिक महासङ्घका महासचिव खेम थपलियाले फोन गर्नुभयो, "तपाईं जहाँ पुग्नुभएको भए पनि तत्काल फर्किहाल्नुस्, हलमा नजानुस् । संवाद डबलीलाई प्रहरीले घेरा हालिसकेको छ ।"

उता भारतीय साम्राज्यवादले नेपाली भूमि हडप्ने, यता वली सरकारले राष्ट्रियताका पक्षमा आवाज उठाउनेहरुलाई प्रहरी लगाएर गिरफ्तार गरी देशद्रोहीको आरोप लगाउँदै थुन्ने, यस्तो बेलामा वाचित सर्पहरुको शासनले खुब चर्चा पायो ।

महाकवि लक्ष्मीप्रसाद देवकोटाको घरलाई पृष्ठभागमा पारेर सडकपेटीमा देशभक्तिपूर्ण कविता वाचन गर्दै गर्दा स्थानीय जनसमुदायको पनि उपस्थिति हुन थाल्यो । त्यसै बेला कवि बीपी विद्रोहीले देशभक्तिपूर्ण भावनाले ओतप्रोत गजल वाचन गरे :

विस्तारवादको छाती पोलेन गणतन्त्रले
सीमाहरू मिचिँदा नि बोलेन गणतन्त्रले
महलमा लजाउँदै बस्यो रानी बनेर
भ्रष्टाचारको घुम्टो अनि मुकुट खोलेन गणतन्त्रले
यो देशलाई गिद्दहरूले लुछिरहँदा सधैँभरि
बचाउन एउटै पनि जोखिम मोलेन गणतन्त्रले
स्वाधीनतामा रमाउने खुब रहर थियो मेरो पनि
तर राष्ट्रियतामा स्वाभिमान घुलेन गणतन्त्रले

कविता सुन्न आएका जनसमुदायले समेत नेपाल र भारतको सीमामा काँडेतार लगाउनुपर्ने धारणा राख्दै आफ्नो मुलुकमा घुसेका भारतीय सैनिकलाई फिर्ता पठाउन नसक्ने, बरु राष्ट्रियता रक्षाको माग गर्दै सडकमा निस्किएका देशभक्तहरुलाई गिरफ्तार गर्ने लाछी सरकारको तीक्ष्ण निन्दा पनि गरे ।

उता संवाद डबलीमा आयोजित कार्यक्रममा नन्दु उप्रेती, ओमप्रसाद कोइराला, चेतनाथ धमला, छायादत्त न्यौपाने बगर, रामबहादुर पहाडी, बाबुराम श्रेष्ठ, बैरागी जेठालगायत १८ स्रष्टाले देशभक्तिले ओतप्रोत सिर्जना वाचन गरेका थिए । डबलीमा पाका कवि ओमप्रसाद कोइरालाले 'देशभक्त' शीर्षकमा छन्दोबद्ध कविता भने :

बोलेर मात्र नभनौँ म छु देशभक्त
जो गर्छ काम अनि हुन्छ उही सशक्त
पारेर मख्ख अरुलाई ठगेर हुन्न
आफू सुयोग्य बन मानिस सभ्य बन्न ।
सत्मार्गमा मनुज हिँड्न तयार बन्ने
माटो सजाउन खडा छु सदैव भन्ने
त्यागेर दर्द सब काम गरौँ बुझेर
बेकार हो गफ गरीकन बस्नु धेर ।
लागिपरेपछि यहाँ गरिनेछ काम
भूस्वर्ग हो सकलको अनि दिव्यधाम
आराम साथ शुभकाम गरे विकास
पक्का बनेर अब खोज्नुपर्‍यो निकास ।
जस्ले गरे त्यति गरे अब गर्न बाँकी
सम्पन्न गर्न पछि पर्नु हुँदैन साथी
माया भए हृदयमा नबनौँ अशक्त
मर्ने परे पनि मरौँ बनी देशभक्त ।
आनन्द हुन्छ गई चढ्न सके हिमाल
देखिन्छ सभ्य घरगाउँ सधैँ कमाल
सम्मानपूर्वक बसे नबनौँ विभक्त
लड्ने गरौँ समरमा भई देशभक्त ।...

त्यसैगरी डबलीमा आयोजित गोष्ठीमा कवि चेतनाथ धमलाले नेपाली शासक र त्यसको सञ्चालक भारतीय साम्राज्यवादप्रति लक्षित गर्दै 'बहुला सर्प' शीर्षक कविता सुनाए :

फेरि एउटा बहुला सर्प
सल्बलाइरहेछ पहिलेझैँ
ढुकेर गौँडागौँडामा
निल्न खोज्दैछ स्वालस्वाल्ती
ओकलिरहेछ विष
उत्रिरहेछ सार्वभौमविरुद्ध ।
छादिरहेछ ह्वालह्वाल्ती
नाकाबन्दीको दुर्गन्ध
फनफन्ती बेरेर
गुँडुल्किरहेछ
सीमास्तम्भहरूमा
उसका जाली तमसुकहरू च्यातेर
उधिन्नुछ १९५० का विषथैलीहरू
झर्झती बालेर
दियालोसँगै
उठ्नुछ असमानताविरुद्ध
दसगजाबाटै
हाम्रै दूधले पुल्पुलिएर
ठुँगिरहेछ उल्टै हामीलाई
फैलाइरहेछ त्रासदी हाम्रै लिखतमाथि
एउटा बहुला सर्पले ।
भत्काउनुछ महाकालीका बाँधहरू
उल्टाउनुछ टनकपुरहरू
र लिपुलेकमा हाम्रै पसिना उधारेर
जिउनुछ स्वाभिमानले

देशभक्त, क्रान्तिकारी स्रष्टाहरू राष्ट्रियताको भावनाले आतप्रोत तथा क्रान्तिकारी कविता र गीतहरू पस्किरहेका छन् । शासक जनताको आवाज सुन्दैन । देशमा पराई सैनिकले परेड खेलेको देख्दैन । उसको छाला गैँडाको भन्दा पनि बाक्लो छ । स्रष्टाले वाचन गरेका कविता र गीतले उसको हृदय छुँदैन । छाती भक्कानिँदैन । ऊ 'अन्धो' र 'बहिरो' छ । सरकारको त्यही असंवेदनशील हृदय पगाल्न अझै पनि स्रष्टाहरू भने सिर्जना लिएर अन्तिम प्रयास गरिरहेका छन् । स्रष्टा आरोह नेपाली लेख्छन् :

कम्युनिस्ट र काङ्ग्रेसमा केही फरक भएन
जन्तै लुट्ने सरकार
राजतन्त्र र गणतन्त्रमा केही फरक भएन
जन्तै लुट्ने सरकार
श्रीपेच लाउने राजा फाली आफैँ राजा भया
जन्तै लुट्ने सरकार
हाम्रो देशको धनसम्पत्ति सबै बेची खाया
जन्तै लुट्ने सरकार
शान्ति अनि समृद्धि बढाई करको भारी
जन्तै लुट्ने सरकार
रुवाएर नेपाल आमा दलाल मख्ख पारी
जन्तै लुट्ने सरकार
युवा बेची रेमिटेन्स देश बेची कुर्सी
जन्तै लुट्ने सरकार
गरिबलाई रोग-भोक आफू खाँदै मार्सी
जन्तै लुट्ने सरकार
देशका लागि बोल्नेलाई हतकडी र नेल
जन्तै लुट्ने सरकार
राष्ट्रघाती शासनमा कम्युनिस्टलाई जेल
जन्तै लुट्ने सरकार

यसैगरी उनले देउडामार्फत क्रान्तिकारी सन्देश सम्प्रेषण गरेका छन् :

हाम्रो दिन आ छैन, भनेझैँ भा छैन
गरिबको झुप्रोमा रातो घाम ला छैन
भारी बोक्ने भरियाको जिन्दगी उस्तै छ
गरिबी र बेरोजगारी जस्ताको त्यस्तै छ
हाम्रो दिन........
आऊ सारा सर्वहारा, आऊ राष्ट्रभक्त
दलालको चङ्गुलबाट देश पारौँ मुक्त
हाम्रो दिन........
विदेशीले सीमा मिची हस्तक्षेप गर्दैछ
स्वाभिमान र राष्ट्रियता धरापमा पर्दैछ
हाम्रो ...
शान्ति अनि समृद्धिको नारामा लुटेरा
भ्रष्टाचारी, बलात्कारी नालायक सरकार
आ छैन, आ छैन, केही पनि भा छैन
यो दलाल व्यवस्था नफाली भा छैन

कलाकार एवम् कवि अराप 'मित्र छिमेकी' शीर्षक कवितामा लेख्छन् :

चिन्न सकिनँ तिमीलाई मित्र हौ कस्ता तिमी !
देखाउँछौ अभिनय आत्मीय मित्रको तिमी !
पीडालाई मित्रको ठाने आफ्नै चोट शरीरको
मुक्त गर्न दासताबाट क्रूर ती फिरङ्गीको
जुटेथे काँधमा काँध मिलाई लालाबाला मेरै कोखको ।
अर्को छिमेकीले तिमीमाथि गर्दा प्रहार बुटको
मेरा सन्तानले पनि दिएथे आहुति जीवनको ।
सानालाई दास ठान्छौ, बन्छौ दास ठूला दलालको
फकाई-फकाई लुटीखाने बानी तिम्रो छ अचम्मको ।
फिरङ्गीका साथ लागी त्यो गैह्रीखेतै लुट्यौ
फूल रोप्ने बहानामा फूलबारी नै कब्जा गर्‍यौ
कुलो खनिदिने बहानामा जलसम्पदा पनि लुट्यौ ।
महेशपुर, सुस्ता, ठोरी सबै आफ्नो ठान्यौ
लिम्पियाधुरा र कालापानीमा आफ्नै किलो गाड्यौ
अर्को छिमेकी उचालेर लिपुलेक पनि माड्न थाल्यौ ।
मेरा यी हातगोडामा बिसैला नङ्ग्रा कति गाड्यौ
सुम्सुम्याएजस्तो गर्दै पिठ्युँमा छुरा पनि रोप्यौ
सोझोपनको फाइदा लिई पटकपटक मुटुमा सियो पनि रोप्यौ...
ठूलो भूमि, धेरै सन्तान दम्भ छ ठूलै शरीरको
आफूलाई बाघ ठानी गर्छौ हुइयाँ स्यालको
चिनिसकेँ तिम्रो हुइयाँ र ब्वाँसाको जस्तो चाल त्यो
छिःछिः गर्छन् छिमेकीले तिम्रो अहम् र दम्भको
नगरे हुन्छ चियोचर्चो तिमीले छिमेकीको
बेस हुन्छ टाल्दा भित्ता आफ्नै घर, गोठ र कटेराको ।
यतिचाहिँ बुझिराख
फरक हुन्छ साँच्चिकै मोटाउनु र सुन्निनुमा
हात्ती देख्दा ठूलै हुन्छ, शरीर पनि अजङ्गको
कमिलैले ढालिदिन्छ प्वालमा पसेपछि सुँडको ।
कमिलैले ढालिदिन्छ प्वालमा पसेपछि सुँडको ।

यसरी वली सरकारले देशको रक्षा गर्न सकिरहेको छैन । जनताको

... बाँकी पृष्ठ ७ मा

# अखिल क्रान्तिकारीको सम्मेलन सम्पन्न

**बुटवल** : नेपाल कम्युनिस्ट पार्टी निकट अखिल (क्रान्तिकारी) बुटवल उपमहानगरको दोस्रो सम्मेलन बुटवलमा मङ्गलबार भव्यतापुर्वक सम्पन्न भएको छ । उक्त सम्मेलनले नम खानलाई अध्यक्षमा निर्वाचित गरेको छ। उनको अध्यक्षतामा ३३ सदस्यीय बुटवल उपमहानगर समिति निर्वाचित भएको छ।

कार्यक्रममा प्रमुख अतिथिका रूपमा अखिल (क्रान्तिकारी) लुम्बिनी ब्युरो संयोजक वीरेन्द्र विक, अतिथिहरू नेकपा बुटवल इलाका इन्चार्ज नवीन थारू, अखिल (क्रान्तिकारी) रूपन्देही अध्यक्ष रमेश गैरेलगायतको उपस्थिति थियो । कार्यक्रम सञ्चालन पवन ज्ञवाली र स्वागत विकास गौतमले गरेका थिए।

## सीमा अतिक्रमणविरोधी ...

र लिम्पियाधुरा समेटेको विरोधमा प्रदर्शनको तयारी गरिएको थियो । विज्ञहरूले सार्वजनिक गरेको नयाँ नक्सासहित प्रदर्शन गर्ने कार्यक्रममा प्रहरीले हस्तक्षेप गरेको हो । प्रहरीको हस्तक्षेपछि कार्यकर्ता तितरबितर भएका थिए । अन्तिममा सहभागी युवा तथा विद्यार्थीहरूले केही समय प्रदर्शन गर्दै कोणसभा गरेका थिए।

## कसैलाई गिरफ्तार ...

छ, 'वीरबहादुर विकसहित ३ जनालगायत कुनै पनि व्यक्तिलाई हाम्रो पार्टीले बोलाएको, गिरफ्तार गरेको कुरा पूर्णतः झूट भएको स्पष्ट गर्न चाहन्छौँ । निवेदक मीना विकलाई पनि विभिन्न सङ्घसंस्था र समाजमा द्वन्द्व मच्चाई आफ्नो निहित स्वार्थ पूरा गर्न चाहने विभिन्न तत्वहरूको उक्साहटमा नलाग्न अनुरोध गर्दछौँ ।'

विज्ञप्तिको अन्त्यमा भनिएको छ, 'यसप्रकारको समाचार केही समयअगाडि पनि सेतोपाटी अनलाइनमा प्रकाशित भएको थियो । यसप्रकारका तथ्यहीन समाचारहरू लेख्ने र प्रचार गर्ने संस्थालाई पनि जिम्मेवार ढङ्गले प्रस्तुत हुन हाम्रो पार्टी हार्दिक अनुरोध गर्दछ ।'

## पेन्डिङमा ...

खुला राख्ने र जनदबाब कायम राख्ने गर्नुपर्थ्यो । तर सरकार भने जनप्रतिरोधलाई दमन गर्ने र समस्यालाई ढाकछोप गर्ने, सामान्यीकरण गर्ने गरिरहेको छ । वली सरकारले देशको माटो रक्षा गर्न नचाहेको र नसक्ने देखिएको छ । सरकारको कुर्सीसँग माटो मोलतोल गर्न खोजेको, भारतसँग साँठगाँठ गरेको भन्ने प्रतिपक्षीहरूको आरोप छ। यत्रो राष्ट्रिय सङ्कटको समयमा देशको कार्यकारी मानसिक र शारीरिक दुवै रूपले भूमिका निर्वाह गर्ने अवस्थामा छैनन् । दिल्लीको चाकडी गर्ने र मौसमी राष्ट्रवादले देशको माटोको रक्षा गर्न सक्दैन । यस्तो अवस्थामा देशभक्त र क्रान्तिकारी शक्तिहरूले प्रत्यक्ष-अप्रत्यक्ष संयुक्त मोर्चा, कार्यगत एकताको माध्यमले राष्ट्रिय स्वाधीनताको रक्षार्थ लड्नुपर्ने देखिन्छ। त्यसो भएन भने देशको भौगोलिक अखण्डताको रक्षा नहुने प्रस्ट छ।

## राष्ट्रियता बचाउन ...

सुवेदीले गरेका थिए । सचिव सुवेदीले राष्ट्रियता सङ्कटमा परेकाले यसको रक्षा नेपाल कम्युनिस्ट पार्टीले मात्र गर्नसक्ने बताए । राष्ट्रियता, जनतन्त्र र जनजीविकाको रक्षाका लागि एकीकृत जनक्रान्ति सफल पारेर वैज्ञानिक समाजवाद लागू गर्नुपर्ने धारणा राख्दै उनले यसैका लागि महासङ्घ र लेखक सङ्घ सडकमा निस्किएको बताए।

उनले संवाद डबलीमा आयोजित सिर्जनावाचन कार्यक्रममा भएको प्रहरी दमनको घोर निन्दा एवम् भर्त्सना पनि गरे । उनले चिनियाँ महान् सांस्कृतिक सर्वहारा सांस्कृतिक क्रान्ति एउटा कलेजको भित्तामा पोस्टर टाँसेर सुरु भएको स्मरण गराउँदै स्रष्टाहरूले आरम्भ गरेको आन्दोलनले देश र श्रमिक वर्गलाई मुक्त पारेरै छोड्ने दाबी गरेका थिए।

कार्यक्रममा विद्रोही युवा कवि रसुवाली कवि, अर्का विद्रोही कवि एवम् अखिल नेपाल लेखक सङ्घका केन्द्रीय सदस्य बीपी विद्रोही, प्रगतिशील स्रष्टा एवम् अभिनेता इन्द्रजित शर्मा चौलागाईं, विजय अधिकारी, ईश्वर लामिछाने (अभियान) लगायत एघारजना स्रष्टाले कविता वाचन गरेका थिए।

कार्यक्रममा देवकोटाकी कान्छी छोरी मुना घिमिरे, कान्छा छोरा-बुहारी, स्थानीय बासिन्दालगायतको सहभागिता थियो । कार्यक्रममा सहिद इच्छुक, नेकपाका नेता एवम् स्रष्टा सुदर्शन, महासङ्घका अध्यक्ष माइला लामा, दिल साहनी, केवलपुरे किसान, कल्पना पौडेल 'जिज्ञासु', ऋषि लामिछाने, अराप, मेदिनीनाथ सुवेदी, द्रोणाचार्य क्षत्रीलगायत २० जना स्रष्टाका राष्ट्रियतासम्बन्धी कविता वाचन गरिएको थियो।

### भित्ताहरूमा कविता पोस्टरिङ

यसैबीच कालापानी, लिपुलेक, लिम्पियाधुरालगायत देशका भूभागाहरूमा भारतीय हस्तक्षेप र सीमा अतिक्रमणका विरुद्ध क्रान्तिकारी मार्क्सवादी तथा देशभक्त युवाहरूको सडक कविता आन्दोलनको दोस्रो कार्यक्रम सम्पन्न भएको छ।

काठमाडौँका विभिन्न चोकका भित्ताहरूमा मार्क्सवादी र प्रगतिशील स्रष्टाहरूका कविता पोस्टरिङ गर्दै निधारमा कालोपट्टी बाँधेर कविता वाचन गरिएको छ । कार्यक्रममा नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य जन्मदेव जैसी, सडक कविता आन्दोलनका संयोजक रसुवाली कवि, कवि बीपी विद्रोही, दिपेन सिम्खडा, दामोदर ढकाल, साहित्यकार रत्नप्रसाद अनामणि, नवराज बिस्ट, रणबहादुर रानालगायत स्रष्टाले आआफ्ना रचना वाचन गरे।

कार्यक्रममा रसुवाली कविले मौसमी राष्ट्रवादले आक्रान्त पारिरहेको परिवेशमा स्रष्टाहरूले कवितामार्फत विद्रोह गर्नुको राष्ट्रिय अर्थ रहेको बताए । नेपाल पत्रकार महासङ्घका केन्द्रीय सदस्य जैसीले राष्ट्रियताको आन्दोलनमा सधैँ साथ रहने बताए। सडक कविता आन्दोलनमा सर्वसाधारणको राम्रो समर्थन रहेको थियो।

## राजनीतिक विज्ञानमा ...

जोडिएको छ । आज मालेमावाद र ऐतिहासिक भौतिकवादविरोधीहरूले विज्ञान-प्रविधिको हवाला दिएर मालेमावाद र ऐतिहासीक भौतिकवादको खण्डन गर्ने कोसिस गरेका छन् । उनीहरूको जोडबल क्रान्तिकारी विचार र भौतिक जगत्लाई अलग गर्दै क्रान्ति असम्भव देखाउनु हो । उनीहरू क्वान्टम सिद्धान्त र एकीकृत भौतिक विज्ञान तथा सूचना प्रविधिको विकास र प्रयोगले गर्दा पदार्थ लोप भएको तर्क गर्छन् । त्यस प्रकारको क्रान्तिविरोधी विचारको चिरफारसहित ऐतिहासिक भौतिकवादको नयाँ उचाइमा विकास गर्नु आजको आवश्यकता बनेको छ।

### राजनीतिक प्रणाली :

विश्व समाजवादी आन्दोलनमा कम्युनिस्ट प्रतिनिधि जनताबाट प्रत्यक्ष रूपमा चुनिने सन्दर्भमा केही समस्या विद्यमान थिए। अहिले हामीले प्रत्यक्ष जनताबाट निर्वाचित हुने प्रणालीको प्रयोग गर्ने कुरा उठाएका छौँ। साँचो अर्थमा राष्ट्र र जनताको पक्षमा निरन्तर सङ्घर्षरत पार्टीका नेता तथा कार्यकर्ताले यो हिम्मत गर्नैपर्दछ कि उनीहरूसँग आफ्नो व्यक्तिगत स्वार्थ केही छैन । उनीहरू केवल राष्ट्र र जनताको भलाईका लागि समर्पित छन् । यो कुरा जनतालाई विचारधारात्मक रूपले बुझाउने, जनताको जीवनमा परिवर्तन आउने गरी अग्रगामी योजना तर्जुमा गर्ने कुरालाई सुनिश्चित गरियो भने कम्युनिस्टहरू जनतामा लोकप्रिय हुनेछन् । उनीहरू आफ्ना नीति कार्यक्रममार्फत जनताबाट निर्वाचित हुनेछन्। यसमा अझ महत्वपूर्ण कुरा के छ भने विगतमा वैज्ञानिक समाजवादको स्थापनालगत्तै जनताको सम्पूर्ण नीजि सम्पत्ति राज्यको स्वामित्वमा हुने कुरा गरिएको थियो । हामीले अहिले एउटा निश्चित अवधिसम्म जनताले आफ्नो निजी सम्पत्ति राख्न पाउने स्वतन्त्रता दिइनुपर्दछ भनेका छौँ । त्यहाँ नेताले कुनै व्यक्तिगत सम्पत्ति राख्नेछैनन्। कार्यकर्ताले आंशिक रूपमा राख्नेछन् भने जनता धनी र समृद्ध हुनेछन् । नेता/कार्यकर्ताको जीवन वैभव र विलासितापूर्ण हुनेछैन । सरल र पारदर्शी हुनेछ । राज्यले सम्पूर्ण कुराको ग्यारेन्टी गर्दै जाँदा व्यक्तिगत पुँजीको महत्व स्वतः घट्नेछ र जनता निश्चित समयपश्चात् समाजवादी प्रणालीमा प्रवेश गर्नेछन् । यस कुरालाई केन्द्रविन्दुमा राखेर समाजवादी व्यवस्थाले आफ्नो निर्देशक सिद्धान्त प्रतिपादन गर्नेछन। यसले भ्रष्टाचार रोकिनेछ भने नेता र जनताको सम्बन्धमा एक-अर्कामा नङ र मासुको सम्बन्धका रूपमा स्थापित हुनेछ।

### सङ्गठनात्मक सिद्धान्त :

क्रान्तिकारी विचार र राजनीतिलाई एउटा भौतिक शक्तिमा बदल्ने माध्यम वा प्रक्रिया भनेको सङ्गठनको प्रभावकारी निर्माण र परिचालन हो । यस प्रकारको प्रभावकारिताबिना कुनै पनि राजनीतिक आन्दोलन सफल हुन सक्दैन । त्यस्तो सङ्गठन जसले क्रान्तिकारी विचार र राजनीतिलाई पूर्णता दिन र आम जनसमुदायलाई एकताबद्ध गर्ने कुरामा नेतृत्वदायी भूमिका निर्वाह गर्न सकोस् यस सिलसिलामा समाजवादी सत्ता प्राप्तिका लागि लडिरहेका पार्टीले विगतदेखि वर्तमानसम्म छलफलमा स्वतन्त्रता, काम-कारबाहीमा एकरूपता अर्थात् 'सामूहिक निर्णय, व्यक्तिगत उत्तरदायित्व' मा आधारित जनवादी केन्द्रीयताको सङ्गठनात्मक सिद्धान्तको प्रयोग गर्दै आइरहेका छन् । जसमा व्यक्ति सङ्गठनको अधिनस्त, अल्पमत बहुमतको अधिनस्त, तल्लो समिति उपल्लो समितिको अधिनस्त र सिङ्गो समिति महाधिवेशन/राष्ट्रिय सम्मेलनको अधिनस्त रहने गर्दछ।

हामीले त्यसमा आवधिक प्रणाली थप गरेका छौँ । अब सम्पूर्ण तहका समितिमा रहेका नेता/कार्यकर्ताले केवल दुई कार्यकाल आफू रहेको समितिमा कार्य गर्न पाउनेछन् । यसले सबै तहको र मुख्यतः केन्द्रीय नेतृत्वमा रही जीवनको अन्तिम क्षणसम्म पार्टी वा सरकारको नेतृत्वमा रहिरहने प्रक्रियालाई अन्त्य गर्नेछ र नयाँ पुस्ताका हजारौँ उत्तराधिकारीको निर्माण र परिचालनमार्फत सामाजिक क्रान्तिलाई गतिशील र जीवन्त तुल्याउन मद्दत गर्नेछ। नेपाली कम्युनिस्ट आन्दोलनको एउटा दुःखान्त पक्ष के रहिआएको छ भने मूल नेतृत्वले सचेतन प्रयत्नद्वारा आफ्नो उत्तराधिकारी निर्माण गरी पदीय जिम्मेवारी हस्तान्तरण गर्न नसक्ने र नयाँ पुस्ताले नेतृत्व लिनका लागि मूल नेतृत्वका विरुद्ध विभिन्न आरोपहरू थोपर्ने तथा गुटबन्दीका माध्यमबाट आफू त्यहाँ पुग्ने परिपाटी देखिएको छ। अबका दिनमा नेपाली कम्युनिस्ट आन्दोलनले त्यस प्रकारको खराब नियति व्यहोर्नुपर्नेछैन । पार्टी एउटा संस्थागत प्रणालीद्वारा परिचालित हुनेछ । पार्टी र क्रान्तिका लागि हजारौँ उत्तराधिकारी तयार हुनेछन् र उनीहरूले युगानुकूल पार्टी, क्रान्ति र समाजको कुशलतापूर्वक अगुवाई गर्नेछन्।

### कम्युनिस्ट संस्कृति :

हामी कम्युनिस्ट समाज निर्माणका लागि सङ्घर्षरत छौँ । करिब सात दशक लामो नेपाली कम्युनिस्ट आन्दोलनमा विभिन्न वैधानिक-अवैधानिक सङ्घर्षहरू सञ्चालन गरिए । ती सङ्घर्षहरूमा ठुल-ठुला बलिदानहरू हुने गरेका छन् तर वर्गसङ्घर्षको सापेक्षतामा कम्युनिस्ट संस्कृति निर्माण गर्न हाम्रो चेतना अग्रगामी हुन सकेन । फलतः कम्युनिस्ट पार्टीका नेता-कार्यकर्ता विचारमा कम्युनिस्ट हुने तर व्यावहारिक वा सांस्कृतिक रूपमा आध्यात्मिक हुने समस्या देखा पर्दै आएका छन्। यी समस्या सारतः विचारकै समस्या हुन् । व्यवहारतः आफू कम्युनिस्ट हुने आफ्ना परिवार विभिन्न धर्ममा आबद्ध हुने गरेका छन्। त्यस प्रकारको अन्तरविरोधी समस्याले गर्दा सिङ्गो समाजलाई विकेन्द्रित गर्न पुगेको छ । त्यस प्रकारको समस्यालाई हल गर्न आठौँ महाधिवेशनले कम्युनिस्ट संस्कृतिबारे तीनवटा निर्णय गरेको छ :

पहिलो : जिन्दगीभर पार्टी, क्रान्ति, राष्ट्र र जनताका लागि समर्पित भई उमेर अवस्थाले पाका भएका कमरेडलाई व्यवस्थापन गर्ने निर्णय, उनीहरूको भरणपोषण, औषधी-उपचारलगायतका समस्यालाई पार्टीले हल गरिदिनुपर्दछ। दोस्रो : समग्र परिचालनलाई संस्थागत गर्नुपर्दछ । सम्पूर्ण तहका समितिको आर्थिक परिचालन विभागीय प्रणालीद्वारा गर्नुपर्दछ। नेता-कार्यकर्ताको जीवन सरल र जनतासँग एकाकार हुने गरी अगाडि बढ्नुपर्दछ। तेस्रो : हरेक गाउँमा सहिद स्मृति भवनहरू निर्माण गरिनुपर्दछ, जहाँ कम्युनिस्ट आन्दोलनमा वीरतापूर्ण सहादत प्राप्त गर्ने सहिदहरूलाई स्मरण गर्न सकियोस्। त्यति मात्र होइन, आम जनसमुदायले आफ्ना दिवङ्गत पिता-पुर्खाहरूको स्मरण पनि त्यहाँ गर्न सकिने व्यवस्था गरिनुपर्दछ । यसरी सिङ्गो समाजलाई अग्रगामी कम्युनिस्ट संस्कृतिद्वारा अगाडि बढाएर कम्युनिस्ट सत्तालाई दिगो र स्थायित्व प्रदान गर्न सकिन्छ।

### पार्टी नाम परिवर्तन :

पार्टीको आठौँ महाधिवेशनबाट हामीले पार्टीको नाम नेकपा (माओवादी) बाट नेपाल कम्युनिस्ट पार्टी राख्न पुग्यो । यसबारे बाहिर अनेकथरी टीकाटिप्पणी पनि हुने गरेका छन् । खासगरी माओवादी पृष्ठभूमिबाट आएका नेता-कार्यकर्ताले यो प्रश्न उठाउने गरेका छन् । उनीहरूले माओवादी नाम फेरेकोमा वास्तविक दुःख-मनाउ पनि गरेका छन् भने अर्कोतर्फ आफ्नो निहित उद्देश्य पूरा गर्नका लागि जनता, कार्यकर्ता भत्काउने कुत्सित मनसायले पनि यस प्रकारको प्रचार गर्ने गरेका छन् । साँचो अर्थमा हामीले पार्टी नाम फेर्नुका पछाडि तीनवटा कारण रहेका छन्, पहिलो : हामी अन्तर ाष्ट्रिय सर्वहारावर्गको अभिन्न अङ्गका रूपमा कम्युनिस्ट पार्टीमा आबद्ध छौँ । यसको तात्पर्य मूल कुरा कम्युनिस्ट हुनु हो । पुष्पलालले कम्युनिस्ट पार्टी निर्माण गर्दा जुन उद्देश्य लिनुभएको थियो, हामी त्यसको मूल प्रवाहमा आफूलाई अगाडि बढाउन चाहन्छौँ।

आज नेपालमा धेरै कम्युनिस्ट पार्टी छन् । उनीहरू कम्युनिस्ट पार्टीभन्दा पनि कोष्ठमा राखिएको पुच्छरबाट स्थापित हुन पुगेका छन् र कम्युनिस्ट शब्द विस्तारै हराउँदै जाने अवस्था देखिएको छ । हामी यसलाई हल गर्न चाहन्छौँ । दोस्रो : पार्टीको कार्यदिशाअनुसार रूप र सारको संयोजन गर्नु। हाम्रो पार्टी कार्यदिशा एकीकृत जनक्रान्ति हो । यसले सर्वहारावर्ग, मध्यमवर्गलगायतको शक्तिलाई क्रान्तिको वरिपरि केन्द्रित गर्ने अभीष्ट राख्दछ । हामीले आजको नेपाली समाजको आवश्यकतालाई मध्यनजर गरी यसलाई फराकिलो दायरामा विकास गर्न चाहन्छौँ । तेस्रो : आज माओवादी नाम राष्ट्र जनतासामु बद्नाम हुन पुगेको छ । ठूलो त्याग र तपस्या एवम् बलिदानबाट स्थापित गरिएको माओवादी शब्द आज चौतर्फी रूपमा बद्नाम हुन पुगेको छ । माओको नाम बेचेर आज एकथरी मानिस अकल्पनीय विचलनमा पुगेका छन् । यो स्थितिमा पार्टीलाई अझ सशक्त र बलियो बनाउँदै सच्चा राष्ट्रवादी देशभक्त तथा वामपन्थी शक्तिलाई एकताबद्ध गर्नु आवश्यक बन्न गएको छ । यिनै मूलभूत कारणले गर्दा हामीले पार्टी नाम परिवर्तन गर्न आवश्यक ठान्यौँ, जुन वस्तुवादी र सही छ।

### क्रान्तिकारी कार्यदिशाको थप समृद्धि :

प्रचण्ड-बाबुरामसँगको सङ्घर्ष र मुख्यतः किरणसँग एउटै पार्टीमा रहँदा नै छलफल र बहसका लागि तत्कालीन पार्टीका सचिव विप्लवद्वारा ' एकीकृत जनक्रान्तिको कार्यदिशा' को प्रस्ताव तयार गर्नुभएको थियो। पार्टीमा छलफल चल्दै गर्दा पार्टी विभाजन हुन पुग्यो । पार्टी विभाजनपश्चात् दाङमा पार्टीको प्रथम राष्ट्रिय सम्मेलनले उक्त कार्यदिशालाई सर्वसम्मत रूपमा पारित गर्न पुग्यो। जसले आजको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिको विशद् व्याख्यासहित क्रान्तिको कार्यनीति र रणनीतिको तर्जुमा गर्न पुगेको छ।। आजको उत्तर-साम्राज्यवादी भूमण्डलीकरण, सूचना-सञ्चारको विकास तथा समाजको आजको यथार्थलाई अध्ययन गर्दा अब विगतमा गरिएका क्रान्तिका मोडेलबाट मात्र क्रान्ति सम्भव छैन । अल्पकालीन सशस्त्र विद्रोह र दीर्घकालीन जनयुद्धको कार्यदिशा आजको परिवेशमा अपर्याप्त मात्र होइन, त्यसको यान्त्रिकीकरण मात्र हुन पुग्दछ।

सामाज विज्ञानले पुष्टि गरेको कुरा यो रहेको छ कि एउटा देशमा प्रयोग गरिएको कार्यदिशा अर्को देशमा हुबहु लागू हुन सक्दैन । इतिहासमा सम्पन्न क्रान्ति र प्रतिक्रान्तिका गहन शिक्षा एवम् नेपाली क्रान्तिका तत्कालीन नायकहरूमा देखा परेको अकल्पनीय विश्वासघातले पनि मौलिक कार्यदिशा निर्माणमा महत्वपूर्ण आधारको काम गरेको छ। एकीकृत जनक्रान्ति जसलाई हामीले आजको युगको एउटा वैज्ञानिक र वस्तुवादी कार्यदिशाका रूपमा परिभाषित गरेका छौँ, जसका विशेषताहरू निम्न रहेका छन् : (क) भू-परिवेष्ठित अवस्था (ख) गाउँ र सहरको निकट सम्बन्ध (ग) मध्यमवर्गको विकास (घ) जाति, जनजाति र दलित जातिको बसोबास (ङ) दलाल पुँजीवादको प्रभुत्व (च) देशभक्त शक्तिको प्रभाव (छ) विज्ञान-प्रविधिको विकास । यी विशेषताको तथ्यमा टेकेर निर्माण गरिने कार्यदिशाले मात्र अबको क्रान्ति सम्पन्न गर्न सकिन्छ । आजको उत्तर-साम्राज्यवादले विकास गरेका क्रान्तिविरोधी रणनीति तथा कार्यनीतिको सही ढङ्गले अध्ययन र संश्लेषण एवम् हाम्रो आफ्नै सामाजिक परिवेशका आधारहरूमा टेकेर गरिएका नयाँ अन्वेषण जसले समाजवादी क्रान्तिको सफलता, त्यसलाई प्रतिक्रान्तिबाट रक्षा गर्दै निरन्तर मावनजातिलाई साम्यवादी बाटोमा पुऱ्याउन मद्दत गर्नेछ। यसर्थ, नेपाली कम्युनिस्ट आन्दोलनमा नयाँ खोज र अन्वेषणका दृष्टिले आठौँ महाधिवेशन दूरगामी महत्वको हुने कुरा निश्चित छ।

*(लेखकको प्रकाशित पुस्तक : 'नेपाली कम्युनिस्ट आन्दोदन र एकीकृत जनक्रान्ति' बाट साभार)*

## नेपाली राष्ट्रियताको ...

प्रचारप्रसार गर्न, यस विषयलाई अन्तर्राष्ट्रियकरण गर्न प्रवासी नेपालीहरू आफ्ना मतभेदहरूलाई थाती राख्दै यो अभियानमा लाग्न आवश्यक छ। नेपाली कूटनीतिक नियोगहरूले आफ्नो भूमिका निर्वाह गर्ने, अन्तर्राष्ट्रिय रूपमा छलफल चलाउने र सीमाजस्तो संवेदनशील विषयमा प्रवासी नेपालीहरूले सुरु गरेको अभियानमा एकाकार हुँदै सहयोग गर्नुपर्छ। कूटनीतिक नियोगले यस विषयमा छलफल गर्न ज्ञापनपत्र दिन खोज्ने नेपालीहरूलाई सचेत रूपमा वा लहडमा होस् निषेध गर्नु एक ऐतिहासिक भूल साबित हुनेछ।

नेपाली जनप्रगतिशील मोर्चाले हिजोको दिनमा पनि नेपाली दूतावास ब्रसेल्सको प्रतिबन्ध खेपिसकेको छ । जसका लागि प्रतिबन्ध खेपियो, ती आज सत्तामा छन् । आज फेरि तिनैले हामीलाई प्रतिबन्ध लगाइरहेका छन्। तर हिजोको दिनमा जेका लागि प्रतिबन्ध खेपिएको थियो त्यो पूरा भएको छैन। त्यसैले यस्ता प्रतिबन्धबाट मोर्चा विचलित हुँदैन भन्ने कुरा ब्रसेल्सस्थित नेपाली दूतावासले जानिराख्दा राम्रो हुनेछ । प्रगतिशील तथा परिवर्तनका पक्षमा रहेको शक्तिलाई कम आँक्नु तानाशाहहरूको गम्भीर भूल हुने कुरा इतिहासले पुष्टि गरिसकेको हुनाले यस्ता अलोकतान्त्रिक तथा फासिवादी कदमहरूलाई सच्याउँदा नै नेपाली जनताको हितमा हुनेछ। हिजो ज्ञानेन्द्र शाहको तानाशाहीका विरुद्ध र नेपाली जनताका पक्षमा ब्रसेल्सस्थित युरोपियन युनियनको कार्यालयअगाडि सयौँको उपस्थितिमा प्रदर्शन गरेको, ब्रसेल्सस्थित नेपाली दूतावासअगाडि पटकपटक प्रदर्शन गरेको, नेपालमा मानवअधिकार हनन तथा फासिवादी सरकारका विरुद्ध युरोपभरका विभिन्न मानवअधिकारवादी सङ्गठनहरू, राजनीतिक शक्तिहरूसँग सहकार्य गरी सङ्घर्ष गरेको इतिहास बोकेको मोर्चालाई फेरि आन्दोलन गर्न बाध्य नपारियोस्।

## प्रहरी घेराबन्दीमा ...

रक्षा गर्न सकिरहेको छैन । उसले गर्ने र सक्ने भनेको राष्ट्रघात र जनघात हो। राष्ट्रियताका पक्षमा आन्दोलनमा निस्किएका जनतालाई देशद्रोहीको अभियोग लगाउँदै हिरासत र जेलमा कोच्नबाहेक यो सरकारले गर्न जानेको भनेको विदेशीको चम्चागिरी र दलाली मात्रै हो । सरकारको यसकिसिमको नालायकीपनका विरुद्ध स्रष्टाहरुले सिर्जनामार्फत राम्ररी झापड प्रहार गरेका छन् र राष्ट्रियताको रक्षाका लगि आफूहरु बलिदान हुनसमेत तयार रहेको सन्देश सडकबाटै दिएका छन् । सिङ्गो सत्ता राष्ट्रियताका विरुद्ध लागेको समयमा स्रष्टाहरुले सडकबाट आवाज उठाउनु अत्यन्तै सराहनीय पक्ष हो।

यो साताको समय समीक्षाको अन्त्यमा कवि शारदा भण्डारीको 'कालापानी हाम्रै हो, लिपुलेक र लिम्पियाधुरा हाम्रै हो !' शीर्षक कविताको पूर्ण अंश प्रस्तुत गर्दै कलम रोक्छु :

जब छिमेकीले मेरो साँध
एक बित्ता मिच्छ
तब म चार वित्ता उफ्रन्छु
समाज बोलाउँछु
न्यायालय जान्छु
प्रत्येक ढोका ढकढक्याउँछु
आफ्नो न्यायका लागि लड्छु
लडिरहन्छु
अन्तिमसम्म लडी नै रहन्छु

एक दिन मैले रेडियोमा सुनेँ-
भारतले नक्सामा हाम्रो भूमि समेट्यो रे !
फेरि अर्को दिन सुनेँ-
देशको माटो हातमा लिएर
सडकमा निस्किएको जुलुसबाट
दर्जनौँ प्रदर्शनकारी पक्राउ परे रे !
अर्को दिन सरकारका प्रवक्ताको भाषण सुनेँ-
झिनामसिना मुद्दामा सरकार अल्झिन्न रे !
फेरि अर्का शीर्ष नेताले बोले-
यो मुद्दा अन्तर्राष्ट्रिय अदालत नलैजाऊँ रे !
मैले एकपटक सम्झिएँ- वीर पुर्खाहरूलाई
र सम्झिएँ सिमानामा मातृभूमिको माटो
अनि म प्रश्न गर्न बाध्य भएँ-
के हामीसँग स्वाभिमान छैन ?
छ भने खै त हाम्रो भूमि ?
खै त आफ्नो राष्ट्रियताका लागि लडेको ?
खै त न्यायालय ढकढक्याएको ?
खै त अन्तिमसम्म लडेको ?

अझ म सुनिरहेछु-
-भारतविरोधी दस्ताबेजसहित केही पक्राउ
गो ब्याक इन्डिया
विद्यार्थीले सडकमा नारा लगाइरहेछ
प्रहरीले लाठीचार्ज गरिरहेछ

मैले एकछिन गम खाएँ
त्यत्तिकैमा सुनियो-
आज गाउँमा चुनाव जितेको भोजभतेर छ रे
फेरि नेताहरू बोलेको सम्झेँ-
अब ढुक्क छु यो देश
केवल जनताको हो
यहाँका शासक त उनकै कठपुतली रहेछन्

त्यसैले जुटौं सबै देशभक्तहरू
सबै हातेमालो गरौँ
अनि बोलौ
र अन्तिमसम्म भनिरहौँ-
कालापानी हाम्रो हो !
लिपुलेक हाम्रो हो !
लिम्पियाधुरा हाम्रो हो ‼

हुलाक द. नं. ११/०७२/७३ काठमाडौँ जि.का. द. नं. १०७/०७१/७२ वर्ष ५, अङ्क २५, पूर्णाङ्क २२०
रातो खबर

# शैक्षिक विकृति र राष्ट्रघातविरुद्ध सङ्घर्ष छेड्ने उद्घोष

■ रातो खबर संवाददाता/काठमाडौं

नेपाल कम्युनिस्ट पार्टी निकट विद्यार्थी सङ्गठन अखिल (क्रान्तिकारी) ललितपुरको २४ औं जिल्ला सम्मेलन सम्पन्न भएको छ।

सरकारको 'प्रतिबन्ध' लाई चिर्दै मङ्सिर २४ गते उद्घाटनपछि बन्दसत्रसहित जिल्लाभित्र बुधबार सम्पन्न सम्मेलनले अखिल (क्रान्तिकारी) को २१ सदस्यीय नयाँ जिल्ला समिति निर्वाचित गरेको छ। अग्रीमको नेतृत्वमा नयाँ समिति निर्वाचित भएको हो।

उपाध्यक्षमा निर्माण, सचिवमा अनुपम, सहसचिवमा निश्चल र कोषाध्यक्षमा मिसन निर्वा्चित भएका छन्। नयाँ समिति निर्माणसँगै निवर्तमान अध्यक्ष विनोद लुइँटेललाई बिदाइ गरिएको छ।

सम्मेलनको प्रमुख अतिथि अखिल (क्रान्तिकारी) का केन्द्रीय महासचिव प्रकाश शाही थिए। अतिथिहरूमा अखिल नेपाल जनस्वास्थ्यकर्मी महासङ्घका महासचिव प्रकाश चन्द, जनवर्गीय सङ्गठनका जिल्ला प्र्याक्सन इन्चार्ज प्रतिबद्ध र अखिल क्रान्तिकारीका उपत्यका संयोजक हर्क विक थिए।

वर्तमान दलाल पुँजीवादी सत्ता र आत्मसमर्पणवादी सरकारले शिक्षाजस्तो नागरिकको मौलिक हकलाई माफियाको चङ्गुलमा परी तीव्र रूपमा निजीकरण र व्यापारीकरण गराइरहेको भन्दै त्यसलाई शैक्षिक आन्दोलनले चिरेर वैज्ञानिक शिक्षाप्रणालीलाई सर्वसुलभ र सहज बनाउने उद्घोष सम्मेलनले गरेको सङ्गठनले जनाएको छ।

प्रमुख अतिथि महासचिव शाहीले नेपालमा विद्यमान व्यापारिक र नाफाखोरमूलक शिक्षालाई विस्थापित गराई देश र माटो सुहाउँदो व्यावहारिक र वैज्ञानिक शिक्षा लागू गर्न नयाँ समितिले महत्वपूर्ण योगदान दिने विश्वास लिएको बताए।

अतिथि चन्दले मुलुकको शिक्षा र स्वास्थ्य क्षेत्रलाई वर्तमान सामाजिक दलाल पुँजीवादी सत्ताले नागरिकको पहुँचबाट खोसी दलाल र माफियाको पोल्टामा सुम्पेर नाफाखोर बनेकाले लाखौं विद्यार्थी र अभिभावक चर्को मूल्य तिर्न बाध्य भएको बताए। उनले त्यसलाई भत्काएर निःशुल्क रूपमा वैज्ञानिक शिक्षा र निःशुल्क स्वास्थ्योपचारको व्यवस्था लागू गर्न जस्तोसुकै सङ्घर्ष गर्न नयाँ टिम तयार हुनुपर्ने धारणा राखे।

प्रमुख अतिथि शाही, अतिथि चन्दलगायत वक्ताले एकीकृत जनक्रान्तिमा विद्यार्थी वर्गको महत्वपूर्ण भूमिका रहने बताउँदै निर्वाचित नयाँ समितिलाई बधाई र सफल कार्यकालका लागि शुभकामना पनि दिएका थिए।

# हिमालमा हिमपात, काठमाडौँलगायत देशभर जाडो बढ्यो

■ रातो खबर संवाददाता/काठमाडौं

काठमाडौँमा चिसो बढेसँगै उच्च हिमाली भागमा भीषण हिमपात भएको छ। जल तथा मौसम विज्ञान विभागले जनाए बुधबार बिहान तीनदिने मौसमी विश्लेषण सार्वजनिक गर्दै देशको हिमाली भागमा भीषण हिमपात हुने जनाएको छ। मौसमविद्हरूले पश्चिमी उच्च पहाडी हिमाली भूभागसँगै मध्य तथा पूर्वी उच्च पहाडी तथा हिमाली भागमा ३ दिन भीषण हिमपात हुने सम्भावना रहेको बताएका छन्। मौसमविद्हरूले हिमपातबाट हिमाली क्षेत्रको जनजीवन प्रभावित हुने भएकाले सतर्क रहन भनेका छन्।


विभागले भनेको छ, 'पश्चिमी उच्च पहाडी तथा हिमाली भूभागहरूका केही स्थानहरूमा भारी र मध्य तथा पूर्वी उच्च पहाडी तथा हिमाली भूभागका एक-दुई स्थानमा हल्कादेखि मध्यम हिमपात हुने हुँदा पश्चिमी उच्च पहाडी तथा हिमाली भूभागका स्थानहरूमा सतर्कता अपनाउनु हुन अनुरोध गरिन्छ।' काठमाडौँलगायत देशैभर वर्षा भएपछि जाडो ह्वात्तै बढेको छ।


## बुढानिलकण्ठ नगरपालिका पशु सेवा शाखाको अनुरोध

यस नगरपशु सेवा शाखाबाट दैनिक गोबर परीक्षण रगत परीक्षण, छाला परीक्षण थुनेलो परीक्षण, खोरेत रोग, चरचरे भ्यागुते, रेबिज भ्याक्सिनेशन तथा दैनिक आईपर्ने उपचार सेवाहरु र कृत्रिम गर्भाधान, बन्ध्याकरण सेवाका साथै हिउँदे वर्षे घाँसको बिउ समय अनुकुल उपलब्ध भैरहेकोले आफूले पालेका पशु वस्तु ल्याई समयको फाइदा लिनुहुन सम्पूर्ण कृषक दाजुभाई दिदी बहिनीहरुलाई जानकारीको लागि अनुरोध साथै यस नगरपालिका भित्र व्यवसायी तथा निर्वाहमुखी गाईपालन गर्दै आउनुभएका कृषक दाजुभाई दिदी बहिनीहरुलाई आफूले पालेका गाईका बाच्छाहरुलाई अनिवार्य रुपमा ट्यागिङ गर्ने व्यवस्था यस शाखाबाट शुरु गरिएको हुँदा आफ्ना गोठमा जन्मिएका बाच्छाहरुलाई अनिवार्य रुपमा ट्यागिङ गर्ने व्यवस्था यस शाखाबाट सुरु गरिएको हुँदा आफ्नो गोठमा जन्मिएका बाच्छाहरुलाई ट्याग लगाउन हुनका साथै छाडा नछाड्नको लागि अनुरोध गरिन्छ। अन्यथा अटेर गरी छाडा छाडिएको पाइएमा नगरको नियमानुसार कार्वाही गरिने व्यहोरा समेत जानकारी गराउँदछौं।

**बुढानिलकण्ठ नगरपालिका**
**पशु सेवा शाखा, चपलि, बुढानिलकण्ठ,**
**फोन : ०१ ४३७५३५४**


# भारतीय हस्तक्षेपविरुद्ध जर्मनीबासी नेपालीद्वारा सरकारलाई ज्ञापन



काठमाडौँ : भारतीय हस्तक्षेपको तत्काल कडा प्रतिरोध गर्न माग गर्दै बर्लिनमा रहेको नेपाली दूतावासमार्फत नेपाल सरकारलाई एनआरएनए जर्मनी, नेपाली जनप्रगतिशील मोर्चा जर्मनी र प्रवासी नेपाली एकता मञ्च जर्मनीले संयुक्त रूपमा दबाब एवम् सुझावका रूपमा ज्ञापनपत्र बुझाएका छन्। सङ्गठनका प्रतिनिधिहरूको एक टोलीले बर्लिनस्थित नेपाली दूतावासमा राजदूत रमेशप्रसाद खनालमार्फत ज्ञापनपत्र बुझाएको हो।

ज्ञापनपत्रमा भारत सरकारद्वारा हालै जारी गरिएको भारतीय राजनीतिक नक्साले नेपाली सार्वभौमिकतामाथि विस्तारवादी नाङ्गो प्रहार गरेको तर भारतको यस विस्तारवादी चरित्रका विरुद्ध देशभित्र र बाहिरका सम्पूर्ण देशभक्त नेपाली जनता एकढिक्का भएर जनस्तरमा स्वतस्फूर्त प्रतिरोध हुँदा पनि नेपाल सरकारले भारतीय अतिक्रमणविरुद्ध आवश्यक पहल गरेको प्रमाण नदेखिनु नेपाली जनताका निम्ति अनपेक्षित रहेको उल्लेख छ।

नेपाल सरकार एउटा वक्तव्यमा मात्रै सीमित हुन नहुने जनाउँदै ज्ञापनपत्रमा नेपालको कूटनीतिक प्रयासलाई पनि भारतले बेवास्ता गरिरहेको अवस्थामा यस मुद्दालाई आवश्यकताअनुसार अन्तर्राष्ट्रियकरण गर्न ढिलो गर्न नहुने सुझाव पनि समेटिएको छ।

नेपालमाथिको भारतीय अतिक्रमणका सम्बन्धमा नेपाली उच्च राजनीतिक तहबाट दोधारे अभिव्यक्ति आउनु मुलुकका निम्ति दुर्भाग्यपूर्ण हुनुका साथै कतै राज्यका महत्वपूर्ण अङ्गहरू भारतीय प्रभावमा परेका त छैनन् भन्ने आशङ्का पनि ज्ञापनपत्रमा व्यक्त गरिएको छ। यसबाहेक भारतीय अतिक्रमणको प्रतिरोधमा निस्किएका आम सर्वसाधारण जनतालाई गिरफ्तार, दमन र प्रतिबन्धित गरिनु खेदजनक रहेको बताउँदै वर्तमान सरकारलाई भारतीय हस्तक्षेपसामु लाचार नबन्न आग्रह गरिएको छ।

नेपाल सरकारलाई भारत सरकारद्वारा हालै जारी गरिएको भारतीय राजनीतिक नक्सा पूर्ण रूपले खारेज गर्दै लिम्पियाधुरा, लिपुलेक र कालापानीसहितको वास्तविक नेपाली नक्सा आधिकारिक रूपले प्रकाशित गर्दै अतिक्रमित नेपाली भूभागबाट तुरुन्त भारतीय सुरक्षाकर्मी हटाउन माग गरिएको छ। साथै नेपाली भूभाग भारतीय नियन्त्रणबाट फिर्ता लिन आवश्यक सबै प्रकारका पहल तत्काल सुरु गर्दै नेपाल र भारतबीच रहेका सम्पूर्ण असमान सन्धिहरूको खारेजीको पनि माग गरिएको छ।








## नेपाल आयल निगम लिमिटेडको खाना पकाउने ग्यास (एलपी ग्यास) प्रयोगकर्ताहरुलाई सुरक्षा सम्बन्धी अति आवश्यक जानकारी

एल.पी. ग्यास अत्यन्तै प्रज्वलनशील पेट्रोलियम पदार्थ भएकोले यसको पर्याप्त सतर्कता र सावधानी अपनाउनु जरुरी हुन्छ। यसैले खाना पकाउने ग्यासको चुहावटले दुर्घटनाबाट बच्न देहायका कुरामा विशेष ध्यान पुऱ्याउन सम्पूर्ण उपभोक्ता वर्गमा नेपाल आयल निगम अनुरोध गर्दछ।

**दुर्घटनाबाट बच्न ध्यान दिनुपर्ने कुराहरु**

१. सिलिण्डर ल्याउँदा लैजाँदा नगुडाऔं। भान्सामा सिलिण्डर सँधै ठाडो राखी प्रयोग गरौं। सुताएर, घोप्ट्याएर प्रयोग नगरौं।
२. रेगुलेटर, रबर पाइप, चुलोजस्ता उपकरणहरू गुणस्तर भएको मात्र प्रयोग गरौं। साथै हरेक दुई वर्षमा ग्यासको पाइप फेरौं। खाना पकाउँदा सँधै झ्यालढोका खुला राखौं र सुतीको कपडा लाएर मात्र खाना पकाउने गरौं।
३. काम सकेपछि सँधै रेगुलेटर बन्द गर्न नबिर्सौं।

**ग्यास चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू**

१. खाना पकाउने स्थानमा एल.पी.ग्यासको तिखो गन्त्र आइरहेको छ भने ग्यास चुहिएको छ भन्ने बुझ्नुपर्दछ। ग्यास लिग भएमा पहिले रेगुलेटरको र पछि चुलोको नव बन्द गरौं।
२. ग्यास हावाभन्दा गह्रौं हुने भएकोले तल भुईंमा बस्छ त्यस्तो अवस्थामा झ्यालढोका सबै खुला गरौं र आगोको झिल्का निस्कने वस्तुहरू जस्तै ग्यास चुलो, सलाई, लाइटर, धुप आदि नबालौं। साथै बिजुलीबत्तीलगायत कुनैपनि वस्तु नचलाऔं।
३. ग्यास लिग भइरहेमा सिलिण्डरबाट रेगुलेटर छुटाई भल्वमा सेफ्टी क्याप लगाएर घरबाहिर खुला ठाउँमा राखौं। र छिटो भन्दा छिटो नजिकको ग्यास विक्रेता वा सम्बन्धित ग्यास उद्योगलाई खबर गरौं।

**सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो।**
**उपभोक्ताको हितमा**
**नेपाल आयल निगम लिमिटेड**

नेपाल आयल निगम लिमिटेड,
केन्द्रीय कार्यालय, बबरमहल
फोन : ४२६२९७०, ४२६३४८५


निर्देशक : अनिल शर्मा, प्रबन्धनिर्देशक : भीमप्रसाद चापागाईं, सम्पादक : अशोकप्रसाद सुवेदी, कार्यकारी सम्पादक : प्रकाश डुम्रे, प्रकाशक : रातोखबर प्रकाशन गृह प्रा.लि., कार्यालय : बागबजार, काठमाडौँ, email: ratokhabar@gmail.com, website : www.eratokhabar.com, मुद्रण : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौँ